# वर्गदृष्टि

Bargadristi Weekly — साप्ताहिक

वर्ष २ अङ्क १३ पूर्णाङ्क ६२ | २०७४ भदौ २६ गते सोमबार | Monday, September 11, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## देजमोको निर्वाचन चिन्ह 'मुठ्ठी'



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले आगामी मंसिरमा हुने भनिएको प्रदेश र संसदीय निर्वाचनका लागि 'मुठ्ठी' चुनाव चिन्ह पाएको छ । निर्वाचन आयोगले संघ र प्रदेश निर्वाचनका लागि ९५ दललाई निर्वाचन चिन्ह प्रदान गरेको हो ।

आयोगको बिहीबार बसेको बैठकले एकल चुनाव चिन्हमा लड्न चाहने दलहरुलाई चुनाव चिन्ह प्रदान गर्ने निर्णय गरेको हो । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले निर्वाचन आयोगमा दल दर्ताका लागि निवेदन दिँदा हसियाँ हथौडा मुनी तारा, हात्ती र मुठ्ठी चुनाव चिन्ह प्रस्ताव गरेको थियो ।

देजमोले तीन वटा चुनाव चिन्ह प्रस्ताव गरेकोमा आयोगले मुठ्ठी चिन्ह प्रदान गरेको केन्द्रीय सचिवालय सदस्य तथा कार्यालय सचिव हरिकृष्ण गजुरेलले जानकारी दिए ।

यसअघि स्थानीय तह निर्वाचनका लागि भने आयोगले संसद बाहिर रहेका दललाई निर्वाचन चिन्ह नदिएका कारण देजमोका उम्मेदवारहरुले अलग अलग चुनाव चिन्ह मार्फत चुनाव लडेका थिए । आयोगले ११ भदौंसम्म दर्ता भएका राजनीतिक दलहरुलाई निर्वाचन चिन्ह प्रदान गरेको हो ।

# 'सिण्डिकेटका विरुद्ध हाम्रो उम्मेदवारी'

**वर्गदृष्टि सम्वादाता**

बर्दिबास, महोत्तरी । बाढी, कटान र डुवानको समस्याबाट आक्रान्त बनेको तराई/मधेशमा अहिले एकाएक चुनावको सरगर्मी बढेको छ । तेस्रो चरणमा सम्पन्न हुन लागेको २ नं. प्रदेशको १३६ स्थानीय तहका लागि असोज २ गते हुने निर्वाचनलाई लक्षित गरी सबै राजनीतिक पार्टीहरु यही प्रदेशका ८ वटा जिल्लामा केन्द्रित भएका छन् । साम, दाम, दण्ड, भेदको प्रयोग गरी मतदाताहरुलाई आफ्नो पक्षमा पार्न उनीहरु भएभरको शक्ति प्रयोग गरिरहेका छन् । कांग्रेस, एमाले, माके, राजपालगायतका शक्तिहरुले जनताबीचमा जान र प्रचार प्रसार गर्न एक हिसाबले साना पार्टीहरुलाई प्रतिबन्ध लगाएको र सिण्डिकेट लादिएको आरोप लगाएका छन् । निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचरसंहिताको घोर उलंघन गर्दै उनीहरुले खसी, राँगा, सुंगुर, बाख्रा, कुखुरा, माछा काटेर भोज भत्तेर खुवाउने, धोती कुर्ता बाँड्ने, रक्सी खुवाउने, पैसा बाँढ्नेलगायतका कार्यहरु भइरहेको नेकपा (क्रान्तिकारी माओवादी)को राजनीतिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरुले जानकारी दिएका छन् ।




मेयरका उम्मेदवारहरु बाँयाबाट क्रमशः प्रेम भुजेल, बलराम न्यौपाने र छोटेलाल पटेल


वर्तमान संविधान, सत्ता र व्यवस्थाको जनविरोधी चरित्रको भण्डाफोर गर्ने र पार्टी तथा मोर्चाको संगठन विस्तारका लागि जनआधार तयार पार्ने उद्देश्य राखेर स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएको देजमोले यसभन्दा अगाडि भएका पहिलो र दोस्रो चरणको निर्वाचनमा भाग लिएको थियो । दलीय निर्वाचन चिन्ह नदिनु, स्वतन्त्रको हैसियतमा प्राप्त निर्वाचन चिन्हको प्रचार प्रसार मतदातासम्म पुऱ्याउन नसक्नु, खर्चको चरम अभाव हुनु, चौतर्फी रुपमा संसदवादीहरुको घेराबन्दी हुनु लगायतका प्रतिकूलताहरुलाई चिर्दै देजमोका उम्मेदवारहरुले उम्मेदवारी दिँदै आएका छन् ।

...बाँकी ७ पेजमा

सुरुङ्गा नगरपालिका, सप्तरी
मेयरः अच्छमितलाल चौधरी - क्यामेरा




नगराइन नगरपालिका, धनुषा
मेयरः नन्दकुमार झा - शंख




औरही नगरपालिका, महोत्तरी
मेयरः रमेश यादव - केटाकेटी




बर्दिवास नगरपालिका, महोत्तरी
मेयरः प्रेम ब. भुजेल - क्यामेरा



उपमेयरः नन्दलाल बि.क. - सेलरोटी




रामगोपालपुर नगरपालिका, महोत्तरी
मेयरः उपेन्द्र यादव - पङ्खा




उपमेयरः रामसोगारथ यादव - कोदालो बाकेको किसान




सुखिपुर नगरपालिका, सिरहा
मेयरः चन्द्रकला पण्डित - क्यामेरा




धनगढीमाई नगरपालिका, सिरहा
मेयरः शुमलाल राम - स्टकोट




गोलबजार नगरपालिका, सिरहा
उपमेयरः शम्भू साह - भित्ते घडी




सिम्रौनगढ नगरपालिका, बारा
मेयरः परमानन्द साह -क्यामेरा




हरिवन नगरपालिका, सर्लाही
मेयरः बलराम न्यौपाने - क्यामेरा




उपमेयरः दुबवाङ लामा - सेलरोटी



लालबन्दी नगरपालिका, सर्लाही
मेयरः अजय श्रेष्ठ - बेलना र चकला



बीरगंज महानगरपालिका, पर्सा
मेयरः छोटेलाल पटेल -केटाकेटी



## राष्ट्रघातका विरुद्ध नौ बामको सडक अन्तर्क्रिया

काठमाडौं । भारतीय विस्तारवादका दलालहरु सत्तामा रहेकाले उनीहरुलाई सत्ताबाट नखसालेसम्म राष्ट्रघातको शृङखला नरोकिने राजधानीमा आयोजिक एक कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाले हालै गरेको भारत भ्रमणका क्रममा भारतलाई खुसी पार्नका लागि कोशी उच्च बाँध निर्वाचन, महाकाली सम्झौता कार्यान्वयन गर्ने सहमति गरेर असमान सन्धी सम्झौतालाई खारेज गर्नुको साटो राष्ट्रघात गरेको उनीहरुको भनाई छ ।

नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कम्युनिष्ट पार्टी, नेकपा (माले), नेकपा (मसाल) राष्ट्रिय जनमोर्चालगायतका ९ वटा वामपन्थी पार्टीले सोमबार राजधानीमा सडक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका हुन् ।

कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी) वरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा असमान सन्धी सम्झौतालाई वैधानिकता दिने काम भएको भन्दै त्यसको खारेज नभएसम्म संघर्ष गर्नुपर्नेमा जोड दिए ।

यसैगरी क्रान्तिकारी माओवादीका कार्यालय सदस्य रामसिंह श्रीसले अहिलेको राष्ट्रियताको मूल समस्या भनेको यहाँको राजनीतिक सत्तामा रहेको समस्या भएको भन्दै यसमा आमूल परिवर्तन नल्याएसम्म यो समस्या कायमै रहने बताए ।

नेपाल कम्युनिष्ट पार्टीका स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोलाले नेपाललाई उपनिवेश कायम गर्ने मनसायबाट देउवाको भारत भ्रमणका क्रममा ४६ बुँदे संयुक्त वक्तव्य आएको टिप्पणी गरे ।

भारतलाई असल छिमेकीका नाताले सबै सही कुरा बताएको भन्ने प्रधानमन्त्रीको भनाईलाई लक्षित गर्दै उनले भारतलाई साँचो भनेका प्रधानमन्त्रीले नेपाली जनतालाई ढाँटेको बताए ।

...बाँकी ६ पेजमा

## 'देश तीन दलीय निरंकुशतातर्फ'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले समानुपातिकमा तीन प्रतिशत थ्रेस होल्ड र प्रत्यक्षतर्फ एक सिट जित्नैपर्ने प्रावधानप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

मोर्चाका अध्यक्ष सीपी गजुरेलले एक विज्ञप्ति जारी गर्दै तीन दलको सहमतिमा साना दलहरुलाई समाप्त पार्ने उद्देश्यले प्रस्तुत भई पारित भएको सो विधेयकप्रति ध्यानकर्षण भएको भन्दै तीन दलीय सिन्डिकेटबाट भएको यो निर्णयले अन्य राजनीतिक दलहरुमाथि अघोषित रुपमा प्रतिबन्धित भएर देश तीन दलीय निरंकुशतातर्फ गएको जनाएका छन् ।

तीन दलीय सिण्डिकेट र तानाशाहीले देशलाई निरंकुशतातिर अघि बढाइरहेको र देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता समाप्त पार्ने काम गरिरहेको चर्चा व्यापक भइरहेका बेला तीन दल मिलेर प्रतिनिधिसभामा तीन प्रतिशतको थ्रेस होल्ड, प्रत्यक्षमा चुनाव जितेकै हुनु पर्ने आदि विषयहरु अनिवार्य बनाई यो विधेयक ल्याइनु र पारित गरिनुले सो भनाईको सत्यता प्रमाणित भएको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'संसदको विद्यमान् अंकगणित अनुसार संसदबाट यो विधेयक पारित भएको छ । जसकारण अन्य राजनीतिक दलहरु एक प्रकारले प्रतिवन्धित हुनपुगेका छन् र देश 'लोकतान्त्रिक गणतन्त्र' को नाममा दुई वा तीन दलीय निरंकुशतातिर गएको छ ।' अध्यक्ष गजुरेलले विज्ञप्तिमार्फत राष्ट्रिय स्वाधिनताको रक्षा र निरंकुशताको अन्त्यका निमित्त संघर्षमा उत्रनका लागि तयार रहन सम्पूर्ण देशभक्त तथा सच्चा गणतन्त्रवादी शक्ति र जनसमुदायसँग आह्वान समेत गरेका छन् ।

## क्रान्तिकारी माओवादीले मनायो बासु र कुमार-विशाल स्मृति दिवस

क्रान्तिकारी माओवादीले आज वासु-वैरागी स्मृति दिवस मनाउँदै

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले सहिदहरु सुरेश वाग्ले (बासु) र भीमसेन पोखेल (बैरागी) को १८ औं स्मृति दिवस देशभर मनाएको छ ।



२०५६ साल भदौ २३ गते तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का वैकल्पिक पोलिटब्युरो सदस्य सुरेश वाग्ले 'वासु' र भीमसेन पोखेल 'बैरागी' लाई गोरखाको गाँखुमा पुलिसले गिरफ्तार गरी हत्या गरेको थियो ।

सहिद वासुको स्मृति दिवसका अवसरमा पोखरामा क्रान्तिकारी माओवादीले अध्यक्ष मोहन वैद्य 'किरण' लगायत नेताको उपस्थितिमा स्मृति कार्यक्रमको आयोजना गऱ्यो ।

जनयुद्धका क्रममा माओवादी पार्टीका तर्फबाट सहादात प्राप्त गर्ने सुरेश वाग्ले सबैभन्दा उच्च ओहोदाका नेता हुन् । २०४७ सालदेखि शिक्षण पेशा छोडेर राजनीतिमा होमिएका सुरेश वाग्ले २०५२ मा माओवादी पार्टीको योजनामा सँगै भूमिगत भएका थिए ।

गोरखाको आँपपिपल गाविस-५ स्थित रातडाँडाँ भन्ने ठाउँमा वि.सं. २०१० भाद्र २४ गते जन्मिएका वाग्ले सानैदेखि विद्रोही स्वभावका थिए । करिब १७ वर्ष शिक्षण सेवामा विताएका वाग्ले २०२७ सालदेखि नै कम्युनिष्ट पार्टीमा आवद्ध हुँदै आएका थिए ।

यसै बीच क्रान्तिकारी माओवादीले भाद्र २० गते शहिदहरु शेरमान कुँवर र मोहनचन्द्र गौतमको स्मृति दिवस पनि मनाएको छ ।

पार्टीको ३ नं प्रदेशको आयोजनमा सम्पन्न स्मृति दिवसमा पार्टी अध्यक्ष मोहन वैद्य किरण लगायत शीर्ष नेताहरुको उपस्थिति रहेको थियो ।

# सत्ता-राजनीतिको संलग्नतामा मौलाएको भ्रष्टाचार

ट्रान्सपरेन्सी इन्टरनेशनल लगायतमा विश्वव्यापी रुपमा विभिन्न देशहरुमा हुने भ्रष्टचारको तुलनात्मक अध्ययन गर्ने संस्थाहरुले प्रकाशित गर्ने तथ्याङ्कहरुका आधारमा नेपाललाई अति नै भष्ट्रचार हुने देशहरु मध्येमा परिएको छ भने दक्षिण एशियाली मुलुकहरु मध्येमा यसबाट नेपाली राज्य व्यवस्था विश्वकै भ्रष्टहरु मध्येमा गनिन पुगेको छ । यसरी समग्र राज्य र समाज नै भ्रष्टचारको बिगबिगी बाट थिलोथिलो हुन पुगेको छ ।

यहाँ भ्रष्टचार र भ्रष्टाचारजन्य क्रियाकलापहरु यसरी व्यापक रुपमा मनाउनुमा यहाँको संस्कृति, संस्कार, प्रचलन र परम्पराहरुको पनि महत्वपूर्ण योगदान रहेको छ । यहाँको समग्र समाज र सामाजिक चेतना एवं मनोविज्ञान सदाचार र सामान्य जीवनशैली अपनाउने एवं जिउनेलाई हेय र अपमानको दृष्टिले हेर्ने अनि जस्तोसुकै भ्रष्टचारजन्य गतिविधिमा संलग्न भएर भड्किलो एवं 'उच्च स्तर' को जीवन स्तर निर्माण गर्नेलाई अदब र सम्मानका दृष्टिले हेर्ने खालको रहेको छ । त्यस प्रकारको सामाजिक पृष्ठभूमिमा कुनै पनि प्रकारको भ्रष्टचारजन्य काम कारबाही र गतिविधिमा संलग्न हुनका लागि जुनसुकै स्थानमा रहेका भ्रष्टचारीहरुले नहिच्किचाइकनै त्यस्ता क्रियाकलाप गर्ने गर्दछन र निर्धकतापूर्वक आरामसँग ऐसआरामका साथ हैकम कायम गर्ने गरेका छन् ।

यसरी समग्र राज्य व्यवस्था र सामाजिक जीवन भ्रष्टचारबाट व्यापकरुपमा आक्रान्त बन्न पुग्नुमा सत्तामा बस्ने र सरकार चलाउने तत्वहरुमा जसमा देशको कर्मचारीतन्त्र समेत सामेल भएको हुन्छ, तिनीहरुले निर्माण गर्ने नीति र लिने निर्णयहरुबाटै शुरु हुन्छ । उनीहरुले नीति निर्माण गर्दा र निर्णय लिदाँ भ्रष्टचारका लागि प्रयाप्त छिद्रहरु राखेका हुन्छन् । त्यसरी नीतिगत र निर्णयगत रुपमै भ्रष्टचार भएको र मौलाएको छ । त्यसप्रकारका नीतिगत र निर्णयगत भ्रष्टचारका परिणामहरु सतहमै बग्रेल्ती देख्न सकिन्छ र देखिएका छन ।

मुख्य अंग/निकाय र संयन्त्रहरुको व्यवस्था भएको छ । तिमीहरुमध्ये कार्यपालिका/सरकार, व्यवस्थापिका/संसद र न्यायपालिका/अदालत राज्यका मुख्य अंग हुन भने विभिन्न आयोगहरु, कर्मचारीतन्त्र र सुरक्षा निकाय (सेना/प्रहरी) राज्यका मुख्य संयन्त्रहरु हुन । राज्यका अंग र संयन्त्रहरुमा र सार्वजनिक रुपले जिम्मेवार एवं जवाफदेही हुनुपर्ने स्थान एवं पदमा बसेका व्यक्ति र निकायहरुमा हुने वा तिनीहर मार्फत गरिने भ्रष्टचारको निरीक्षण र भ्रष्टचारमा जिम्मेवार वा संलग्नहरलाई आवश्यक कानुनी कारवाही गर्नका लागि अख्तियार दुरुपयोग निवारण आयोगको समेत पनि व्यवस्था गरिएको छ ।

राज्यका मुख्य अंगहरु कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई एकअर्काबाट स्वतन्त्र राख्ने र कुनै एक अंगले गलत काम गरेमा अर्कोले नियन्त्रण र सन्तुलन कायम बनाउने भूमिका खेल्ने सिद्धान्त अख्तियार गरिएको भनिएको छ । तर व्यवहारमा त्यसको उल्टो काम कारबाही भैरहेको छ । कार्यपालिका (मन्त्रीमण्डल/सरकार) गठन कार्यमा त जसरी पनि सत्तामा पुग्न र टिकिरहनका लागि जुनसुकै प्रकारको हत्कण्डा, चालबाजी र खेल खेल्ने गरिएको छ । त्यसको एउटा ज्वलन्त उदाहरण केपी ओलीले आफू प्रधानमन्त्री बन्न र पदमा टिक्नका लागि ६-६ वटा (आधा दर्जन) सम्म उपप्रधानमन्त्रीको जमात खडा गर्नुलाई लिन सकिन्छ । त्यसैगरी व्यवस्थापिका (संसद) सदस्य हुन र बनाउका लागि ठूलो धनराशीको लेनदेन हुने गरेको सार्वजनिक रुपमा जानाकारीमा आएको छ । राजनीतिक पार्टीहरुले देशको सर्वोच्च विधायिका सदस्य जस्तो गरीमामय (माननीय) सदस्यको पदलाई व्यापरिक मोलतोलको बस्तु बनाएका छन । जस मार्फत विभिन्न नीहित स्वार्थ प्रेरित तत्वहरु संसद सदस्यका रुपमा त्यहाँ पुग्न सफल भएका छन् ।

कार्यपालिका र व्यवस्थापिकाको तुलनामा स्वतन्त्र भनिएको न्यायपालिकामा नियुक्त हुने न्यायधिशहरु समेत राजनीतिक भागबण्डाका रुपमा बाँडफाँड गरेर नियुक्त गर्ने र हुने गरेका छन् । त्यसको जनस्तर र सरोकारवाला क्षेत्रबाट व्यापकरुपमा आलोचना र विरोध भएतापनि त्यसलाई नजरअन्दाज गर्दै त्यो कार्यलाई निरन्तरता दिइएको छ । यहाँ सम्मकी न्यायाधीश नियुक्तिको लागि सिफारिस गर्न भनि बनाईएको न्याय परिषदको गठन प्रक्रियामा नै राजनीतिक भागबण्डाको आधारमा राजनीतिक मुलतः नेका, एमाले र माके निकटका व्यक्तिहरु नै पर्ने गर्छन र पर्दछन् । त्यसप्रकारको निकायको सिफारिसका आधारमा नियुक्त हुने न्यायधिशहरुबाट न्यायपालिकाले स्वतन्त्र भूमिका निर्वाह गर्ने अपेक्षा गर्नु स्वतः हाँस्यास्पद कुरा हुन जान्छ । तत्कालीन प्रधानन्यायाधिश खिलराज रेग्मीलाई गैरसंवैधानिक प्रक्रियाबाट मन्त्रिपरिषदको अध्यक्षमा नियुक्ति गर्नु त्यसको पराकाष्ठ थियो र हो ।



● परि थापा ●

संवैधानिक आयोगहरु मध्ये अख्तियार दुरुपयोग निवारण आयोगको विशेष महत्व रहेको छ किनभने त्यसको

...बाँकी ८ पेजमा

## सम्पादकीय

# बेलगाम तीनदलीय स्वेच्छाचारिता

मुलुकमा तीन दलीय स्वेच्छाचारिता बढेर गएको छ । राज्यका सबै निकायमा बढ्दो बेलगाम स्वेच्छाचारिताले वर्तमान संविधान, सत्ता र व्यवस्थाको निरंकुश चरित्रलाई उदाङ्गो पारेको छ । सत्तारुढ नेपाली कांग्रेस र माओवादी केन्द्र, र प्रतिपक्षमा रहेको एमाले राज्य दोहनमा एकै ठाउँमा उभिदै आएका छन् । सत्तामा मिलिजुली वा पालैपालो जाने र बाँडीचुँडी खाने सवालमा उनीहरुमा कुनै बेमेल र फरक पाइन्न । राज्यसत्तामा तीन दलीय वर्चस्वलाई स्थापित गर्न र त्यसलाई निरन्तर कायम राख्न उनीहरुले आफ्नो स्वार्थनुकूलकै कानुनहरु बनाएका छन् । उनीहरुले निर्वाचन कानुन पनि त्यही स्वार्थलाई केन्द्रविन्दुमा राखेर बनाएका छन् ।

स्थानीय तहको निर्वाचनमा संसदमा प्रतिनिधित्व गर्ने बाहेकका राजनीतिक पार्टीहरुलाई निर्वाचन चिन्हबाट नै बञ्चित गराउने कानुन बनाए । निर्वाचन कानुनमा गरिएको थ्रेसहोल्डसम्बन्धी व्यवस्थाले संसद्म र सरकारमा आउन स-साना दलहरूलाई एक हिसाबले प्रतिबन्ध नै लगाइएको छ । नयाँ व्यवस्थाअनुसार प्रदेशसभामा कम्तीमा डेढ प्रतिशत र प्रतिनिधिसभामा कम्तीमा तीन प्रतिशत मत प्राप्त गरेका दलहरूले मात्रै समानुपातिकतर्फको सिट प्राप्त गर्नुपर्ने प्रावधान राखिएको छ ।

पश्चिमी बुर्जुवा मुलुकहरुको अन्ध नक्कल गर्दै दल नियोजनको व्यवस्था गरेर एकाध दलहरुको मात्र बर्चस्व स्थापित गर्ने खेल सुरु भएको छ । उनीहरुले थ्रेसहोल्डका कारण दलहरूबीच बन्ने गठबन्धन र ध्रुवीकरणका कारण देशको बहुदलीय व्यवस्था समयक्रममा दुई/तीनदलीय व्यवस्थामा परिणत गराउन खोजेको देखिन्छ । दलहरूकै अग्रसरतामा लोकतन्त्र स्थापना भएको नेपालजस्तो मुलुकममा थ्रेसहोल्डका कारण सीमित ठूला दलहरूको स्वेच्छाचारिता बढ्ने स्पष्ट रुपमा देखिएको छ । यसको बलियो उदाहारण तीन दलीय सिण्डिकेट नै काफी छ ।

लोकतन्त्रको वकालत गर्दै आएका तीन ठूला दलहरुले सीमित विकल्प भएको अवस्थामा कुनै पनि उम्मेदवारलाई मत दिन्नँ (नो भोट) भन्ने मतदाताको अधिकार समेत मतदातासँग सुरक्षित रहन दिएनन् । संसद्बाट निर्वाचन कानुन पारित गर्ने अन्तिम समयमा प्रमुख दलहरूको सहमतिअनुरूप नै सरकारले नो भोटसम्बन्धी प्रस्ताव फिर्ता लिएको छ । यसले निर्वाचनकै प्रक्रियामा सहभागी भएर दलीय निरंकुशता र स्वेच्छाचारिता अस्वीकार गर्ने नागरिक अधिकार कटौती मात्र गरेको छैन, नो भोटसम्बन्धी व्यवस्था गर्न सर्वोच्च अदालतले यसअघि दिएको आदेशको समेत अवज्ञा गरेको छ ।

विहानीले दिनको संकेत गर्छ भनेझैं वर्तमान संविधान, सत्ता र व्यवस्थाका नेतृत्वदायी राजनीतिक पार्टीहरुको अभ्यासलाई हेर्दा उनीहरुको शैली र स्वभाव, चिन्तन र चरित्र, पात्र र प्रवृत्ति पञ्चायती निरंकुतालाई बिर्स्याउने खालको छ । भ्रष्टाचार, कमिसन यति धेरै मौलाएको छ कि त्यसले खुल्लेआम महालुटको रुपमा संस्थागत रुप लिएको छ । सत्ता स्वार्थका लागि जे गर्दा पनि हुने प्रवृत्ति मौलाएर गएको छ । महंगी र कालोबजारीले उपभोक्ताको ढाड सेकिएको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि व्यापार मौलाएको छ । राज्यका सबै निकाय यति भ्रष्ट, अनैतिक र जनविरोधी बनेका छन् कि त्यहाँ मानवीय संवेदनाको कुनै स्थान छैन । स्थानीय तहको निर्वाचन नसकिदै स्थानीय प्रतिनिधिहरुले सिंहदरबारका शासकहरुको सिको गर्दै आफ्नै सेवा सुविधा बढाउने र निर्वाचन खर्च उठाउन अनेकौं जनविरोधी हर्कत गर्न थालिसकेका छन् । सिंहदरबारदेखि गाउँपालिकासम्म फैलिएको तीन दलीय सिण्डिकेटले उनीहरुको स्वेच्छाचारितालाई बढावा दिइरहेको छ । जनताले उनीहरुको अत्याचारको बोध गर्न अब धेरै समय नलाग्ने देखिन्छ । अत्याचार बढेपछि विरोध र भण्डाफोर हुन्छ, विरोध र भण्डाफोरसँगै दमन र प्रतिरोध पनि बढ्दै जाने देखिन्छ । यसैका बीचबाट क्रान्तिको नयाँ अध्याय सुरु हुने देखिन्छ । क्रान्तिले नै तीन दलीय स्वेच्छाचारितालाई लगाम लगाउन सक्नेछ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# एकता, संघर्ष र रुपान्तरणको प्रक्रियालाई स्थापित गरौं



● दिनेश शर्मा ●

१. मार्क्सवाद-लेनिनवाद-माओवाद भनेको आफैमा एउटा विज्ञान हो । यसले रहेक विषय वस्तुलाई मिहिन तवरबाट सत्य पत्ता लगाउछ । तथ्यहरुको खोजी गर्नु आफैमा कठीन कार्य भएका कारण आम मानिस त्यसलाई गहिरो गरी बुझ्न चाहदैनन् । अझ कतिपय अवस्थामा भन्नु पर्दा मालेमावादलाई मार्ग निर्देशक सिद्धान्त मानेर खोलिएका कम्युनिस्ट पार्टी र त्यसको नेतृत्व गरी राखेका कम्युनिस्ट पार्टीका नेताहरु नै तथ्यबाट सत्य पत्ता लगाउने भन्दा आफ्नै मनोगत इच्छा र आकांक्षाका आधारमा त्यसैलाई सत्य मान्ने प्रक्रिया कारण सर्वहारा वर्गको क्रान्ति पुरा भएर पनि पुनः प्रति क्रान्तिमा बदलिने र कतिपय अवस्थामा क्रान्तिद्वारा सिस्टमलाई बदल्नुको सट्टा सुधारको सजिलो बाटो सोझ्याउन मालेमावादका आधारभूत सिद्धान्तलाई बदलेर विकृत तवरबाट व्याख्या विश्लेषण गर्नुले पुँजीवादी वर्गलाई बढी फाईदा हुँदै आएको दृष्टान्त हाम्रा अगाडि प्रशस्त मात्रामा छन् । कतिपय अवस्थामा अपुरो ज्ञानका कारण इमान्दार हुदाहुदै पनि कम्युनिस्ट आन्दोलनले सर्वहारा वर्गको आन्दोलनले चाहेर वा नचाहेर क्षति व्यहोर्नु परिराखेको छ । विश्व कम्युनिस्ट आन्दोलन वा नेपालको कम्युनिस्ट आन्दोलनमा मिहिन तबरबाट सर्वहारा वर्गको मुक्ति, समानताका खातिर छलफल चलाउन जरुरी छ । अरुले गरेका वर्ग हितका राम्रा कामको सम्मान र आफू भित्र रहेका खराब तत्वका विरुद्ध संघर्ष गर्नु पनि त्यत्तिकै जरुरी छ । मुलतः नेपालको कम्युनिस्ट आन्दोलन भित्र विगत देखि नै जरा गाडेर बसेको आग्रही, पूर्वाग्रही र निम्न मध्यम वर्गीय चिन्तन प्रणालीबाट पैदा भएको व्यक्तिवादी अहमता, अनावश्यक महत्वकांक्षा जस्ता प्रवृत्तिहरुले पनि क्षति पुर्‍याउने गरेको छ । पहिलो आफैले आफू भित्रका गलत प्रवृतिका विरुद्ध लड्ने सहास गर्नु पर्छ । दोस्रो सच्चा मित्रहरुबाट सहयोग लिन पर्दछ । यो यतिवेलाको आवश्यकता हो ।

२. हरेक वस्तु भित्र संघर्ष हुन्छ । किनकी कुनै पनि चिजको विकासको निमित्त संघर्ष अनिवार्य छ । यो विज्ञानको अनिवार्य नियम हो । त्यसैले समाजमा संघर्ष छ । पार्टी भित्र संघर्ष हुन्छ । एउटा परिवारमा संघर्ष हुन्छ । एउटा व्यक्ति आन्तरिक मन भित्र संघर्ष चलिरहेको हुन्छ । उक्त संघर्ष सत्य र असत्यका बिचमा, सहि र गलतका बिचमा, ठीक र बेठीकका बिचमा तथ्य र अतथ्यका बिचमा नै चलेको हुन्छ त्यहाँ एउटाले आर्कोलाई समाप्त गर्ने हो । एउटाले अर्को माथि विजय प्राप्त गर्ने हो । सर्वहारा वर्गले विजय प्राप्त गर्‍यो भने सत्यको विजय हुन्छ भने पूँजीपति वर्गले विजय प्राप्त गर्‍यो भने असत्यको विजय हुन्छ । त्यसैले जहाँ पनि सत्यको विजयको आवश्यकता छ । त्यसैले सर्वहारा वर्गको विजयका निमित्त सशक्त वर्ग संघर्षको आवश्यकता पर्दछ । किनकी पुँजीपति वर्गको हातमा सत्ता छ, स्रोत छ र साधन छ । वर्गको सत्ता वदल्न, विचार, राजनीति, संगठन, प्रविधि, सहास सवै चिजको आवश्यकता पर्दछ ।

व्यक्ति, परिवार वा पार्टी भित्र चल्ने संघर्ष र त्यसलाई बदल्नका निमित्त इच्छा शक्तिसहित सकारात्मक सोच चाहिन्छ । पहिलो रहेक व्यक्तिले आफैंभित्रका खराबीका विरुद्ध संघर्ष गर्ने आँट र हिम्मत गर्नु पर्छ । तब मात्र उसले आफ्ना परिवारलाई सकारात्मक दिशामा बदल्न सक्छ । पार्टीलाई बदल्न सक्छ र समाजलाई बदल्न सक्छ । पहिला अरु भित्र होइन आफै भित्रका खराबीको खोजी गर्नु सक्नु पर्दछ । त्यसलाई सतहमा ल्याउने कोशिस गर्नु पर्छ । यो सच्चा सर्वहारा वर्गको पहिलो दायित्व हो । सामन्तवादी, पुँजीवादी वा निम्न पुँजीवादी चिन्तन, सोच र विचारबाट प्रदुषित वा प्रभावित भएका हामीहरु त्यसो गर्न तयार छैनौं । किनकी अपूर्ण ज्ञान, क्षमता वा कैयौं आफू भित्रका अपुगतालाई हामी आफू पूर्ण ठान्दछौं । आफू भित्र अपुगता छन भनेर ठान्नु भनेको ठूलो कमजोरी हो भन्ने मानसिकता बनेको छ । तर त्यो सोच सर्वहारा वर्गीय सोच होइन । त्यो सोच मालेमावादी विचार सँग मेल खाने विचार पनि होइन । मालेमावादको विचारबाट प्रभावित, प्रशिक्षित सामान्य कार्यकर्ता मात्र होइन मध्यम तहका नेता देखि उपल्लो तहका नेताहरुमा समेत त्यही चिन्तन प्रकृति हावी छ । यदि साँच्चिकै सर्वहारा वर्गको पार्टी बनाउने, सर्वहारा वर्गको क्रान्ति सम्पन्न गर्ने र जनवादी गणतन्त्रको स्थापना गरेर समाजवाद हुँदै साम्यवादको लक्ष्यमा अगाडि बढ्ने हो भने त्यो आँट हामीले गर्न आवश्यक छ । नेपाली कम्युनिस्ट क्रान्तिकारीहरुका निमित्त यो एउटा अवसर पनि र भयङ्कर ठूलो चुनौति पनि छन् । पहिलो चुनौति आफैं भित्रका खराबीसँग लड्ने चुनौति हो ।

३.मार्क्सवादको गुदी कुरा भनेको नै वस्तु भित्रको अन्तर विरोध हो । अन्तरविरोधको सही ढङ्गबाट संचालन गर्न सिपालु हुन क्रान्तिकारीहरुको दायित्व हो । किनकी वर्गीय समाजमा हरेक व्यक्ति वा व्यक्ति-व्यक्ति मिलेर बनेको पार्टीमा समाजको सकारात्मक वा नकारात्मक चिजहरुको अथवा समाजमा रहेका सर्वहारा वा पुँजीवादी वर्गको प्रभाव परेकै हुन्छ । त्यसैले त्यहाँ संघर्ष अनिवार्य छ । सर्वहारा वर्गका महान गुरु लेनिनले ‘अन्तरसंघर्ष नभएको पार्टी मृत प्राय हुन्छ’ भन्नु भएको छ भने माओले ‘एक दुईमा विभाजित हुन्छ’ भन्नु भएको छ । त्यसैले एउटा जीवित अझ क्रान्तिकारी पार्टीमा संघर्ष अनिवार्य छ । हामीले किताबमा द्वन्द्ववाद पढ्दा-पढ्दै र मार्क्सवाद देखि माओवादसम्मको व्याख्या गर्दागर्दै पनि कतिपय व्यक्तिहरु अन्तर संघर्ष देखि डराउँछन वा भाग्छन । त्यो वास्तवमा मालेमावादी दृष्टिकोण होइन अथवा मेल खाँदैन । समाजमा अर्को थरी मानिस पनि छन मिल्ने मिल्ने बसेर पार्टी बनाउने हो, मिल्ने मिल्नेले क्रान्ति गर्ने हो । यो अधिभूतवादी वा एकमनावादी चिन्तन हो । यो सुन्दा जति प्रिय छ व्यवहारमा त्यो घातक छ । अझ भनौं मालेमावादसँग यसको साइनो छैन । त्यसैले यसले क्रान्ति गर्ने होइन बरु मन मिल्ने भनेको व्यक्तिगत स्वार्थ पूरा गर्न स्वार्थ मिल्नेहरुको एउटा झुण्ड हो । अन्तमा त्यो झुण्ड पनि स्वार्थहरु टकराएर अन्तमा आफैं समाप्त हुन्छ । मालेमावादको मार्गदर्शक सिद्धान्त मान्ने, सर्वहारा वर्गको मुक्ति चाहाने क्रान्तिकारीहरु अन्तरसंघर्ष, वैचारिक वहस र वर्गसंघर्षबाट डराउने, भाग्ने र तर्सने होइन दरो आँट हिम्मतका साथ वैचारिक बहसमा खरो उत्रेर गलतका विरुद्ध संघर्ष गर्ने, रुपान्तरण गर्ने र नयाँ आधारमा पार्टीलाई एकताबद्ध बनाएर क्रान्तिका कार्यभार पूरा गर्ने हो । मैत्रिपूर्ण तबरबाट ।

०६४ साल देखि आज ०७४ सालसम्म आईपुग्दा नेपालका कम्युनिस्टहरु टुटफुट विभाजन भएको देख्दा कैयौं व्यक्तिहरुमा संघर्ष भए फुट्छ र फुटेपछि पार्टी कमजोर बन्छ भन्ने एउटा मनोभावना पनि छ । त्यो मनोविज्ञान नकरात्मक त होइन तर त्यो पनि विषय वस्तुको गहिराई सम्म पुगेको सोच होइन । साम्राज्यवाद, पुँजीवाद र सामन्तवादको दबदबा रहेको हाम्रो जस्तो समाजमा या त प्रतिक्रियावादी वर्गको योजनामा पार्टी भित्र फुट हुन्छ या त कम्युनिस्ट पार्टीका नाममा बुर्जुवा सोचको विकास गरेका नेताहरुका कारण पार्टीमा फुट हुन्छ । त्यसैले क्रान्तिकारी किन डराउन पर्‍यो कि फूट हुन्छ भनेर ? त्यस्ता गलत व्यक्तिहरु पार्टीमा बसेर न त क्रान्ति हुन्छ न त भएको क्रान्तिको उपलब्धिको रक्षा नै । जो क्रान्तिकारी छ त्यसले त मालेमावादका आधारभूत सिद्धान्तलाई पकड छ सर्वहारा वर्गलाई केन्द्र विन्दुमा राखेर सोच्छ र एकता संघर्ष फुट होइन रुपान्तरणको बाटो पकड्छ । नयाँ आधारमा नयाँ एकताको सिद्धान्त अनुरुप अगाडि बढ्छ । यो नै मालेमावादप्रतिको सच्चा बुझाई हो र त्यो अनुरुपको बुझाई बनाउन आवश्यक छ ।

४. प्रतिक्रियावादी वर्ग तथा संशोधनवादीहरुले क्रान्तिहरुलाई लगाउने आरोप भनेको संकीर्णता, जडता र यान्त्रिकता हो । वास्तवमा मालेमावादको सिद्धान्त अगाल्ने जो कोहीले पनि उनीहरु किन त्यो भन्छन त भन्दा मालेमावादका सार्वभौम सिद्धान्तलाई संशोधन गर्न खण्डित गर्न र कमजोर बनाउनका निमित्त यसो भन्ने गर्दछन । त्यसको क्रान्तिकारीहरुले जमेर खण्डन गर्नु पर्दछ । साथै मालेमावादको खण्डित गर्ने, त्यसले विकास गरेको विषय वस्तुलाई त्यो उचाईबाट व्याख्या विश्लेषण र संश्लेषण गर्नमा हिचकिचाउने जस्ता कमजोर बुझाईलाई पनि हामीले जमेर खण्डन गर्नु सक्नु पर्दछ । कतिपय मानिसहरु इमान्दार हुन् तर मालेमावादका सार्वभौम सिद्धान्तलाई वुझ्ने प्रश्नमा कमजोर छन भने व्यापक छलफलका बिचबाट स्तरको विकास गर्ने कुरामा जोड दिनुपर्छ । अन्यथा कमजोर मानसिकता वा वैचारिक स्तर भएकाहरुबाट सर्वहारा वर्गलाई फाइदा होइन बेफाइदा नै हुन्छ । यसबाट जोगाउन एकता, संघर्ष रुपान्तरणको प्रक्रियालाई दरोसँग पकड्दै व्यापक बहसका बिचबाट नयाँ निस्कर्ष निकालौं ।

## झर्रोटर्रो

कैलुब्राह

# ढडिया

यतिखेर नेपाल मण्डलको तराई खण्डमा ठूलठूला ढडिया थापिएका छन् । ढडिया नेपाल मण्डलको सुप्रसिद्ध जिनिस हो । यो हिमाल, पाहाड, तराई जुनसुकै भूगोलमा पनि पूर्व, पश्चिम, उत्तर, दख्खिन चारै कुना चारै दिसाका मनुखेहरूले प्रयोग गर्ने जिनिस हो । यसलाई माछा मार्ने काममा प्रयोग गरिन्छ । यसलाई माछाको बधशाला भन्दा पनि हुन्छ । यसलाई खोला खोल्सी, नदी, ताल जहाँ पनि थापिन्छ । अर्थात् जहाँ जहाँ माछा पाइन्छन् त्यहाँ त्यहाँ यो बधशालाको काम आउँछ । यसलाई गरिबगुरुवा मनुखेले प्रयोग गर्छन् । धनिमानीलाई यसको खाँचो पर्दैन । उनिहरूको ढडिया भनेको पैसा हो । पैसाको ढडिया होटेल, रेष्टुराँ र दुकानहरूमा थापिन्छ । खोला नदीहरूमा थापिन्न ।

गरिब गुरुवाले थाप्ने ढडिया भन्ने जिनिस यतिखेर नेपाल मण्डलका आधुनिक राजा माहाराजाहरूले तराईमा थापेका छन् । लोकतन्त्रे राजा माहाराजाहरू भनेका लाउके दलहरू हुन् । चारतारे, गोलघेरे र सूर्यछाप दल नेपाल मण्डलका लाउके दलहरू आधुनिक राजाहरू हुन् । यिनीहरूलाई सत्ताको भाषामा सिण्डिकेटे दल पनि भनिन्छ । यिनीहरूको सिण्डिकेटमा नेपाल मण्डल फनफनी घुमिरहेको छ । तिनै दलहरूले यतिखेर तराईमा ढडिया थापेका छन् । यो ढडिया विशेष गरेर दुई नम्बर प्रदेशमा थापिएको छ । मनुखे जातका माछाको खेति अहिले दुई नम्बर प्रदेशमा धेरै फलेको छ । त्यसैले त्यहाँ ढडिया थापिएको हो । विभिन्नि प्रकारका क्षेत्रीय ढडियाबाट राष्ट्रिय ढडियामा माछा छिर्ने क्रम तीव्र रूपमा भइरहेको छ । क्षेत्रीय ढडियाहरू फाटेर झ्याङ्प्वाल परेका छन् । त्यसो हुनाले ती ढडियाका ठूलठूला माछा पनि फुत्तफुत्त निस्कँदै सिण्डिकेटे ढडियामा छिरिरहेका छन् ।

कोही गोलघेरे ढडिया, कोही सूर्यछाप ढडिया र कोही चारतारे ढडियामा मधेशी माछा छिरिरहेका छन् । मधेशमा प्राकृतिक माछाको खेती पनि प्रसस्तै हुने गर्छ । काठमाण्डु खाल्डोमा समेत जनकपुरे माछाको प्रशिद्धि धेरै छ । मुगलिङ र मलेखुमा समेत जनकपुरे ब्रोइलर माछाले लोकल माछाको रूप धारण गरेर माछाका पारखी ग्राहकहरूलाई तृप्ति दिइरहेका छन् । मधेशका प्राकृतिक माछाले त रूप धारण गर्छन् भने आधुनिक मनुखे जातका माछाले पनि नयाँ नयाँ रूप धारण किन नगर्ने ? त्यसैले मधेशका मनुखेले नयाँ नयाँ रूप धारण गरेर दलबदल गरिरहेका हुन् । आफूले मात्रै नयाँ रूप धारण गरेको होइन, जुन ढडियामा पस्यो त्यही ढडियाको रूप पनि बदलिदिएका छन् । जस्तोकी गोलघेरे दलको नाउँ नेकपा (माके) थियो अहिले नेकपा (लोफोराजपानशमाके) भएको छ । यसरी आफू जहाँ छिर्‍यो तेसैको रूप बदल्ने मामिलामा उनिहरू निकै माहिर मानिन्छन् । कम्युनिस्टको कखरा समेत राम्रोसँग पढ्न नजान्नेहरू गोलघेरे ढडियामा छिरेर खाँटी र अब्बल दर्जाका कम्युनिस्ट बनेका छन् । त्यसै गरेर चारतारेमा छिर्नेहरू विपिका अब्बल दर्जाका अनुयायी र सूर्यछापमा छिर्नेहरू जबजका खाँटी प्रवक्ता बनिरहेका छन् । यसरी मधेशी मनुखे माछाहरूले रूप बदलेर नयाँ नयाँ अवतार लिइरहेका छन् ।

दुई नम्बरमा लोकल सरकारको चुनाउ चल्दै छ । छ वटा प्रदेशमा त काठमाण्डुमा कैद भएर बसेको सिँहदरबार फुकुवा भएर घरघरमा पुगिसक्यो । अब एउटै प्रदेशका घरघरमा सिँहदरबार जान बाँकी थियो त्यो पनि असोजको दुई गतेदेखि छिर्छ । अरू छ वटा प्रदेशका घरघरमा सिँहदरबार छिरेर मनुखेलाई सुतिसुति खान लाउन, ओक्तोमुलो गर्न भरिपूर्ण भा’छ । अब दुई नम्बरमा पनि सिँहदरबार छिर्‍यो भने देशैभरि झिलिमिलि झ्याइँ हुने छ । त्यसैले लोकल ढडियामा प्वाल पारेर राष्ट्रिय ढडियामा मधेशका माछा छिरिरहेका छन् ।

२४ भदौ २०७४

*kailubraha73@gmail.com*

# 'कांग्रेस–माकेको गठबन्धन भारतले बनाइदिएको हो'



-नेपाल जस्तो देशमा दुई तीन पार्टीहरु मात्रै बन्ने सम्भावना छैन ।
-तीन पार्टीको तानाशाही व्यवस्था लाद्ने काम भएको छ ।
-एकता होइन कार्यगत एकताको बातावरण बनेको छ ।
-थ्रेसहोल्डले राजनैतिक अवसरवादलाई प्रश्रय दियो ।

**सीपी गजुरेल 'गौरव'**
**अध्यक्ष**
**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**

***थ्रेसहोल्डलगायतको निर्वाचन कानुन बनाएर तीन संसदवादी दलहरुले अन्य साना दललाई एक हिसाबले प्रतिबिन्ध लगाउन खोजेको जस्तो देखियो । यसलाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले कसरी लिएको छ ?***

पछिल्लो चरणमा थ्रेसहोल्ड र प्रत्यक्ष निर्वाचनमा अनिवार्य जित्नैपर्ने शर्त राखेर अरु दलहरुलाई निषेध मात्र होइन, एक प्रकारले प्रतिबन्धित गर्ने षड्यन्त्र भएको छ । यसको हामी घोर विरोध गर्दछौं । यो बुर्जुवा गणतन्त्रको सिमाभित्र पनि पर्दैन । दलाल नोकरशाही पुँजीपति वर्ग र सामन्त वर्गले लोकतान्त्रिक गणतन्त्रको नाममा दुई तीन पार्टीहरुको नाममा तानाशाही व्यवस्था लाद्ने काम भएको छ । यसको विरुद्धमा संघर्षमा उत्रनुको विकल्प छैन ।

***तीन दलीय सिण्डीकेटको विरुद्ध यो भन्दा अगाडि पनि ६८ दलहरु मिलेर संघर्ष गरेको इतिहास छ । फेरि पनि तीन दलीय सिण्डकेट अर्थात् अधिनायकवादका विरुद्ध संयुक्त आन्दोलनको उठान गर्न सकिने सम्भावना कस्तो देख्नुहुन्छ ?***

हाम्रो जोड त संयुक्त आन्दोलन नै हो । यसलाई केन्द्र बनाएर सबै शक्तिहरुलाई समेटेर अगाडि बढ्ने भन्ने हो । तर संयुक्त आन्दोलनको समस्या भनेको आन्दोलन उठान पछि आन्दोलनकारीमध्ये कोही सानो प्रलोभनमा फँसेर सत्तामा टाँस्सिन जाने रहेको छ । त्यसैले धेरै संख्यामा केन्द्रीकृत भएर गरिने संयुक्त आन्दोलनमा उद्देश्यबाट विचलित नभई निरन्तर आन्दोलन गर्ने शक्तिको अभाव देखिएको छ । अर्को कुरा शक्तिशाली जनाधार भएकाहरु पनि कमै छन्, तैपनि हाम्रो प्रयास खास गरी दुई विषयमा राष्ट्रियता स्वाधीनता रक्षा र निरंकुश व्यवस्था लाद्न खोजिएको विरुद्ध संयुक्त आन्दोलन उठाउने कोशिस नै रहन्छ ।

***थ्रेस होल्ड र निर्वाचित हुनै पर्ने कारणले राज्यलाई धेरै दलहरुको भार कम हुने र थोरै दलहरु बीच राम्रो प्रतिस्पर्धा हुने तर्क गरिएको छ । यसबारे तपाईंहरुको भनाइ के छ ?***

यो तर्क पनि पुँजीवादी कोणबाटै आएको छ । अरु पार्टीलाई निषेध गर्ने । पुँजीवादी र साम्राज्यावादी देशको बहुदलीय व्यवस्थालाई नै नक्कल गर्न खोजेको देखिन्छ । जस्तो अमेरिकामा पनि प्रमुख रुपमा रिपब्लिकन र डेमोक्र्याट दुइटा मात्रै पार्टी छ, बेलायतमा पनि लिवरल र कन्जरभेटिभ दुई पार्टी मुख्य रुपमा छन् । अरु एक दुइटा स-साना पार्टीहरु पनि त छन् । यसैको नक्कल गरेर नेपालमा स्थापित गर्न पाइयो भने आनन्द हुन्छ भन्ने छ । बेलायत, अमेरिकामा यस्तो व्यवस्थाको विरुद्ध संघर्षमा जाने पार्टी नै भएन, चुनावमा भाग लिने पार्टीले संघर्ष गर्ने कुरै आएन । ती दुई पार्टीहरु एउटै वर्गका दुई गुटहरु मात्रै हुन् । त्यसकारण त्यहाँ भित्रको अन्तरविरोधहरु ती दुइटै मिलेर हल गर्छन् र त्यहाँ कुनै संघर्ष गर्ने भन्ने कुरा रहँदैन । यस्तै व्यवस्था नेपालमा पनि लागु गर्ने तिनीहरुको मनसाय छ । तर यो सफल हुन सक्दैन । यदि त्यसो हुने हो भने यहाँ संघीयताको कुरै उठ्ने थिएन । संघीयता किन चाहियो ? पार्टी भनेको वर्गको हितको लागि खुल्ने हो । वर्ग हितको लागि संगठित बन्छन् । पार्टी बन्छ । धेरै वर्गहरु भएको देशमा धेरै पार्टीहरु जन्मिने स्वतः हुन्छ । यो वैज्ञानिक नियम नै हो । नेपालमा विभिन्न वर्गहरु छन् । यहाँ पनि पुँजीपति र सर्वहारा वर्ग दुइटा वर्ग मात्रै छुट्टिएको भए पार्टी पनि थोरै मात्रै हुन्थ्यो तर यहाँ निम्न, मध्यम, निम्न मध्यमलगायत थुप्रै वर्गहरु छन् । फेरि यहाँ थुप्रै जातिहरु पनि छन्, तिनीहरुले पनि पार्टीहरु खोलेका छन्, संघ संस्थाहरु खोलेका छन् । त्यसैले अहिले नै उनीहरुले चाहेर पनि नेपाल जस्तो देशमा दुई तीन पार्टीहरु मात्रै बन्ने सम्भावना छैन ।

***थ्रेसहोल्ड र प्रतिशतले दीर्घकालीन रुपमा नेपालको राजनीतिमा के कस्तो असर पार्ने देख्नुहुन्छ ?***

थ्रेसहोल्डले पार्टीहरुलाई एकता वा तालमेल वा सहकार्य गरेर ठूलो पार्टी बनाउनुपर्ने बाध्यतातर्फ धकेलेको छ । यसले राजनीतिमा सिद्धान्तनिष्ठता र नैतिकतालाई धराशायी बनाउँछ । किनभने विचार, राजनीति केही मिल्दैन, तैपनि एउटै पार्टी बनाउनुपर्ने बाध्यता हुन्छ । त्यसो नगरिकन अस्तित्व हुँदैन, थ्रेस होल्डमा प्रतिशत पुग्दैन, प्रत्यक्ष निर्वाचनमा जित्न सकिदैन । परिणामतः विचार नमिल्ने पार्टीसँग पनि मिलेर ठूलो पार्टी बनाउने जुन प्रवृत्ति अहिले विकास भएको छ, त्यो राजनैतिक अवसरवाद हो । पार्टी एकता गर्ने कि नगर्ने भन्ने विचारको आधारमा हुन्छ । विचार र राजनीति मिलेपछि मात्र एकता हुन्छ, तर अहिलेको एकता बाध्यात्मक छ, सिटसँग जोडिएको छ, थ्रेस होल्डसँग जोडिएको छ । यसले केवल राजनीतिक अवसरवादलाई मात्र बढावा दिन्छ । स्थानीय निर्वाचनमा अहिले देखिएको दल बदलु प्रवृत्ति पनि यसैको अभिव्यक्ति हो । यो भनेको दलाल नोकरशाही पुँजीपति वर्गको राजनीतिलाई अनैतिक खेल बनाउने योजनालाई सोभै टेवा र सेवामा बल पुऱ्याउने काम हो ।

***तीन दलीय सिण्डिकेटको परिणाम नेकपा (क्रान्तिकारी माओवादी), नेपाल कम्युनिष्ट पार्टी र नेकपा (मसाल) बीच एकता गर्न दबाब पैदा भएको भन्ने विश्लेषण गरिन्छ, के हो वास्तविकता ?***

त्यहि नै त होइन । तर सिर्जित माहौलले क्रान्तिकारी, देशभक्त, सच्चा गणतन्त्रवादीहरुलाई सोच्न बाध्य पारेकै हो । फेरि एकल प्रयासबाट आन्दोलन उठानको सम्भावना पनि कम देखिएको अवस्थामा एकता गरेर जानु पर्छ भन्ने कुरा पनि उठिरहेको साँचो हो । हाम्रो पार्टीको दृष्टिकोणमा अझै पनि पार्टी एकता गर्ने आधार तयार भइसकेको हामीलाई लाग्दैन । किनभने विचार र राजनीतिक लाइन नै नमिलरहेको अवस्थामा आवश्यकता भयो भन्दैमा एकता गरियो भने त्यो राजनैतिक अवसरवाद हुन जान्छ । अन्ततः क्रान्तिलाई पनि फाइदा गर्दैन । त्यसरी एकता भइ हाले पनि फेरि फुट भइहाल्नेछ । बरु अहिले पार्टी एकताभन्दा पनि कार्यगत एकता अहिलेको वस्तुगत अवस्था सुहाउँदो छ । मिल्ने बुँदाहरुमा कार्यगत एकता गर्दै जाँदा आपसका मतभेदहरुमा पनि विस्तारै समझदारी पनि बन्दै जान्छ र सही चिजको निर्क्यौल गर्दै जान्छ । यसबाट नै भविष्यको पार्टी एकताको आधार पनि तयार पार्दै जानेछ । त्यसैले अहिलेको वस्तुगत अवस्थामा पार्टी एकता होइन कार्यगत एकताको लागि उयुक्त वातावरण देखिन्छ ।

***क्रान्तिकारी माओवादीको पहलकदमीमा ९ बामघटकको सहकार्य भएको देखिन्छ । यो कति परसम्म जाला ?***

अहिलेसम्म भएको संयुक्त कार्यक्रमहरु, समझदारी र जनसहभागिताको हिसाबले राम्रै भएको छ । ती कार्यक्रमहरु राष्ट्रिय स्वाधीनताको विषयमा बढी केन्द्रीत छन् । अहिले नौ दलहरुले मुलतः हालसालै प्रचण्डले गरेको २५ बुँदे सहमति, देउवाले गरेको कोशी हाइड्याम र नेपालको आन्तरिक मामिलालाई लिएर गरेको हारगुहारलाई केन्द्रीत बनाएर कार्यगत एकता गरिएको हो । यसरी मुख्यतः राष्ट्रिय स्वाधीनताको विषयलाई लिएर बनाएको कार्यगत एकतामा अहिलेको नयाँ विषय पनि थप गरेर विस्तृत र संगठित बनाउने सम्भावना छ ।

***तीन दल मिलेपछि जे गरेपनि हुने देखिएको छ, यसको विरुद्धमा क्रान्तिकारी पंक्तिको भूमिका कमजोर भएको हो ?***

तीन दलको निरंकुशता पञ्चायती निरंकुशताकै विस्तारित रुप हो । अहिले तीन दलको अगाडि संविधानको पनि कुनै अर्थै छैन । जब तीन दल मिल्छन्, दुई तिहाइ भइहाल्छ र संविधान संशोधन गर्न पाइहाल्छन् । अनि उनीहरु आफ्नो स्वार्थलाई हेरेर जुन बेला पनि संविधानका जुनसुकै धारा पनि परिवर्तन गरिदिइहाल्छन्, कानूनको त के रहयो र धारा नै परिवर्तन गरिदिइसकेपछि । यो निरंकुशताको विरुद्ध सडक संघर्ष, जनआन्दोलनको विकल्प छैन । जहाँसम्म क्रान्तिकारी शक्तिको कुरा हो, क्रान्तिकारी शक्तिहरुको आत्मगत स्थिति अहिले कमजोर नै छ, त्यो सत्य हो । क्रान्तिकारी शक्ति कमजोर बनाउन देशभित्र र बाहिरका प्रतिक्रियावादीहरुको ठुलो षड्यन्त्रबाट टुटफुट पारिदिने, पार्टीभित्र पैसाको चलखेल गराइदिने, पदहरुको चलखेल गराइदिने गरेको छ । क्रान्तिकारी शक्तिहरुलाई फुटाएर ध्वस्त पार्ने षड्यन्त्रमा, नीतिमा तिनीहरु छन्, जसमा तिनीहरु केही मात्रामा सफल पनि भए । अब यो क्रम रोकिएजस्तो देखिन्छ, उनीहरुको पछिल्ला प्रयासहरु सफल भएजस्तो लाग्दैन । जनतालाई निराश बनाउँदै लगेर अब केही हुन्न क्यारे भन्ने जस्तो स्थितिमा पुऱ्याएका थिए तर अब जनता नउठी भएन भन्ने स्थितिमा पुगका छन् । यसले स्थितिमा पनि परिवर्तन ल्याइदिन्छ, परिवर्तनप्रति जनता आशावादी बन्दै गएपछि फेरि यहाँ ठुलठुला परिवर्तनका संघर्षहरुको नेतृत्व क्रान्तिकारी शक्तिले गर्नेछ ।

***प्रचण्डको २५ बुँदे सहमति हुँदै देउवाको पछिल्लो भारत भ्रमणसम्ममा भएका गतिविधि हेर्दा के मुलुक सिक्किमीकरणको दिशातर्फ उन्मुख भएको हो ?***

इतिहासका विभिन्न चरणमा भारतले नेपालमाथि हस्तक्षेप विभिन्न ढंगले बढाउँदै आएको छ । नेपालको क्याबिनेट बैठकमा भारतीय राजदुतको उपस्थित अनिवार्य थियो, उसैले एजेण्डा पेश गर्नेसम्मको स्थितिबाट गुज्रँदै आएको नेपालको इतिहास छ । अहिलेको अवस्थामा पनि कांग्रेस-माकेको गठबन्धन पनि भारतले बनादिएको जस्तो देखिन्छ । मिल्नै नसक्ने पार्टीहरु बीचको अपवित्र गठबन्धन कसरी भयो ? यो भारतबाटै भएको देखिन्छ । कांग्रेस पहिलेदेखि नै भारतको दलाल थियो भने माकेले आफूलाई नयाँ भारतीय दलालको रुपमा प्रस्तुत गरेको छ । यी दुइटै शक्तिलाई मिलाएर बलियो दलाल राजनैतिक शक्ति तयार पार्ने, तराई मधेसमा त उसको दलाल शक्ति छँदैछ । यसरी दलाल शक्तिहरुलाई मजबुत बनाउँदै गरेको अवस्थालाई हेर्दा सिक्किमीकरणको खतरा बढ्दै गएको छ । नेपाललाई भारतको नवऔपनिवेशिक बनाउँदै लगेर भारतमै मिसाउने जुन योजना हो, त्यसलाई प्रत्यक्ष फौजी आक्रमणबाट होइन सिक्किमीकरणको बाटोबाट सहज बाटो छ । राजनैतिक शक्तिहरु यति ठूलो मात्रामा भारतीय दलाल भइसकेपछि त्यो बाटो सजिलो छ । दुई तिहाई बहुमत ल्याएर भारतमा विलय गराउने दोर्जेको बाटो अपनाउन सक्ने खतरा अहिलेको अवस्था हेर्दा छ । यही कुरा जनतालाई बुझाएर आन्दोलन गर्नुको विकल्प छैन ।

***दोक्लाम विवादको सिलसिलामा चिनियाँ पक्षले हिमाली राष्ट्रहरुमा भारतीय प्रभुत्व सम्भव छैन, चीन पनि छ भन्ने जुन अभिब्यक्ति आएको छ, नेपालले त्यसलाई कसरी बुझ्नु पर्ला ?***

चीन र भारतबीच जुन सम्बन्ध विकास भएको थियो, त्यो व्यापारिक, आर्थिक विषयमा केन्द्रीत थियो । यसमा सिमा, राजनैतिक विषय समेत गौण बनाएर चीनले भारतको ठुलो बजार आफ्नो पक्षमा पार्नको निमित्त उदारता देखाएउँदै आएको थियो । नेपालको मामिलामा भारतीय हस्तक्षेप हुँदा पनि केही नबोले जस्तो, राजनैतिक रुपमा केही पछि हटे जस्तो गरी व्यापारिक रुपमा अघि बढे जस्तो देखिएको थियो । तर पछिल्लो चरणमा के देखिएको छ भने भारत अमेरिकापरस्त बढी भएकोले चीनलाई घेर्ने रणनीतिमा भारतलाई समेत सामेल गराउँदै लगेको अवस्थामा चीन सतर्क भएको हो । दोक्लाममा बाटो लैजाने विषयमा भारतले हस्तक्षेप गरेपछि सिल्करोडसँग जोडिएको व्यापारिक योजनामा असर पुग्यो, यसबाट चीन अलि सतर्क भएको छ । तर अहिले दुबै पक्ष पछि हटेका छन् । चीनले रोड नबनाउने र भारतले सेना फर्काउने सहमति भएको छ । भारत र चीनबीच समस्या उत्पन्न भएपछि हिमाली क्षेत्रमा भारतीय हस्तक्षेप नसहने चीनको अभिव्यक्ति आउनु नेपालको लागि पनि नराम्रो कुरा त होइन तर उनीहरु बीच समस्या उत्पन्न भएपछि मात्रै चीनको अभिव्यक्ति आउनु र समस्या हल भएपछि यस्तो कुरा नउठ्ने रहेको छ । त्यसैले नेपालले आफ्नो राष्ट्रिय स्वाधीनताको जोगाउनको लागि नेपाली जनताले नै सामना गर्ने गरी योजना बनाउएर अगाडि बढ्नु जरुरी छ ।

***नेपालमा बाह्य हस्तक्षेप बढ्नुको कारण नेपालका शासकहरुले कुटनैतिक सन्तुलन कायम गर्न नसक्नु नै हो ?***

मुख्य कारण त आर्थिक विकास हुन नसक्नु हो । अर्को, यहाँका धेरै जसो राजनैतिक पार्टीहरु भारतको दलाली गर्नतिर लाग्नु । नेपालको राष्ट्रिय स्वाधीनताको लागि भारत मुख्य खतरा त हुँदै हो, त्यसका साथै उसका दलाल शक्तिहरुलाई छोड्नै नसक्ने गरी जोडिएका छन् । भारतको विरोध मात्रै गरेर पुग्दैन किनभने भारतको लागि अनूकुल वातावरण बनाइदिने त उसका नेपाली दलाल शक्तिहरुले गरेका छन् । सिक्किमको विलय त सिक्किमकै नेताहरुलाई अगाडि सारेर गराएका हुन् । यहि प्रक्रिया नेपालमा पनि बढ्दै छ । त्यसकारण भारत र उसका दलालहरु बीच अलग मात्र गराएर पुग्दैन प्रत्यक्ष संघर्ष त भारतका दलालहरु विरुद्ध नै गर्दै राष्ट्रिय स्वाधीनताको रक्षाको लागि भारतसितको संघर्ष अगाडि बढाउनु पर्दछ । तीनतिर खुल्ला सिमाना र १९५०को असमान सन्धि अनुसार नेपालमा खुल्ला रुपमा जति पनि भारतीयहरु आएर बस्न सक्नेछ । भारतजस्तो ठुलो देशबाट नेपालजस्तो सानो देशमा त्यहाँको केही अंश जनसंख्या मात्रै आएर बस्दिने हो भने नेपालीहरु त अल्पमतमा पर्ने खतरा छ । यसबाट पनि भारतको प्रभाव ह्वात्तै बढ्ने छ । भारतीयहरु नेपाली हौ भनेर जो बसोबास गर्न आउँछन्, तिनीहरुले भारतकै हितमा काम गर्छन् । उनीहरुको माध्यमबाट भारतले त्यसलाई जनता उठेको भन्नेछन् । भारतले विभिन्न तहमा आफ्ना दलालहरु खडा गरेका छन् । राजनीतिक, प्रशासनिक, सुरक्षा र जनस्तरमा रहेका यस्ता दलालहरुका कारण भारतीय हस्तक्षेप, प्रभाव नेपालमा जबर्जस्त रुपमा बढेर गएको छ ।

***मधेसमा भारतीय प्रभाव कस्तो पाउनु भएको छ ?***

परम्परागत रुपमा भारतले मधेशमा सम्बन्ध बनाउँदै आएको साथै भारतले त्यहाँको विकास निर्माणमा भारतको प्रत्यक्ष भूमिका खेल्दै आएको, भारतीय राजदूतावासले नेपाल सरकारसँग सोध्दै नसोधी सिधासिधा स्कुल, कलेज, हस्पिटल खोल्दिने, बाटो बनाइदिने जस्तो काम गर्दै आएको छ । यो त भारत कै कुनै प्रान्तजस्तो ब्यवहार भइरहेको छ । नेपालमा रासनको सिस्टम लागु गर्न सकेको छैन । सबैले एउटै मूल्य तिरेर खानु पर्छ । विशेष सुविधा केही छैन । भारतमा पहिले देखि नै रासनको सुविधा छ । भारतमा त्यही चामल सस्तो हुने नेपालमा महंगो हुने त्यसो भएपछि सुविधाकै लागि पनि भारतबाट रासनकार्ड बनायो, सस्तो चामल ल्याएर खायो । यस्तो भएपछि जिम्मेवार को प्रति हुन्छ त भन्दा कुनै न कुनै तरिकाबाट भारतप्रति नै जिम्मेवार हुन्छ । यसरी विकास निर्माणदेखि रासन कार्ड लगायत विभिन्न तरिकाले जनस्तरमा समेत भारतीय प्रभाव रहेको छ । भारतले रासन कार्डको चामल खुवाएको, स्कुल, कलेज, हस्पिटल खोलिदिएको त जनताले विस्तारै बुझ्दै आएका छन् । भारतले बनाएको बाँध, सिमानामा बनाएको अग्लो सडकले नेपालका वस्तीहरु डुबान पारिदिएपछि भारतीय नियत जनताले स्पष्ट बुझ्न पाएका छन् । यसले भारतीय हस्तक्षेप विरोधी चेतना बढ्दै गएको पनि छ । यसै बीच जनस्तरबाटै कयौं बाँध भत्काउन थाले, बाँध खोल्न प्रयास गरे । सरकारले गर्नुपर्ने काम जनताले गरेका छन् तर अहिलेको काँग्रेस-माकेको गठबन्धनको दलाल सरकारले बाँध खोल्नको लागि कुनै प्रयास भएन । यसबाट राष्ट्रिय स्वाधीनताको चेतनामा बृद्धि र भारतीय हस्तक्षेपकारी नीति विरोधी, भण्डाफोर गर्ने र सचेत हुने बनेको छ ।

***मधेसमा नेपालका शासक वर्गबाट हुने उत्पीडन र भारतबाट हुने उत्पीडनबाट मधेसी जनताको मुक्ति कसरी हुन्छ ?***

मधेसमा दुईटा उत्पीडन छ । पहाडीया अहंकारवाद पनि मधेशमा केही न केही छँदैछ । लामो समयसम्म एउटै समुदायले शासन गर्दै आएको हुनाले राज्य सञ्चालनमा तराईका जनताको सहभागिता कमि भएको छ । यसले गर्दा त्यहाँको भाषा, संस्कृतिमा हस्तक्षेप भएकै छ । यसबाट पनि मुक्ति चाहिन्छ नै । तर भारतीय विस्तारवादबाट भइरहेको उत्पीडनबाट मुक्ति पनि उत्तिकै जरुरी छ । यी दुइटै उत्पीडनबाट मुक्तिको लागि जनताको चेतना विकास हुन जरुरी छ । क्रान्तिकारी शक्तिबाट यी दुइटै उत्पीडनबाट मुक्तिको लागि संघर्षमा उत्रन आव्हान, अपिल जारी हुँदै आएको छ । यसको प्रभाव विस्तार हुँदै गइरहेको छ । क्रान्तिकारी धारकै वरिपरि उत्पीडित जनसमुदायहरु गोलबन्द हुँदै गइरहेका छन् । मधेशी जनतालाई उत्पीडनबाट मुक्ति दिने क्रान्तिकारी धार बाहेक अरु छैन ।

***देजमोले चुनावलाई क्रान्तिकारी उपयोग गर्दैछ, मधेसमा यसप्रतिको आकर्षण, विश्वास कस्तो छ ?***

देजमो पछिल्लो चरणमा बनेको हो । यो स्थापित हुन केही समय लाग्छ नै । अहिले प्रतिक्रान्ति हाबी छ, प्रतिक्रान्ति गर्ने पार्टीहरु नै हाबी छन् । वर्गीय चिन्तन, उत्पीडनका हिसाबले क्रान्तिकारीलाई समर्थन गर्नुपर्ने हो जनताले तर प्रतिक्रान्ति हाबी रहेको अहिलेको माहोलको भुलभुलैयामा जनता पनि परिरहेका छन् । प्रतिक्रान्तिवालाहरुले खसी ढालेर, राँगा ढालेर, भोज भतेर लाउने, धोती बाँड्ने काम गरिरहेका छन् । प्रतिक्रान्तिकारीहरुले चुनाव जित्नका लागि साम, दाम, दण्ड, भेद सबैको प्रयोग गरिरहेका छन् । हामी उनीहरुको त्यो प्रवृत्तिको भण्डाफोर गरिरहेका छौं । क्रान्तिकारीहरुले यस्तो प्रतिकूलताकै बीच चुनाव उपयोगको नीति लिएकोले क्रान्तिकारीको पक्षमा माहोल देखिएको छैन तर शुन्य भएको स्थिति भने होइन ।

***स्थानीय तहको निर्वाचनले जनताको जीवनस्तरमा केही परिवर्तन ल्याउँला ?***

निर्वाचन गराउनुको मुख्य ध्येय प्रतिगामी संविधान लागू गराउनु हो । उनीहरुले खुल्ला रुपमा भन्दै आएको पनि के हो भने संविधान जारी त भयो तर लागु भएन, स्थापित गराउन सकिएन । त्यसका लागि आयोजना गरिएको हो चुनाव । २० वर्ष चुनाव नभएको मुद्दालाई आधार बनाएर उनीहरुले चुनाव शुरु गरे । सायद माथिल्लो तहबाट निर्वाचन गराएको भए यस्तो आकर्षण, स्थिति नहुन पनि सक्थ्यो होला । संघीयता आइसक्यो, केन्द्रबाट थुप्रो पैसा गाउँमा आउँछ अब जनताले धेरै फाइदा पाउनेछन् भनेर आकर्षित गराएर चुनाव गराए । उनीहरुको उद्देश्य भनेकै चुनाव गराएपछि पश्चगामी संविधान जनताले माने, स्थापित भयो भनेर देखाउनको लागि मात्रै थियो । चुनाव अघि प्रचारप्रसार गरे जस्तो स्थिति त चुनाव पछि आएन । भ्रष्टाचार बढ्यो, करहरु अनावश्यक रुपमा बढाइयो, जनताको दैनिक जीवन निर्वाहमा थप जटिलता थपिया । यस्तै अन्तरविरोधहरुका कारण नै यो संविधान, राज्यसत्ता र व्यवस्था धराशायी बन्ने छ । जनताले सबै कुरा बुझी सकेपछि यो नै प्रतिक्रान्तिकारीहरुको लागि काल हुनेछ । जनताले विस्तारै बुझ्दै गइरहेका छन् ।

***स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गरेर आमजनतालाई देजमोले के सन्देश दिन खोजेको हो ? प्रदेश र प्रतिनिधिसभाको निर्वाचन पनि उपयोग गर्नुहुन्छ ?***

यो संविधानले सबैको माग सम्बोधन गरेको छ, सर्वोकृष्ट संविधान हो भनेर कुप्रचार गरिएको थियो, त्यसको विरुद्धमा यो पश्चगामी संविधान हो, प्रतिक्रियावादी संविधान हो भनेर जनतामा लैजान जरुरी थियो । हामी त्यसमा सफल भएका छौं । उनीहरुकै मञ्चमा उभिएर, उपयोग गरेर भण्डाफोर गरेका छौं । पहिलो, भण्डाफोर त अघि पछि गर्न पनि सकिन्थ्यो नै तर चुनावको बेला विशेष प्रकारले गर्न सकिन्छ किनभने त्यसबेला मान्छेहरु सुन्न आउँछन् । दोस्रो, तल्लो तहसम्म नेता कार्यकताहरु नपुगी रहेको अवस्था, माथि मात्रै भएको छाता जस्तो संगठन भइरहेको अवस्थामा चुनावको उपयोग गर्दा गाउँगाउँ, वस्तीवस्ती, टोलटोलमा पुगेर संगठन विस्तार गर्ने योजनाका साथ गयौं । तेस्रो, चुनावलाई बहिष्कार गर्दा पनि जनता भोट हाल्न जाने देखियो । रोक्ने र जाने गर्दा अन्तविरोध सिर्जना हुने देखियो या जनताबाटै कटिने खतरा भयो । त्यसैले हामीलाई भोट हाल्ने जनताको लागि उम्मेदवार उठाईदिएपछि भोट त अर्काको उम्मेदवारलाई हाल्नु परेन नि । त्यसमा पनि, क्रान्तिको अहिले अवस्था भनेको उभार नभई उतारको अवस्था हो । केही सानातिना कमजोरीका बावजुद यो नीति मूलतः सही नै भएको छ । स्थितिमा धेरै ठूलो परिवर्तन नआएकोले प्रदेश र प्रतिनिधि सभाको निर्वाचन पनि देजमोले उपयोग गर्नेछ ।

# भौतिकवाद र मानिस – ३

मानवीय श्रम-विभाजनमाथि कार्ल मार्क्सले देखाए भैं परिवारको प्राकृतिक विभाजन र समाजमा वैयक्तिक परिवारहरुमा विभाजनमा आधारित रहेको छ । मार्क्सले परिवारमा श्रम विभाजनलाई त्यसको पहिलो रुप 'जीवाणु केन्द्र' (गअगभिभक) बताएका छन् । जहाँ स्वास्नी र केटाकेटीहरु लोग्नेका दास रहन्छन् । त्यसको नतिजास्वरुप परिवार र समाजका मानिसहरुका बिच श्रमको असमान वितरण हुन्छ र स्वभाविक रुपले श्रमबाट पैदा हुने उपजहरुको वितरण पनि असमान रहन्छ । यसको अर्थ के हो भने आदिम जमानाको सामूहिकता र सामूहिक मालिकत्वको ठाउँमा श्रम विभाजन र निजी मालिकत्व, निजी सम्पत्ति देखा पर्दछ । निजी सम्पत्तिलाई आधुनिक अर्थशास्त्रीहरुले अरुहरुको श्रमशक्ति हत्याउने शक्तिको रुपमा परिभाषित गरेको कुरा पहिलेको ऐतिहासिक चरणमा पनि पूरै मिल्दो रहेको बताइएको छ । यसमा नै मानिसको काम आफ्नै लागि एउटा पराई शक्ति रहेको तथयलाई उनले निम्न रुपमा दर्शाएका छन् :

'अर्को कुरा, श्रम विभाजनको छुट्टै व्यक्ति वा वैयक्तिक परिवारको स्वार्थ र एक अर्कोसित सामाजिक व्यवहारमा लागेका व्यक्तिहरुको सामुदायिक स्वार्थबीचको अन्तर्विरोधलाई जनाउँछ । र वास्तममा यो सामुदायिक स्वार्थ कल्पनामा मात्र 'सामान्य स्वार्थ' को रुपमा रहेको हुन्न, बरु सर्वप्रथम यथार्थतामा जुन व्यक्तिहरुमाझ श्रम बाँडिएको हुन्छ । तिनीहरुको आपसी अन्तर्निर्भरतामा रहन्छ । अन्त्यमा श्रम विभाजनले जबसम्म मानिस प्राकृतिक समाजमा रहन्छ, अर्थात जबसम्म विशेष र साझा स्वार्थबीच कुनै खाडल रहन्छ, त्यसैले जबसम्म कार्यको विभाजन स्वेच्छा होइन, बरु स्वभाविक रुपमा हुन्छ, तबसम्म कसरी मानिसको आफ्नो काम उसकै विरोधी एउटा पराई शक्ति बन्छ र मानिसले त्यसलाई नियन्त्रणा राख्नुको सट्टा त्यसले उसलाई दास बनाउँछ भन्ने तथ्यको पहिलो दृष्टान्त प्रस्तुत गर्दछ । किनभने श्रमको वितरण अस्तित्वमा आउने वित्तिकै हरेक मानिसको एउटा विशेष एकान्तिक कार्यक्षेत्र हुन्छ र त्यो क्षेत्र उसमाथि लादिएको हुन्छ र त्यसबाट ऊ भाग्न सक्दैन । ऊ एउटा शिकारी, एउटा माझी, एउटा गोठाला वा एउटा समालोचक हुन्छ र यदि ऊ आफ्नो जिविकाको साधन गुमाउन चाँहदैन भने ऊ त्यस्तै रहन्छ....सामाजिक कार्यको यो चीरस्थायित्व, जुन कार्यलाई हामी आफूमाथि एउटा वस्तुगत शक्तिलाई पैदा गर्दछौं, जुन शक्ति हाम्रो नियन्त्रणबाहिर हुर्कन्छ, हाम्रो आशालाई विफल पार्छ, हाम्रो योजनालाई निष्फल बनाउँछ, त्यसको यो सुदृढिकरण अहिलेसम्मको ऐतिहासिक विकासमा एउटा मुख्य तत्व रहेको छ ।'

मार्क्सले माथि शारीरिक र मानसिक श्रम विभाजन भएपछि सच्चा श्रम विभाजन बनेको कुराको उल्लेख गरेका छन् । मानिसद्वारा मानिसको शोषणमा आधारित समाजमा जो मानिसहरु शारीरिक श्रम गर्छन्, तिनीहरु मानसिक श्रममा लाग्ने स्थितिमा रहेका हुन्नन्, किनभने तिनीहरु त्यसका लागि आवश्यक साधनहरुबाट बञ्चित रहेका हुन्छन् , शिक्षा र बौद्धिक क्षेत्रमा शासक वर्गहरुको पूरै रुपमा एकाधिकार रहेको हुन्छ र शोषित र उत्पीडित वर्गहरुका लागि बौद्धिक रुपले आफूलाई उठाउने सम्भावना कम रहन्छ ।

सामाजिक श्रम विभाजन र निजी मालिकत्वमा आधारित समाजमा मानिसको समस्या श्रमको पराईकरणसित सम्बन्धित रहेको छ । मार्क्सले आफ्नो कृति '१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपि' मा 'श्रमको



कृष्णदास श्रेष्ठ

पराईकरणमा' (भकतचवनभभलत या बिदयच) ठूलो जोड दिएका छन् । हेगेल र फ्वारबाखको दर्शनमा पनि 'पराइकरण' अवधाराणा रहेको छ, तर तिनको अवधाराणा अमूर्त खालको रहेको छ । तिनको धाराणाको पूरै विपरित मार्क्सको 'पराइकरण' को धाराणामा ऐतिहासिक तथा वर्गीय सारतत्व निहीत रहेको छ । मार्क्सको उक्त धारणाले निम्न कुराहरुलाई जनाउँछ, श्रमिकहरुले बाध्य भएर शोषक वर्गका लागि काम गर्नुपरेको हुन्छ, र श्रमिकहरुको श्रमबाट उत्पादित चिज शोषकहरु हडप्ने गर्छन । त्यस स्थितिमा मानिसको श्रम पराईकृत (बष्लिलबतभम यिदयच) रहन्छ र उसको श्रमको फल उसकै लागि पराई शक्तिको रुपमा रहन्छ । यी कुरा निजी मालिकत्वमा आधारित स्थिति अन्तर्गत समाजको ऐतिहासिक विकासको लागि एउटा मुख्य विशेषता रहेको छ । श्रमको पराईकरणको रचना कस्तो हुन्छ र त्यसको अभिव्यक्ति कुन रुपमा हुन्छ भन्ने सम्बन्धमा मार्क्स भन्छन् :


'पहिलो कुरा, श्रम मजदुरको लागि बाहिरी चिज रहन्छ, अर्थात त्यो उसको सारभूत जीवनको अधिनस्थ रहेको हुन्न; त्यसैले आफ्नो काममा उसले आफूलाई पुष्टि गर्दैन, बरु आफूलाई नकार्छ, ऊ सन्तुष्ट रहँदैन, बरु दुःखी रहन्छ, उसले आफ्नो शारीरिक तथा मानसिक शक्तिको स्वतन्त्र रुपले विकास गर्दैन, बरु आफ्नो शरीरलाई डल्याउँछ र आफ्नो मानसिक शक्तिलाई नष्ट पार्छ.... तसर्थ, उसको श्रम स्वेच्छिक रहँदैन, बरु बाध्यात्मक रहन्छ, त्यो बाध्य श्रम हो । तसर्थ, त्यो कुनै चासोको पूर्ति रहँदैन; त्यो आफूभन्दा बाहिरको खाँचोको पूर्ति गर्ने एउटा साधन मात्र रहन्छ । त्यसको पराई चरित्र कुन तथ्यमा प्रस्फुरित हुन्छ भन्ने कुनै शारीरिक वा अन्य करकाप नहुने वित्तिकै श्रमलाई महामारीभैं ठानेर परित्याग गरिन्छ । बाह्य श्रम, जुन श्रममा मानिसले आफूलाई पराई बनाउँछ, त्यो श्रम आत्मबलिदानको श्रम हो, पीडायुक्त श्रम हो । अन्त्यमा, मजदुरको लागि श्रमको बाह्य चरित्र कुन तथ्यमा देखा पर्दछ भने त्यो उसको आफ्नो रहँदैन, बरु अरु कसैको हुन्छ, त्यो उसको अधिनमा रहँदैन, श्रममा ऊ आफ्नो अधिनमा हुँदैन, बरु अरुको अधिनमा हुन्छ । जसरी धर्ममा मानवीय कल्पनाको, मानवीय मस्तिष्क र मानवीय हृदयको स्वफूर्त कार्य व्यक्तिबाट स्वतन्त्र रुपमा उत्पादित हुन्छ, अर्थात त्यो एउटा पराई, दैवी वा सैतानी कार्यको रुपमा उसमाथि क्रियाशील रहन्छ । त्यस्तै तरिकाले मजदुरको कार्य उसको स्वफूर्त कार्य रहँदैन । त्यो अर्काको अधिनमा हुन्छ । त्यो उसको स्वत्वको खती हो ।

'तसर्थ, फलस्वरुप मानिसले (मजदुर) ले खानु, पिउनु, सन्तान जन्माउनु वा हद भए आफ्नो बसाई र पहिरन, आदि आफ्ना जनावर कार्यहरुमा बाहेक अरु कुनै कार्यमा आफू स्वतन्त्र रुपले क्रियाशील रहेको अनुभव गर्दैन, र आफ्नो मानवीय क्रियाकलापमा आफू जनवारबाहेक अरु कुनै चिज रहेको अनुभव गर्दैन । जुन जनावर-कार्य छ त्यो मानवीय बन्छ र जुन मानवीय छ, त्यो जनावर-कार्य रहन्छ ।'

मानव जातिको इतिहासमा वैरभावयुक्त सामाजिक सम्बन्धहरुका तीन रुप देखा परेका छन् : दास, सामन्ती तथा पुँजीवादी । ति तीन प्रकारका सम्बन्धहरु अनुसार पराईकृत श्रमका तीन रुपहरु देखा परेका छन् । दास व्यवस्थामा दास-मालिकहरुद्वारा दासहरुको श्रमको शोषण मात्र हुने होइन, दासहरु समेत तिनका सम्पत्तिको रुपमा रहने गर्दछन्, जसलाई मालिकहरुले किनबेच गर्न सक्दछन् । दासको कुनै आफ्नो भन्ने चिज हुँदैन, उसको समग्र जीवन र काममा मालिकको अधिकार हुन्छ । त्यो श्रमको मात्र होइन, व्यक्ति स्वयम्को पराईकरण हो । सामन्ती व्यवस्थामा उत्पादकहरु (किसानहरु) सामन्ती मालिकको जमिनदारीमा काम गर्दछन्, र मालिकमाथि तिनको व्यक्तिगत निर्भरता रहन्छ । जुन जमिनदारमा किसान आफ्नो परिश्रम बनाउँछ, त्यो सामन्ती मालिकको सम्पत्ति रहेको हुन्छ र त्यसबाट किसानको श्रमबाट प्राप्त हुने फलको ठूलो भाग जग्गा-मालिकले प्राप्त गर्छ । यस व्यवस्थामा सामन्ती मालिकका लागि गरिने बेठवेगारी र उसलाई बुझाइने जमिनबाट प्राप्त फलको हिस्सा पराईको लागि गरिएको श्रमको रुप हो । पूँजीवादी समाजमा वास्तविक श्रमको पराईकरण हुन्छ । मजदुरले ज्यालामा पाउने मूल्यभन्दा बढी पैदा गर्ने मूल्य जसलाई अतिरिक्त मूल्य भनिन्छ, त्यो पुँजीपतिको हुन्छ ।

क्रमशः .....

# क्रान्तिकारी नैतिकताबारे–२



## ● हो चि मिन्ह

हाम्रो पार्टीको जन-चरित्र छ, र यसका लाखौं सदस्यहरु छन् । मुलुकको परिस्थितिले अधिकांश पार्टी सदस्यहरु निम्न-पुँजीपतिवर्गबाट आएका छन् । यसमा कुनै आश्चर्यको कुरो छैन । शुरुमा, पुँजीवादी विचारधाराको प्रभावमा परेर, केही पार्टी सदस्यहरुको अडानमा दरोपनाको अभाव हुनसक्छ, उनीहरुको दृष्टिकोण भ्रमात्मक हुनसक्छ र उनीहरुको सोचाइ बिलकुल गलत हुनसक्छ, तर तिनीहरु क्रान्ति र प्रतिरोध-युद्धमा खारिएका छन् भन्ने तथ्यले गर्दा हाम्रो पार्टीका सदस्यहरु मुख्य रुपमा असल लडाकू हुन र पार्टी र क्रान्तिप्रति इमान्दार छन् ।

........ *क्रमशः*

ती कामरेडहरुलाई के थाहा छ भने गल्ती गर्ने पार्टी सदस्यहरुले जनतालाई गलत बाटोमा लैजान्छन् । त्यसैले, तिनीहरु समयमै आफ्ना गल्तीहरुलाई सच्याउन तयार हुन्छन् र स-साना गल्तीहरुलाई ठूलो गल्तीमा बढ्न दिदैनन् । तिनीहरुले आलोचना र आत्मालोचनालाई इमान्दारीपूर्वक व्यवहारमा प्रयोग गर्छन ।

यो क्रान्तिकारी नैतिकताको अनुरुप छ । धेरै वर्षको आफ्नो भूमिगत क्रियाकलापको बेलामा, हाम्रो पार्टीले उपनिवेशवादीहरुको कठोर दमन खप्नु पऱ्यो र त्यसले असंख्य कठिनाई र खतरा भोग्नु पऱ्यो, तर पनि पार्टी दिन-परदिन विकसित र बलियो हुँदै गयो र अनि त्यसले क्रान्ति र प्रतिरोध-युद्धलाई विजयसम्म बढायो । यो आलोचना र आत्मालोचनाको तिखो हतियारको प्रभावकारी प्रयोगले गर्दा भएको हो ।

तर अझसम्म केही पार्टी सदस्यहरु यस्ता, जो व्यक्तिवादलाई हटाउन असमर्थ भएकोले हठ्ठी र घमण्डी छन् र आफ्ना खुबीको तारिफ गरिरहन्छन् । उनीहरु अरुको आलोचना गर्छन र अरुले आफ्नो आलोचना गरेको मन पराउँदैनन् । उनीहरु आत्मालोचनालाई हटाउँछन् र विनाइमान्दारी र विनागम्भीरताले त्यसलाई व्यवहारमा प्रयोग गर्छन । तिनीहरु आफ्नो मुख रातो होला र आफ्नो बेइज्जत होला भनेर डराउँछन् । तिनीहरुले जनताको रायप्रति ध्यान दिदैनन् र गैरपार्टी कार्यकर्ताहरुलाई हेला गर्छन । तिनीहरु के बुझ्दैनन् भने आफ्नो काममा कुनै गल्ती नै नगर्नु गाह्रो छ । हामीहरु सम्भाव्य गल्तीहरुदेखि डराउँदैनौ, बरु त्यसलाई दृढतापूर्वक सच्याउन नसकिएला भनी डराउँछौं । त्यसलाई सच्याउन, हामीले जनताद्वारा गरिने आलोचनामा ध्यान दिनुपर्छ र इमान्दारीपूर्वक आत्मालोचना गर्नुपर्छ । नत्रभने हामी पछि पर्नेछौं र हाम्रो अवनति हुनेछ, जसले गर्दा, जनताले हामी पन्छाउने छन् । यो व्यक्तिवादको अनिवार्य परिणाम हो ।

मजदुर वर्ग र श्रमजीवी जनताका शक्तिहरु विशाल र असीमित छन् । तर यदि उनीहरुले विजय प्राप्त गर्ने हो भने पार्टीले उनीहरुको नेतृत्व गर्नुपर्छ । त्यसका साथै, यदि क्रान्तिमा विजय प्राप्त गर्ने हो भने पार्टी आम जनताको नजिक रहनु पर्छ र त्यसले उनीहरुको दक्षतापूर्वक संगठन र नेतृत्व गर्नुपर्छ ।

जनतासँग एक ढिक्का भएर मिल्नुमा, उनीहरुको विश्वास प्राप्त गुर्नमा र उनीहरुको रायप्रति ध्यान दिनुमा क्रान्तिकारी नैतिकता रहेको छ । आफ्ना कुरा र कामहरुद्वारा पार्टी र श्रमिक युवा संघका सदस्य र कार्यकर्ताहरुले जनतको विश्वास, सम्मान र माया प्राप्त गर्छन र उनीहरुलाई संगठित, शिक्षित र परिचालन गर्छन, जसले गर्दा उनीहरुले पार्टीका नीति र प्रस्तावहरुलाई उत्साहपूर्वक कार्यान्वित गर्नेछन् ।

हामीले क्रान्ति र प्रतिरोध-युद्धको बेलामा त्यसै गरेका छौं । तर अहिले व्यक्तिवादले हाम्रो कतिपय कमरेडहरुलाई शिकार बनाइरहेको छ । आफू हरेक कुरोमा चलाख रहेको दाबी गरेर तिनीहरु जनताबाट अलग हुन्छन्, जनताबाट सिक्न इन्कार गर्छन र जनताको शिक्षक मात्र बन्न चहान्छन् । तिनीहरु जनतामाझ संगठन, प्रचार र शिक्षाको काममा लाग्न अनिच्छुक छन् । तिनीहरु नोकरशाही र हुकमवादबाट आक्रान्त छन् । फलस्वरुप, जनताले तिनीहरुलाई न विश्वास गर्छन, न सम्मान गर्छन र माया त विल्कुल गर्दैनन् । अन्तमा तिनीहरुले केही पनि गर्न सक्दैनन् ।

हाम्रो देशको उत्तरी भाग समाजवाद तर्फ बढिरहेको छ । यो लाखौं श्रमीवी जनताको जरुरी आकांक्षा हो । यो हाम्रै पार्टीको नेतृत्व अन्तर्गत श्रमजीववी जनताको सामूहिक काम हो । समाजवादको निर्माणको लागि व्यक्तिवाद ठूलो बाधक हो । त्यसैले, व्यक्तिवादको उन्मूलनको लागि चलाइने संघषके सफलताबाट समाजवादको सफलतालाई अलग पार्न सकिदैन ।

व्यक्तिवादको विरुद्ध संघर्ष गर्नुको अर्थ "व्यक्तिको हितलाइ कुल्चनु" होइन । हरेक व्यक्तिका आफ्नै स्वभाव, आफ्नै खुवी , आफ्नो जीवन र आफ्नो परिवारको जीवन हुन्छन् । व्यक्तिको हित सामूहिक हितको विपरित नभएमा त्यसमा कुनै नोक्सानी छैन । तर के कुरा बुझ्नु पर्छ भने समाजवादी व्यवस्था अन्तर्गत मात्र प्रत्येक व्यक्तिले आफ्नो निजी जीवनमा सुधार ल्याउन र आफ्नो व्यक्तित्व र आफ्ना बलिया गुणहरुको विकास गर्न सक्छ ।

मानिसप्रति सम्मान देखाउनमा, उसको न्यायोचित व्यक्तिगत स्वार्थ प्रति उचित ध्यान दिनमा र सो स्वार्थ पूर्तिलाई सुनिश्चित पार्नमा कुनै पनि व्यवस्था समाजवाद र साम्यवादको बराबरी छैन । जुन समाजमा शोषकवर्गले शासन चलाएको हुन्छ, त्यस्तो समाजमा सो वर्गका केही मानिसहरुको व्यक्तिगत स्वार्थ मात्र पूरा हुन्छ, तर श्रमजीवी जनताको हितलाई पैतलामुनि कुल्चिन्छ । तर समाजवादी र साम्यवादी व्यवस्थामा जसमा श्रमजीवी जनता मालिक हुन्छन्, हरेक मानिस समूहको एउटा अंश रहन्छ, उसले समूहमा निश्चित भूमिका खेल्छ र समाजलाई आफूले सकेको देन दिन्छ । त्यसैले, व्यक्तिको हित समूहको हितभित्र रहन्छ र त्यसको अंश रहन्छ । समूहको स्वार्थ पूरा भएपछि मात्र व्यक्तिको स्वार्थ पुरा गर्न सकिन्छ ।

व्यक्तिको हित समाजको हितसित घनिष्टरुपले गाँसिएको हुन्छ । ती दुईबीच कुनै अन्तर्विरोध भएमा, क्रान्तिकारी नैतिकताले के अपेक्षा गर्छ भने व्यक्तिले हितले सामूहिक हित सामू समर्पण गरुन् ।

क्रान्तिको निरन्तर प्रगति हुन्छ । पार्टीले पनि निरन्तर प्रगति गर्छ । र क्रान्तिकारीले पनि निरन्तर प्रगति गर्नुपर्छ ।

क्रान्तिकारी आन्दोलनमा लाखौं जनता संलग्न हुन्छन् । क्रान्तिकारी काममा हजारौं जनताले ज्यादै जटिल र कठिन कामहरुमा समावेश छन् । सारा जटिल परिस्थितिहरुको मुल्यांकन गर्न, अन्तर्विरोधलाई स्पष्टसँग देख्न र विभिन्न समस्याहरु ठीकसँग समाधान गर्न सक्नाको लागि हामीले मार्क्सवाद-लेनिनवादको अध्ययन गर्न प्रयास गर्नुपर्छ ।

यसो गरेर मात्र हामीले आफ्नो क्रान्तिकारी नैतिकतालाई दरिलो पार्न सक्छौं, दरोसँग आफ्नो अडानलाई कायम राख्न सक्छौं, आफ्नो सैद्धान्तिक र राजनैतिक स्तर उठाउन सक्छौं र पार्टीद्वारा आफूलाई सुम्पिएका कामहरु पुरा गर्न सक्छौं ।

मार्क्सवाद-लेनिनवादको अध्ययन गर्नुको अर्थ त्यस भावनालाई सिक्नु हो, जुन भावनाले मानिसले सबै चीजहरुसित र आफूसित व्यवहार गर्नुपर्छ । यसको अर्थ हो हाम्रो देशको व्यवहारिक अवस्थामा रचनात्मक ढंगले लागू गर्नको लागि सर्वव्यापी मार्क्सवादी-लेनिनवादी सत्यहरुको अध्ययन गर्नु । हामीले कामलाई ध्यानमा राखेर अध्ययन गर्नु पर्छ । सिद्धान्तले व्यवहारसित हातमा हात मिलाएर बढ्नु पर्छ ।

तर केही क्याडरहरु मार्क्सवाद-लेनिनवाद सम्बन्धी किताबहरु कण्ठस्थ मात्र पार्छन । तिनीहरु के सोच्छन् भने मार्क्सवाद-लेनिनवादबारे अरुहरुले भन्दा राम्ररी उनीहरुले बुझेका छन् । तर जब व्यवहारिक समस्या समाना गर्नु पर्ने हुन्छ, तिनीहरु या त यान्त्रिक ढंगले काम गर्छन या अन्योलमा पर्छन र तिनीहरुका काम र कुराहरु मिल्दैनन् । तिनीहरु मार्क्सवादी-लेनिनवादी भावना प्राप्त गर्न खोज्दैनन् । तिनीहरु आफ्नो ज्ञानको प्रदर्शन मात्र गर्न चाहन्छन् , तर क्रान्तिकारी काममा त्यसलाई लागू गर्न चाहँदैनन् । यो पनि व्यक्तिवाद हो ।

व्यक्तिवादले सयौं खतरनाक रोगहरु पैदा गर्छ : नोकरशाही, हुकुमवाद, संकीर्णतावाद, मनोगतता, भ्रष्टाचार, फजुल खर्च । त्यसले आफ्ना शिकारहरुलाई कसेर बाँध्छ र तिनीहरुको आँखामा पट्टी बाँधिदिन्छ, र तिनीहरुको प्रत्येक कार्वाही वर्ग तथा जनताको हितप्रति चासोद्वारा निर्देशित नभइकन सम्मान र पद प्राप्त गर्ने तिनीहरुको इच्छाद्वारा निर्देशित रहन्छ ।

व्यक्तिवाद समाजवादको कठोर शत्रु हो । क्रान्तिकारीले यसलाई खतम पार्नै पर्छ ।


अहिले हाम्रो पार्टी र जनताको काम हो उत्पादन बढाउन र मितव्ययितालाई व्यवहारमा प्रयोग गर्न कोशिस गर्नु जसले गर्दा उत्तरको निर्माण गर्न सकियोस्, विस्तार विस्तार त्यसलाई समाजवादतर्फ लैजान सकियोस र देशको पुनःएकीकरणको लागि त्यसलाई बलियो आधारमा फेर्न सकियोस् । यो ज्यादै गौरवशाली काम हो । पार्टी र श्रमिक युवा संघका सबै सदस्यहरुले पार्टीभित्र र बाहिरका सबै कार्यकर्ताहरुले पार्टी र जनताको सेवामा आफ्नो जीवन अर्पण गर्न दृढ संकल्प गरुन् । यो क्रान्तिकारीको उच्च गुण हो । यो क्रान्तिकारी नैतिकता हो । पार्टी र वर्ग भावन हो र यसले पार्टी, वर्ग र जनताको लागि विजयलाई सुनिश्चित पार्छ ।

क्रान्तिकारी नैतिकता आकाशबाट त्यसै खस्दैन । दिनदिनै संघर्ष र प्रयत्न गरेर नै यो विकसित र दरिलो बन्छ । निलो पत्थर भैं, जति जति पालिस लगायो उति उति यो चम्किन्छ । सुन जस्तै, जति पगाल्यो उति यो शुद्ध हुन्छ । आफ्नो क्रान्तिकारी नैतिकताको विकास गर्नुभन्दा सुख र गौरवको ठूलो श्रोत अरु के हुन सक्छ, जसले गर्दा समाजवादको निर्माण र मानवजातिको मुक्तिको लागि उचित योगदान गर्न सकियोस ।

म दिलैदेखि के आशा गर्छु भने पार्टी र श्रमिक युवा संघका सबै सदस्यहरु र पार्टीभित्र र बाहिरका सबै कार्यकर्ताहरुले कठिन प्रयत्न र प्रगति गर्नेछन् ।

समाप्त

# क्युवाली क्रान्तिबाट लिनुपर्ने शिक्षा



● हस्तबहादुर केसी ●

संयुक्त राज्य अमेरिकाको नाकैमुनी रहेको क्युबामा सन् १९५९ जनवरी १ तारिखका दिन क्रान्ति सम्पन्न भएको थियो । क्युवाली क्रान्तिको नेतृत्व फिडेल क्यास्ट्रो र चे ग्वेभाराले गरेका थिए । फोकोवादमा आधारित सशस्त्र संघर्षद्वारा गाउँदेखि सहरिया सत्ता कब्जा गर्ने नीति अनुसार क्युवाली क्रान्तिको सफलताले विश्वमा दादागिरी मच्चाई रहेको अमेरिकी साम्राज्यवादलाई एक थप्पड दिएको थियो भने विश्वभरका सर्वहारा क्रान्तिकारीहरुका बिचमा क्रान्तिको आशावादमा रक्तसंचार गरेको थियो ।

क्युवा मध्य अमेरिकाको क्यारेवियन द्वीप समूह मध्येको एक ल्याटिन अमेरिकी राज्य हो । यो क्यारेवियन र उत्तर एटलान्टिक महासागरमा अवस्थित टापु राज्य हो । क्युवाको राजधानी हवाना हो । यसको क्षेत्रफल १,१०,८६० वर्गकिलोमिटर रहेको छ । क्युवा अमेरिकाको फ्लोरिडा राज्यभन्दा ८० किलोमिटर टाढा छ । सन् २००८ जुलाइमा भएको जनगणना अनुसार क्युवाको जनसंख्या १,१४,२३,९५२ रहेको छ । क्युवा सन् १९०२ मे २० मा स्पेनको उपनिवेशाबट स्वतन्त्र भएको थियो ।

क्युवाको क्रान्ति (Cuban Revolution) सन् १९५९ मा सम्पन्न भएको क्रान्ति हो । विश्व कम्युनिस्ट आन्दोलनमा यस क्रान्तिलाई क्युवाली क्रान्ति भनिन्छ । क्युवाली क्रान्तिको नेतृत्व फिडेल क्यास्ट्रो र चे ग्वाभाराले संयुक्त रुपमा गरेका थिए । अमेरिकाको अत्यन्तै निकट रहेको यो क्रान्ति विश्वका लागि अत्यन्त महत्वपूर्ण घटना मानिन्छ । यो क्रान्तिको सुरु ८२ जना क्रान्तिकारीहरुले तानाशाह बाटिस्टाको सुसज्जित सेनासँग लड्न सुरु गरेर सफलता हासिल गरेको यो आफ्नै किसिमको रणनीतिमा सम्पन्न भएको क्रान्तिको रुपमा लिइन्छ । क्युवाली क्रान्ति सुरु गरिएको तीन वर्ष भित्रै सफल भएको थियो । यस क्रान्तिमा किसानहरुले महत्वपूर्ण भूमिका निभाएका थिए । स्मरण रहोस् सन् १९५६ मा मध्यल्याटिन अमेरिकी देश क्युवा तानाशाह बाटिस्टाको अमेरिकी समर्थित सरकारको कुशासन, जनघात, राष्ट्रघातका विरुद्ध यो क्रान्ति प्रारम्भ गरिएको थियो । विरोधिहरुलाई निर्मम दमन गरिने हुँदा बाटिस्टा तानाशाही सरकारप्रति जनता आक्रोसित थिए । यसै अवस्थामा अल्वाटोयाबोले सहयोग गरि गुरिल्ला प्रशिक्षण सुरु गरी क्रान्तिको योजना लागु गर्ने काम फिडेल क्यास्ट्रो र चेग्वभाराद्वारा भएको थियो । यी विद्रोही गुरिल्लाहरुलाई सरकारले पक्राउ गरेको थियो । तर जेलमुक्त भएपछि पुनः सक्रिय भै आन्दोलनलाई अगाडि बढाउन थालियो । यसै क्रममा सरकार र गुरिल्लाहरुबीच सन् १९५७ देखि देशका विभिन्न ठाउँमा मुडभेड सुरु भयो । एकपछि अर्को सफलता प्राप्त हुँदै गए । ग्रामीण इलाकाहरुमा आधार इलाकाहरु निर्माण गरेर  जनसत्ताहरु सञ्चालन गरियो । ग्रामीण इलाकाहरुबाट क्रान्तिकारी वैकल्पिक सरकार निर्माण गरेर मुलुकलाई जनसत्ताले चारैतिरबाट घेर्ने र सत्रुलाई गाउँबाट निकालेर सहरतिर खेद्ने अभियानलाई तीव्र रुपमा अगाडि बढाइयो । मुलुकका सम्पूर्ण गाउँहरु शत्रुबिहीन बनाउदै लगियो ।


गाउँबाट सहरतिर आधार इलाकाहरु निर्माण र त्यस पछि लाखौं युवाहरुलाई गुरिल्लामा भर्ती गराइयो । भीषण गुरिल्ला युद्ध सुरु गरी सन् १९५८ को अगस्ट देखि अन्तिम युद्ध सुरु गरियो । सन् १९५९ जनवरी १ तारिखका दिन राजधानी हवाना कब्जा गरेपछि क्युवाको क्रान्ति सफल भयो । र, त्यसपछि फिडेल क्यास्ट्रोको नेतृत्वमा जनवादी सरकार गठन गरियो । सम्पूर्ण बैंक र वित्तीय संस्थाहरू, जेल, ब्यारेक र एयरपोर्ट तुरुन्तै कब्जा गरियो । दलाल, नोकरशाह, पुँजीपति र सामन्त वर्गसँग रहेको जमिन र सम्पूर्ण सम्पत्ति जफत गरेर राष्ट्रियकरण गरियो । जनतालाई मुक्त गरेर मुलुकको मालिकमा परिणत

गरियो । राजधानी क्युवामा कम्युनिस्ट पार्टीको लाल झण्डा फहराईयो । साथै क्रान्तिको विजयको झण्डा पनि सगौरव हवानामा फहराइयो । र कम्युनिस्ट लाल सत्ता कायम गरियो । हवानामाथि कब्जा क्युवाली क्रान्तिको अन्तिम विजय थियो ।

राजधानी हवाना कब्जा गर्नु भन्दा पहिले मुलुकका तीनवटा मुख्य सहर सान्ताक्लारा, क्यामागुये र सान्टियागो शहर समेत कब्जा गरिएको थियो । यसरी क्युवाली छापामार हरुले सम्पूर्ण देशलाई मुक्त गरेका थिए । र क्युवाली क्रान्ति सफल भएको घोषणा गरिएको थियो । अनि क्रान्ति सफल भयो र क्युवाली जनताको मुक्तिको चाहना, स्वतन्त्रता र समानता प्राप्त गर्ने चाहना । क्युवाली जनताको यो सफलताले देशभरी उत्साह र उग्र उत्तेजनाको लहर फैलिनु स्वाभाविक थियो, त्यो भयो त्यहाँ ।

यति महान क्युवाली क्रान्तिलाई तीन वर्षकै बिचमा सफलतामा पुऱ्याउन नेतृत्व गर्ने फिडेल क्यास्ट्रो र चे ग्वेभाराहरु को थिए ? यो साहसी, निडर, देश, जनता र क्रान्तिप्रति प्रतिबद्ध, लडाकू व्यक्तिहरु को थिए ? तिनीहरुलाई चिन्न र जान्न आवश्यक छ र उनीहरुबाट पनि महत्वपूर्ण शिक्षा ग्रहण गर्न जरुरी छ । उनीहरुका बारेमा यहाँ छोटो चर्चा गर्न आवश्यक हुन्छ नै ।

फिडेल क्यास्ट्रो (Fidel Castro) क्युवाली क्रान्तिका महानायक समाजवादी नेता क्युवाको क्रान्ति पछिको जनवादी



गणतन्त्र क्युवाको पहिलो राष्ट्रपति भएका थिए । उनको जन्म सन् १९२६ अगस्ट १३ तारिखका दिन Biran Holguim Province Cuba मा भएको थियो । सन् १९४८ मा Mitra Diaz Balart सँग विवाह भएको थियो । उनले हवाना विश्वविद्यालयमा कानुनको अध्ययन गर्दा खेरी नै वामपन्थी विचारबाट प्रेरित भई क्रान्ति र विद्रोहको राजनीति सुरु गरेका थिए । २० मार्च १९५६ मा अमेरिकाको पिठ्यु बाटिस्टाले क्युवाको सत्ता कब्जा गरेपछि यसका विरुद्ध विद्रोह र क्रान्ति सुरु गरी सन् १९५९ मा क्रान्ति सम्पन्न गरेका थिए । चे ग्वेभाराको सहयोगीका रुपमा र क्रान्तिका योद्धाका  रुपमा उनी क्रान्ति सम्पन्न भएपछि क्युवाको पहिलो राष्ट्रपति र प्रधानमन्त्री समेत भएका थिए । अमेरिकाको व्यापक दबाब र नाकाबन्दी रहेको अवस्थामा पनि आफ्नो मुलुकको रक्षा गरि समाजवादको निर्माण गर्ने काममा क्यास्ट्रोले जीवनभर संघर्ष गरेका थिए ।

लामो विरामीपछि २००६ को जुलाईदेखि उनले आफ्नो कार्यभार आफ्ना भाई राहुल क्यास्ट्रोलाई हस्तान्तरण गरेका थिए । अमेरिकी साम्राज्यवादका सामु कहिल्यै नझुकेका क्युवाली क्रान्तिका नायक र समाजवादका निर्माणकर्ता फिडेल क्यास्ट्रोको ९० वर्षको उमेरमा सन् २०१६ नोभेम्बर २५ का दिन मृत्यु भएको थियो ।

क्युवाली क्रान्तिका अर्का वीर योद्धा अर्जेन्टिनामा जन्मेका र क्युवाली क्रान्तिका नेता तथा जनवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ भनी आजीवन क्रान्तिमा नै समर्पित हुने महान् क्रान्तिकारी विचारक र सिद्धान्तकार व्यक्तित्व अर्नेस्टो चे ग्वभारा हुन् । उनको जन्म सन् १९२८ जुन १४ तारिखका दिन शेसारियो अर्जेन्टिनामा भएको हो ।

छापामार रणनीतिका उत्प्रेरक तथा विश्वका महान क्रान्तिकारी चे ग्वेभाराले ल्याटिन अमेरिकी मुलुकमा छापामार युद्धद्वारा साम्यवादी क्रान्ति सम्पन्न गर्ने नवीनतम धारा सुरु गरेका थिए । उनले युद्ध र  क्रान्तिका लागि वस्तुगत परिस्थिति निर्माण नभइसकेको अवस्थामा पनि छापामार युद्धद्वारा साम्यवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन गर्नुका साथै क्युवामा क्रान्ति सफल गरी समाजवादी राज्य स्थापना गर्ने काममा क्युवाली क्रान्तिकारीहरुलाई साथ दिएका थिए । क्रान्तिको सफलतापछि क्युवाली सरकारले उनलाई नागरिकता प्रदान गरेको थियो र शिक्षा मन्त्री समेत नियुक्त गरेको थियो । तर विश्व क्रान्तिको सपना बोकेका चे ग्वेभाराले क्युवाको नागरिकता र शिक्षामन्त्रीको पद त्यागेर विश्व क्रान्तिलाई अगाडि बढाउने महान उद्देश्यका साथ उनले बोलिभियामा छापामार युद्ध सुरु गरेका  थिए । तर अमेरिकी गुप्तचर विभाग CIA का गुप्तचरहरुद्वारा त्यहाँका क्रान्ति विरोधीहरुसँग सम्पर्क कायम गरी सन् १९६७ अक्टुबर ९ तारिखका दिन बोलिभियाको जंगलमा चे ग्वेभाराको हत्या गरिएको थियो ।

चे ग्वभाराले जनताबीच रहेर छापामार युद्ध संचालन गर्ने जनयुद्धको तरिका भन्दा भिन्न प्रशिक्षित छापामारहरुबाट क्रान्ति सम्पन्न गर्नु पर्दछ र एउटा मुलुकमा मात्र क्रान्ति सीमित नराखी विश्वका विभिन्न मुलुकहरुमा फैलाउँदै जानुपर्छ भनी सिद्धान्त र व्यवहारलाई अनुवाद गरेकाले उनलाई महान् क्रान्तिकारीको रुपमा लिइन्छ । उनको विचारलाई सन् १९६७ मा सेन्टियागो सम्मेलनले स्वीकार गरे पछि क्रान्तिकारी कम्युनिस्टहरुको यो सैद्धान्तिक रणनीतिक सिद्धान्त पनि बनेको छ ।

कुशाग्र बुद्धिका धनी चेले चिकित्साशास्त्र अध्ययन गरेर डाक्टर बनेका थिए । पुँजीवाद समाप्त भई साम्यवाद स्थापना हुने कुरामा विश्वस्त थिए अर्नेस्टो चे ग्वेभारा । उनको विचारमा जनताको सेनाले प्रतिक्रियावादी सरकारको नियमित सेनालाई हराउन सक्छ र क्रान्तिका लागि परिस्थितिको आवश्यकता पर्दैन भन्ने विचार थियो । युद्धबाट नै परिस्थिति उत्पन्न हुन जान्छ र क्रान्तिको आधारक्षेत्र दक्षिण अमेरिकामा ग्रामीण क्षेत्र हुनु पर्छ, छापामार सेनालाई विद्रोहको पाठ सिकाउनु पर्छ, जब छापामार सेना पर्यावरणको अंश बन्न पुग्दछ, त्यस अवस्थामा आधार इलाकामा सक्रियता बढाउनु पर्दछ भन्ने उनको छापामार रणनीति रहेको थियो ।

चेले सिद्धान्तका बारेमा स्पष्ट गर्दै प्रत्येक परिवर्तनको गर्भबाट सिद्धान्तले जन्म लिन्छ भन्दै मार्क्सवादी-लेनिनवादी सिद्धान्तको अनुशरण गर्ने कुरालाई चेले अस्वीकार गरेको पाइन्छ । उनीमा नवमार्क्सवादीहरुको प्रभाव परेको देखिन्छ । आफ्नै परिस्थिति र परिवर्तनसँग सिद्धान्त स्वयंले जन्म लिने उनको धारणा रहेको पाइन्छ । त्यसैले उनले जडसुत्रवादको सट्टा सिर्जनशीलतालाई जोड दिने गरेका थिए ।

क्युवाली क्रान्ति सम्पन्न भएको आज ५८ वर्ष पुरा भइसकेको छ । अनेक नाकाबन्दी, धम्कीका बाबजुद अमेरिकाको नाकैमुनि रहेर उसलाई थर्काएर अडिग रहने ल्याटिन अमेरिकी मुलुक क्युवाले आफूलाई विश्वमै अनुपम उदाहरण दिन सफल भएको छ । फिडेल क्यास्ट्रो अमेरिकी साम्राज्यवादका सामु कहिल्यै पनि झुकेनन् । उल्टै शीर ठाडो राखेर गौरवपूर्ण जीवन बिताएर आफूलाई एउटा उदाहरण प्रस्तुत गर्न सफल मात्र भएनन् विश्वका क्रान्तिकारीहरुलाई महत्वपूर्ण शिक्षा प्रदान गरेर यस धर्तीबाट विदा भएका छन् क्युवाली क्रान्तिका महानायक फिडेल क्यास्ट्रो ।

अमेरिकी साम्राज्यवादले फिडेल क्यास्ट्रोलाई हत्या गर्न उनको जीवनभर अनेक षडयन्त्र रच्यो । उसले CIA को हजारौं CID हरुलाई क्युवामा खटाएर क्याष्ट्रोलाई हत्या गर्न सयौं षडयन्त्रका तानावानाहरु बुनिरह्यो । खरबौं डलर खर्च गऱ्यो तर यसमा अमेरिकी साम्राज्यवाद असफल भयो । फिडेल क्यास्ट्रोले विजय प्राप्त गरेर अमेरिकालाई निकम्मा सावित गराई छाडे । जसका कारण उनी अमर बनेका छन् ।

स्मरण रहोस्, आज अमेरिकी साम्राज्यवादबाट रत्तिभर नडराउने विश्वमा क्युवा र उत्तर कोरिया गरी यी दुईवटा समाजवादी राष्ट्रहरुमात्र नमूना बनेका छन् । अतः हामी नेपालका क्रान्तिकारी कम्युनिस्टहरुले क्युवाली क्रान्ति र फिडेल क्यास्ट्रो तथा चे ग्वेभाराको क्रान्तिकारी जीवनबाट के पाठ सिक्ने र के शिक्षा लिन सक्छौं तथा यी शिक्षाहरुलाई नेपाली क्रान्तिका लागि उपयोग गर्न सक्छौं ? यो ज्यादै महत्वको सवाल हो ।

आज महान रुसी अक्टुबर क्रान्ति सम्पन्न गरिएको सय वर्ष पुरा हुदैछ र संसारभरका क्रान्तिकारी सर्वहाराहरुले अक्टुबर क्रान्तिको शतवार्षिकी धुमधामका साथ मनाउन गइरहेका छन् । महान अक्टुबर क्रान्ति सम्पन्न भएको यस १०० वर्षका बिचमा क्रान्तिकारीहरुले क्रान्तिकारी पार्टी निर्माणमा के कस्तो अनुभव बटुलेका छन् त ? यसबाट के शिक्षा लिने र आ-आफ्ना देशको क्रान्तिका लागि उपयोग गर्ने प्रश्नहरु पनि उठान भइरहेका छन् । यो सँग विश्वभरका क्रान्तिकारी सर्वहाराहरुले क्युवाली क्रान्तिको शिक्षालाई पनि जोड्न जरुरी छ ।

महान् अक्टुबर क्रान्तिबाट निर्माण गरिएको सोभियत सत्तामाथि प्रतिक्रान्ति भएर त्यहाँ पुँजीवादी शासन चलिरहेको छ । सन् १९४९ मा सम्पन्न गरिएको महान् चिनिया नयाँ जनवादी क्रान्ति र त्यसपछि निर्माण गरिएको समाजवादी व्यवस्थामा पनि प्रति क्रान्ति भयो र चीनमा पुँजीवादको विकास भइरहेको छ । यी परिघटनाहरुले विश्व कम्युनिस्ट आन्दोलनलाई र विश्वसमाजवादी व्यवस्थालाई रक्षात्मक स्थितिमा पुऱ्याइदिएको छ । र विश्वको क्रान्तिकारी धारा भन्दा संशोधनवादी धारा हाबी भइरहेको अवस्थामा क्युवामा भने आजको २१ औं शताब्दीको विशेषतासहितको समाजवादी राज्यव्यवस्थालाई टिकाएर कुशलतापूर्वक संचालन गरिरहेको यो परिपेक्षमा हामी क्रान्तिकारीले गौरव गर्न जरुरी छ । र यसबाट नयाँ पाठ सिक्न जरुरी छ ।

रुस, चीन लगायतका समाजवादी राज्यसत्ता संचालन गरिरहेका देशहरुमा प्रतिक्रान्ति भएर पुँजीवादको पुनःस्थापना भएर विश्वकम्युनिस्ट आन्दोलन र विश्व समाजवादी शिविरले गम्भीर धक्का खाएर रक्षात्मक अवस्थामा पुगिरहेको बेला अर्थात् अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र नेपाली कम्युनिस्ट आन्दोलन समेत दक्षिणपन्थी अवसरवादको शिकार बनिरहेको बेला अमेरिकी साम्राज्यवादको नाकै मुनी कडारुपमा खडा भएर क्युवाली क्रान्ति सम्पन्न गर्ने ती महान क्रान्तिकारी योद्धा क्यास्ट्रो र चेबाट गहन शिक्षा लिएर क्रान्तिकारीहरुले जीवन-व्यवहारमा उतार्न जरुरी छ । नेपालका क्रान्तिकारी सर्वहाराहरुले अरु कसैभन्दा बढी शिक्षा लिन जरुरी छ ।

दुवैबाट सिक्नु पर्ने मुख्य कुरा भनेको त्याग, तपस्या, बलिदान, वीरता, साहस, धैर्यता, निस्वार्थीपन नै हुन् । अर्को कुरा शत्रुका सामु कहिल्यै नझुक्ने, निडरता पनि हो । यसका साथै उनीहरुबाट सिक्नु पर्ने र क्रान्तिकारीहरुले अनुशरण गर्नै पर्ने कुरा के हो भने देश, जनता र क्रान्तिप्रतिको दृढता र वचनबद्धता नै हो । चेबाट सिक्नु पर्ने अर्को महत्वपूर्ण कुरा अन्तर्राष्ट्रियतावादी विश्वदृष्टिकोण हो । जो उनी अर्जेटिनाको नागरिक भएर क्युवामा गएर क्रान्ति सफल पार्न जीवन अर्पण गरे । क्युवाली क्रान्तिले सफलता प्राप्त गरे पश्चात क्युवाले प्रदान गरेका सम्पूर्ण मान सम्मान र सुविधाहरु त्यागेर विश्व क्रान्तिलाई अगाडि बढाउने उद्देश्यले उनी बोलिभियामा पुगेर छापामार युद्ध संचालन गरेर युद्ध लड्दा लड्दै जुन ज्यान अर्पण गरे यो सबै क्रान्तिकारीहरुका लागि महत्वपूर्ण प्रेरणाको श्रोत हो ।

नेपालको सन्दर्भमा कुरा गर्नु पर्दा झापा विद्रोहका सहिदहरुको ब्याज खादै र महान दश वर्षे जनयुद्धका हजारौं सहिदहरुको ब्याज खादै एकातिर कम्युनिस्ट पार्टीको झण्डा हल्लाउँदै हिँड्ने र अर्कोतिर प्रतिक्रियावादी सत्तामा पुगेर नेपाली जनतामाथि निर्मम शोषण र उत्पीडन मच्चाइरहेका नक्कली कम्युनिस्ट नामधारीहरुलाई राम्ररी चिन्नका लागि पनि फिडेल क्यास्ट्रो र चे ग्वेभाराको क्रान्तिकारी जीवन र आदर्शबाट पाठ सिक्न जरुरी छ ।

कम्युनिस्टहरुले आँट गरे के गर्न सकिन्न र भन्ने उदाहरण क्युवाली क्रान्तिले प्रस्तुत गरेको छ । जस्तो कि ८२ जनाले सुरु गरेको क्रान्तिको यात्राले ३ वर्ष भित्रै अमेरिकाको नाकमुनी रहेको क्युवामा क्रान्ति सम्पन्न गरेर दुनियालाई देखाइदियो । यो क्युवाली क्रान्तिबाट प्राप्त गर्ने सबैभन्दा ठूलो शिक्षा हो ।

तर महान् क्रान्तिकारी र सर्वहारा अन्तर्राष्ट्रियतावादी नेता चेले भने जस्तै क्रान्ति भनेको पाकेपछि आफै भुईमा खस्ने स्याउ जस्तो वस्तु होइन । यसलाई झटारो हानेर खसाल्नु पर्दछ । यो भनेको सर्वहारा वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीको नेतृत्वमा प्रतिक्रियावादी सत्तालाई ध्वंश गरेर सर्वहारा वर्गको सत्ता स्थापना गर्नु पर्दछ भन्ने हो । यसरी मार्क्सवाद-लेनिनवाद-माओवादको मार्गनिर्देशनमा सर्वहारा क्रान्तिको तयारी गर्न सचेत ढङ्गले जुट्नु नै यतिबेला संसारभरीका सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुको प्रमुख दायित्व बनेको छ । यही दायित्व पूरा गरेर नै हामीले नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न र विश्व समाजवादी क्रान्तिको प्रक्रियालाई सहयोग पुऱ्याउन सक्दछौं ।

भाद्र १७, २०७४


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# लोकसाहित्यमा प्रगतिशीलता–२



● मनोहर लामिछाने

(ख) लोकसंस्कृति

सामान्य अर्थमा लोक अर्थात् जनता भन्नु नै निश्चित भूगोलमा बसोबास गर्ने मानिसहरू बुझिन्छ । समुदाय, समाजको विकाससँगै तिनै लोक (जनता) ले गर्ने सामाजिक क्रियाकलापका यावत विषयवस्तु नै लोकसंस्कृति हुन् । जनताले स्विकारेको समाज, समुदायको सामूहिक क्रियाकलाप नै लोकसंस्कृति हो । अझ सरल भाषामा भन्नुपर्दा मानिसले जन्मदेखि मृत्युसम्म र जन्म र मृत्युका अघिपछि गर्ने, भोग्ने क्रियाकलाप र मूल्यमान्यताको समष्टि रूप नै लोकसंस्कृति हो । यसरी हेर्दा मानवीय क्रियाकलापका बहुआयामिक रूप र जीवन जगत् बुझ्ने दृष्टिकोण नै लोकसंस्कृति मान्न सकिन्छ । यस्ता संस्कृति इतिहासका कालखण्डमा उदय भएका छन् र अन्त पनि भएका छन् । संस्कृति सम्बन्धमा किरण लेख्नुहुन्छ– "संस्कृतिको सामान्य अर्थ निर्माण, रचना परिस्कार वा परिमार्जन हुन्छ । संस्कृतिअन्तर्गत मूलतः विचार, आचार, मूल्य, मान्यता, रीतिरिवाज, चालचल, कला आदि आउँछन् ।" (किरण, २०६५, १६) लोकसंस्कृतिका सम्बन्धमा डा. साफल्य अमात्य लेख्नुहुन्छ– "लोकसंस्कृतिलाई हाम्रो प्रकृति, भूगोल, इतिहास, मौसम, रहन सहन र स्वभाव जस्ता कुराले निकै प्रभाव पारेका हुन्छन् ।" (अमात्य, २०६८, १९३)

संस्कृतिका पछाडि धर्मसँग जोड्ने प्रयासका साथै अलौकिक शक्तिको त्रास देखाउँदै गर्दा संस्कृति पनि वर्गीय बन्न पुग्यो । वास्तवमा संस्कृति परालौकिक वा ईश्वरीय देन नभएर स्वयं मानिस आफैले निर्माण गरेका व्यवहार हुन् । अझ भन्ने हो भने संस्कृतिका पहरेदार वा सर्जकहरू श्रमिक वर्ग वा उपेक्षित बहुसङ्ख्यक जनता नै हुन् । तथापि इतिहासको लामो कालखण्डमा विभिन्न जुक्ति र शक्तिले शासक वर्गको हितखातिर नयाँनयाँ आयाम थप्तै धर्म र संस्कृतिलाई एकअर्काको पूरक बनाउँदै कालान्तरमा सामन्तवादी संस्कृतिको विकास गरेको देखिन्छ । जसरी समाज गतिशील हुन्छ, त्यसै गरी संस्कृति पनि लोकबाट स्विकार्दासम्म जीवित हुन्छ भने लोकले नस्विकारे लोप हुँदै जान्छ । वर्गीय समाजमा पनि आआफ्नै विशिष्ट पहिचान बोकेका संस्कृति हुन्छन् । द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई आत्मसात् गर्नेहरू तदनुरूप जनताको उन्मुक्ति, वर्गीय मुक्तिका लागि प्रयोग गरिने मूल्यमान्यता र आदर्शले एउटा छुट्टै संस्कृति बन्न पुग्छ । यसरी संस्कृति निर्माण, अस्वीकार अथवा स्वीकार समाज स्वंयले गर्ने हुँदा सांस्कृतिक परिवर्तन राजनीतिक परिवर्तन जस्तो सजिलो भने छैन । लामो समयसम्मको अभ्यासले अन्तस्करणबाटै स्विकारेको हुँदा तुरुन्तै परिवर्तन गर्न गाह्रो पर्छ । त्यसैले हाम्रा कैयौं लोकसंस्कृतिहरू पुर्खाको नासोको रूपमा बचिरहेका छन् । तर जीवनजगत्लाई हेर्ने दृष्टिकोणमा सामाजिक परिवर्तन हुँदै जाँदा समय सापेक्ष एवं जीवनोपयोगी नभएका परम्परागत संस्कृतिको सट्टा नवीन रूपमा समयअनुसार उपयोगमा ल्याउन सकिन्छ, अपनत्व प्रदान गर्न सकिन्छ । समाजलाई गति दिने जनताका पहिचान एवं गौरवपूर्ण बलिदानको बोध हुने नवीन लोकसंस्कृति बचाउन राज्य र जनस्तरबाट पहल गर्नु पनि त्यत्तिकै आवश्यकता पर्छ ।

(ग) लोकसाहित्यमा प्रगतिशीलता

समाज एकै पटक वर्तमान अवस्थामा आएको होइन । कविलादेखि वर्तमानसम्म आउँदा प्रकृतिसँगको सङ्घर्ष हुँदै विभिन्न समुदाय, वर्गभित्रको अन्तरद्वन्द्व, राज्य शक्तिको उदय, राज्य शक्तिसँगै गाँसिएका धर्म, कानुन, नीतिनियम, प्रथा, परम्परा र त्यस विरुद्ध हुने विद्रोहको अध्यायन, ऐतिहासिक भौतिकवादी दृष्टिकोण अनुरूप समाज बुझ्दा विभिन्न कालखण्डमा भएका विभिन्न सङ्घर्षको प्रतिफल नै वर्तमान समाज हो । विभिन्न समयका समाजको आवश्यकतानुसार विभिन्न प्रकारका वर्ग पक्षधरतायुक्त लोकसाहित्य सिर्जना हुन पुगे । समाज निर्माणकै क्रममा विभिन्न धर्म, दर्शन, शासनबीचको द्वन्द्वबाट जयपराजय, मध्यमार्गी धारहरू, समन्वयवादी तप्काहरूका अथक् प्रयास, सामन्तवादी शासनको अभ्युदयजस्ता कुराहरूमा यथास्थितिवादभन्दा अग्रगमनको सोच नै प्रगतिशीलता हो ।

साहित्य सिर्जनाको प्रसङ्गमा आदर्शवाद, अज्ञेयवाद, अधिभूतवाद, यथास्थितिवाद विरुद्ध अग्रगमनतर्फ प्रेरित भएर लेखिने वा कथिने साहित्य नै प्रगतिशीलता हो । शोषणको जाँतोमा पिसिएका उपेक्षित जाति, क्षेत्र, लिङ्गका साथै श्रमिक किसानलगायत शोषणमा परेका ठूलो हिस्साको उत्थान, उन्मुक्तिको पक्षमा बोल्ने, लेख्ने, सिर्जना हुँदै अग्रगमनमा लैजाने सोच नै प्रगतिशीलता हो । प्रगतिशीलताको सम्बन्धमा विष्णु प्रभात लेख्नुहुन्छ– "समयको चेतनाद्वारा समाजलाई अघि बढाउने अभिप्रायले सिर्जनमा भएका त्यस्ता रचनालाई सामान्य अर्थमा प्रगतिशील भन्ने गरिन्छ ।" (प्रभास, २०६३, १०)

प्रगतिशील साहित्यबारे कैयौं सर्जकहरूले यथास्थितिभन्दा भिन्न वा अग्रगमनतर्फ लैजान सिर्जना गर्दै समाजलाई वैज्ञानिक दिशातर्फ लैजाने प्रयास स्वरुपका विचारलाई स्विकारेका छन् । लोकसाहित्यमा प्रगतिशीलताबारे प्रा.डा. जीवेन्द्रदेव गिरी लेख्छन्– "एक थरी यथास्थितिलाई बल पुऱ्याउने खालका छन् भने अर्को थरी निम्न वर्गका व्यथासँग, एक थरी रूढी र अन्धविश्वासका जालमा जेलिएका छन् भने अर्को थरी वैज्ञानिक विचारधारासँग आबद्ध छन्; एक थरी जातीय, लिङ्गीय आदि विभिन्न प्रकारका असमानताका हिमायती छन् भने अर्का थरी समानता र मानवीयताका पक्षपाती रहेका छन् ।" (गिरी, २०७२, ११२)

यसरी समाज बुझ्ने र रूपान्तरण गर्ने वैज्ञानिक एवं समुन्नत सोच नै प्रगतिशीलता हो । यथास्थिति विरुद्धको प्रयास र प्रारम्भ हो । लोकसाहित्यको लामो यात्राका विभिन्न कालखण्डमा प्रगतिशीलताले प्रवेश पाए पनि यथास्थितिवादका हिमायतीहरूले यसलाई निस्तेज पार्ने प्रयास गरिरहे ।

(घ) लोकसाहित्यमा प्रगतिवाद

सामाजिक वर्गस्वार्थमा उत्पीडित वर्गको मुक्तिका लागि सिर्जित जनभावना नै प्रगतिवादी लोकसाहित्य हो । झट्ट हेर्दा प्रगतिशीलता र प्रगतिवाद एउटैजस्तो देखिए पनि यथार्थमा फरक छ तर प्रगतिवादको सुरुआत बिन्दु प्रगतिशीलता हुन सक्छ । केवल कलाका लागि, मनोरञ्जनका लागि साहित्यजस्ता यथास्थितिवाद विरुद्ध विश्व सर्वहारा वर्गको मुक्तिका लागि द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनलाई आत्मसात गर्दै वर्गसङ्घर्ष र बल प्रयोगको सिद्धान्त स्विकारी समाज रूपान्तरणका लागि स्वदेशी एवं विदेशी प्रभुत्ववाद तथा सबैखाले संशोधनवादविरुद्ध कत्थिक वा सिर्जिन जनसाहित्य नै प्रगतिवादी लोकसाहित्य हुन् । प्रगतिवादका सम्बन्धमा चैतन्य लेख्छन्– "प्रगतिवादले मार्क्सवादी सन्दर्भचिन्तन र समाजवादी यथार्थवाद अवलम्बन गर्छ ।" (चैतन्य, २०६५, ११) परम्परागत रूपमा हेर्दा लोकस्रष्टाहरू कुनै पनि सिद्धान्तको सहारा नलिई स्वतःस्फूर्त रूपमा लोकसाहित्य सिर्जना गर्न पुग्छन् भन्ने भनाइरहेको भए पनि वास्तवमा स्रष्टालाई विचारले नै निर्देशन गर्ने भएको हुँदा सचेतपूर्वक नै लोकसिर्जना पनि हुन जान्छन् । परम्परागत सोचमा केही परिवर्तन भएको छ ।

समाजको गति सरल तरिकाले मात्र व्यतीत भएन । समाजभित्र कैयौं सङ्घर्ष, आन्दोलन, उतारचढाव, द्वन्द्व भइ नै रहे । समाज निर्माणकै क्रममा राज्य शक्तिको दैवी सिद्धान्त लगायत पुँजीवादको चरम विकास, समाजवादी सिद्धान्त, पेरिस कम्युन, रुसी, चिनियाँ जनक्रान्तिसमेतले समाजमा प्रभाव पार्दा सचेततापूर्वक प्रगतिवादी लोकसाहित्यको सिर्जना हुनु नौलो थिएन । तर परम्परागत मूल्यबोध र प्रयोगमा नयाँ आयाम भने पक्कै थियो । समाज रूपान्तरणका लागि बन्दुकको आवश्यकता औंल्याउँदै विचारले नै बन्दुक बोक्न र प्रयोग गर्न प्रेरणा दिने हुँदा यिनै विचार बोकेका लोकस्रष्टाहरूले हाँस्ताहाँस्तै मृत्यु वरण गर्ने, रुँदारुँदै हाँस्न सक्ने, दुनियाँ बदल्ने महान् यात्रामा जनताबाट लिएर जनतामै दिने लोकसाहित्यको सिर्जना नै प्रगतिवाद हो । नेपालकै सन्दर्भमा जनयुद्धमा लोकस्रष्टाहरूले, कलाकारहरूले यसको सफल प्रयोगसमेत गरेका छन् । जनयुद्धमा गठित सांस्कृतिक परिवारहरू, त्यसमा संलग्न हजारौं लोकस्रष्टाहरूले वर्गीय मुक्तिमा लोकभाकाका गीत गाउँदै पूर्वपश्चिम जोड्ने कार्य गरेको पाइन्छ । यसै सन्दर्भमा पूर्वको धाननाच पश्चिममा पुग्यो भने पश्चिमको देउडा पूर्वमा पुग्यो ।

प्रगतिवादी लोकसाहित्यले बन्दुक, मादल र लोकभाकाको मात्र संयोजन गर्दैन, यसले ग्रामीण वर्गसङ्घर्षको खाका निर्माण गर्दै सबै खाले संशोधनवाद, निराशा, कुण्ठा, पलायनजस्ता विसङ्गतिको भण्डाफोर गर्दै शोषण, विभेद, दमनका विरुद्ध जनतालाई गोलबद्ध गराउन सक्षम हुन्छ । अन्तर्राष्ट्रियतावादीको वर्ग कित्तामा उभिएका लोकस्रष्टाहरूले भियतनामी मुक्ति युद्धमा अमेरिकीहरूले गरेको बमबारीमा जनतालाई सचेत गराउँदै लोकभाकामा यस्तो गीत गाउने गरेका थिए–

खोला खोला नहिँड्नु होला,  
अम्रिकानले खसाउँछ बम गोला ।

यसरी मार्क्सवादी दर्शन अनुरूप वर्गीय मुक्ति युद्धलाई सचेततापूर्वक ग्रहण गर्दै जनताका पक्षमा सिर्जित लोकसिर्जना नै प्रगतिवादी लोकसाहित्य हो । तर यो नवीन सोचलाई लोकसाहित्यका परम्परावादी विद्वान्हरू सजिलै स्विकार्दैनन् । यसमा पर्याप्त चर्चा हुनु जरूरी छ ।

२. लोकसाहित्यको वर्गीकरण

लिखित साहित्यजस्तो लोकसाहित्यको विधागत विभाजन त्यति सजिलो नभए पनि अग्रजहरूले पछिल्लो पुस्तालाई हस्तान्तरण गरेका गीत, कथा, गाथा, उखान, टुक्का, गाउँखाने कथा नै प्रमुख विधा हुन् । यस्ता वर्गीकरणमा अग्रजहरूले लोककविता, लोकनाटकलाई पनि समावेश गरेका छन् । सजिलोका लागि निम्न अनुसार विधागत वर्गीकरण गरी लोकसाहित्यमा प्रगतिशीलताबारे खोजबिन गरिनेछ ।

(क) लोकगीत

लोकसाहित्यमा बढी प्रयोग हुने मात्र होइन, लोकगीतले जनमानसमा छिट्टै प्रभाव पार्ने हुँदा यसको प्रयोग अत्यधिक हुने गर्छ । यस प्रस्तुतिको उद्देश्य लोकसाहित्यमा प्रगतिशीलता रहेको हुँदा यथास्थितिभन्दा पृथक् वर्गीय पक्षधरता र अग्रगमनका लागि कथिएका वा सिर्जना भएका लोकगीतबारे समयसीमाका कारण सामान्य छलफल मात्र गर्ने प्रयास गरिएको छ ।

सङ्घर्षै सङ्घर्षले भरिएको समाजमा हुने र नहुने, धनी र गरिब, शोषक र शासित आदि वर्ग विभाजनले जानी नजानी सचेत वा अवचेतन रूपले भए पनि भिन्न वर्गबीचको द्वन्द्वसमेत लोकगीतबाट व्यक्त गर्न पुग्छन् । यसरी वर्ग पक्षधरतायुक्त स्थानीय गीतहरूले प्रगतिशीलताका आधारहरूको पहिचान बनाउँदै जान्छन् । प्रगतिशीलताका हिमायती लोकरचनाहरू यथास्थितिभन्दा पृथक् गाउँ समाजमा हुने अन्याय विरुद्ध र निमुखाहरूका पक्षमा सिर्जित हुन्छन्–

बाटो छ यो बण्डालको, न मात्ति धोराय ।  
वर पर हेरी हँड्यै, ठूलाका छोराय ॥  
(योगी,२०१३,५३९)जागुहालामैपोर्ले,ओदालपाटकोनेती।  
ठालुले अचाक्ली गर्दो, लाउँ कि नलाउँ खेती ॥  
जोवन गयो पौरख गल्यो, सबैले हेप्दाछन् ।  
भोको नाङ्गो देख्या पछि, सबैले चेप्दाछन् ॥  
काला लेख गहुँ पाक्न्या नाइँ, पाक्या कागराख्न्या नाइँ ।  
गाउँघरका फटाहालाई, नपिटी छाडन्या नाइँ ॥  
कसैकी वास्मती भात, कसैकी कोद्र्या नाइँ । कसैकी कम्पनी माला, कसैकी पोत्या नाइँ ॥

यी गीतमार्फत फटाहा, जाली, हुने खाने मुखियाका अन्याय विरुद्ध मनमा गुम्सिएका भावहरू व्यक्त भएका छन् ।

समाज वर्गीय रूपले मात्र नभएर तल्लो र माथिल्लो जातको विभाजले समेत आक्रान्त छ । छोइछिटो एवं जातीय विभेद विरुद्ध तन्नेरी लोकस्रष्टाहरूले लोकगीतमार्फत गरेको यो प्रयासबाट प्रगतिशीलताको सुरुआत मान्न सकिन्छ–

साठीका बगालभित्र, गाइको नाउँ छ ध्यानु ।  
साईको बाउली समाउदाउर जात भैगो स्यानु ।  
(लामिछाने, (२०६७, ४३)  
पाटनैका पल्ला छेडा, भेडाले म्याँ गऱ्यो ।  
हित्त मिल्या चित्त मिल्या, थातले क्या गऱ्यो ॥  
(देवकोटा, २०६४, २७९)

जातीय असमानताको प्रतिरोधको छनक दैलेख दुल्लु क्षेत्रमा प्रचलित राइसुवा गीतमा भेटिन्छ । जातीय वन्धनमा विवाह गर्नुभन्दा जसले माया गर्छ अर्थात् राइ सुवा (प्रेमको राजा) सँग विवाह गर्न चुनौती दिने त्यस क्षेत्रका युवतीहरूको प्रयास प्रगतिशीलताकै सुरुआत मान्न सकिन्छ । समाज पुरुष सत्तामा रूपान्तरित भएपछि कमजोर हुँदै गएको आधा धरती आफ्ना रोस गीतबाट यसरी व्यक्त गर्दछन्–

तेल त्याइँछ, कागियो त्याइँछ कोर नन्द केश ।  
दाज्यूले सम्पत्ति खानु, बैना परदेश ॥  
औल्यालैको खानु लाउनु, मार्किनको चितरा ।  
छोरो जन्म्यो घरको मालिक, छोरीलाई वितरा ॥

नेपाली हिन्दू समाजमा मनाइने तिज पर्वमा महिलाहरूमाथि हुने विविध प्रकारका विभेदका सम्बन्धमा प्रशस्तै गीतहरू सिर्जना भएका छन्–

छोरालाई स्कुलमा, छोरीलाई मेलामा  
म छोरीको आँसु खस्यो दैलोमा ॥ (गिरी, २०६६, १७९)

ए बाबा म छोरी हैन र  
भाइलाई अंश, मेरो केही छैन र ? (पोखरेल, २०७२, ४०५)

वीर भूमि नेपालका वीर हामी नारी हौं  
देशका निम्ति सहिद हुने वीर जन्माउँछौं  
पूरा गर्न सहिदको अधुरो सपना  
परिआए हामी पनि रगत बगाउँछौ । (शारदा शर्मा, कोहलपुर १०, बाँके)

आमा रुँदै गाउँ, बैंसी मेलैमा  
छोरा रुँदै गोरखपुर रेलैमा । (लक्ष्मी पोखरेल, २०७२, ४०६)

नारीलाई समाजले व्यङ्ग्य गर्दै गर्दा आफ्नो गौरवपूर्ण यात्रालाई आफैले यसरी व्यक्त गर्न पुग्छन्–

हिँड्छ्यौ रे रातिमा  
लागी छ्यौ रे कम्निस्ट पार्टीमा । (पोखरेल, २०७३, १०३)

सामाजिक रूपान्तरणमा पछाडि रहेका विभिन्न पाटाहरूमध्ये एउटा धर्म पनि हो । धर्मकै आडमा टिकेको विगतको राज्यसत्ताले मानिसको भाग्य कथित भाविनीले लेख्ने हिन्दूहरूको विश्वासलाई चुनौती र व्यङ्ग्य गर्दै लोकस्रष्टाहरूले यस्ता गीतहरू सिर्जना गरेको पाइन्छ ।

वर्षा लेख भैंसी गोठ, घाँसको पुली छ ।  
मेरो कर्मा लेख्ने बेला, भाविनी भुली छ ॥  
ससुरा भान्छामा गया, बुहारी छुइ छन् कि ।  
कोइ सुखारी कोइ दुःखारी, भगवान् दुई छन् कि ॥  
पाटन चर्न्या बाजको चल्लो, ज्यूली चर्न्या हाँस ॥  
भाग्य लेख्ने भाविनीय, तेरो सत्या नास ॥  
माउ चल्ला सुतेका सुतेइ, वन बाघिनीका ।  
हात कलम दुई होलान् कि, लेख्ने भाविनीका ॥

सहर र गाउँ, दुर्गम र सुगम जस्ता भौगोलिक असमानताले कैयौं अवसरबाट वञ्चित हुँदा क्षेत्रगत असमानताको रोस स्वरूप सिर्जित लोकगीतहरूले प्रगतिशील धारा बोकेको पाइन्छ । यिनले दुर्गम क्षेत्रका पीडा, कुण्ठा, नियति उजागार मात्र गर्दैनन् समान विकासको माग र अपेक्षासमेत गरेका पाइन्छन्–

घोडी औलइ, भेडी औलइ, हिउद महिनातिर ।  
दुर्गम गाउँको जन्म लियौ, क्याको मान्छेउ पिर ॥  
दाइ दैलेख सुबिदार, भाइ खैरेको मेट ।  
खानु, बस्नु क्यै भएन, दुर्गम ठाउँको भेट ॥  
मानवादुर भैंसीका खर्क, पिरिमवादुर दिल्ली ।  
धनीका निसाफ उल्टा मन भैगऱ्यो सिल्ली ॥  
भाग्य चेला सहरवासी, गाडी घुइँक्याउँछन् ।  
दुर्भाग्य पहाडका मान्छे, भारी चुइक्याँउँछन् ॥

एक प्रसङ्गमा दुर्गम र सुगमको असमानताबारे व्याङ्ग्य तथा मुक्तिको झन्डा उच्च राख्ने प्रण गर्दै कालीकोट मान्माका लोकगायक बिहानी विक यसरी गीत गाउँछन्–

तिमीले पायौ सहरको रमझम, जुम्लामा जुन छैन ।  
तिमी त खान्छौ पिजा र बर्गर हुम्लामा नुन छैन ।  
कर्णालीको मुक्ति झन्डा सधैं उच्च राख्नु ।  
लामो छ वर्गीय युद्ध, कोइ पनि नथाक्नु ॥

बिहान बेलुका हात मुख जोर्न धौधौ पर्ने आमनेपालीको समस्याले कामको खोजीमा बिदेसिनुपर्ने बाध्यतामा सस्तोमा श्रम बेच्न भारतका विभिन्न सहरहरूमा भौतारिइरहेका नेपालीहरूको पीडा, दुःख, दर्दबारे सिर्जना भएका गीतहरू गाउँघरमा प्रशस्तै सुन्न पाइन्छ । अब त खाडीका मरुभूमिमा श्रम बेच्ताका वेदनायुक्त गीतहरू पनि सिर्जना भइसकेका छन्–

अल्मोडा नैनीतालतिर कुल्ली गयैका छन् ।  
मन पापी रोयाका रोयइ दन्त हाँसेइका छन् ॥  
गोठालो काँ भागी गयो भैंसी वानीकन ।  
मन रुन्छ पराईका देश, माया भनीकन ॥  
बरेली रेल गाडीभित्र, गुँड चना खाँदैछु ।  
साई भन्दी हौ उँभो आइज, म उँधो जाँदै छु ॥  
बोऱ्याली बिस्तरा छुट्या, गाडी लेट भैकन ।  
रुनाले तकिया भिज्यो, सुइना भेट भैकन ॥  
हिन्दू गर्दा पूजापाठ, मुसलमानका रोजा ।  
कैलसम्म बोक्तै हिँड्न्या, कालीपारका बोजा ॥

नेपालको राजनीतिक परिवर्तन र विविध असमानताको विरोधमा लोककगीतको प्रयोग भएका धेरै उदाहरण छन् । यस्ता परिवर्तनका विभिन्न मोडमा लोकगीतले अहं भूमिका निर्वाह गरेको पाइन्छ । राजनीतिक परिवर्तनको पृष्ठभूमि र परिवर्तनपश्चात् लोकसमाजमा पर्ने असरले त्यस्ता सिर्जना हुन पुग्नु स्वाभाविकै मानिन्छ । परिवर्तनको अर्थ अग्रगमन भएको हुँदा त्यस्ता सिर्जनाले परिवर्तनको सन्देश दिने भएकाले ती गीतहरू पनि प्रगतिशील नै ठहर्छन् । जस्तो, दैलेख दुल्लु राज्य नेपालमा एकीकरण भइसकेपछि पनि दुल्लुका राजाका छोरा र गाउँलेहरूबीच भएको परिसंवादमा स्थापित लोकगीतले जनतामा निडरतापूर्वक बोल्ने आँट आएको देखिन्छ ।

राजाका छोरा– तुली ओख्लो, मुथी लोडो, पिनेउकी पिनेनौ ।  
दुल्लुको राजाको छोरो, चिनेउँकी चिनेनौ ॥  
दुलाल जनता– नरभूप शाहका पाला, धर्तीका साई भया ।  
क्या हौला राजाका छोरा, तिम्रा दिन वाई गया ॥

क्रमशः........

## राष्ट्रघातका विरुद्ध ....

कार्यक्रममा जनमोर्चा नेपालका अध्यक्ष साध्यवहादुर भण्डारी, राष्ट्रिय जनमोर्चाका रामप्रकाश पुरी, नेकपा (माले) का प्रवक्ता कुमार बेलबासे लगायतले पनि भारतसँग भएका असमान सन्धी सम्झौताको चर्को आलोचना गरेका थिए ।

कार्यक्रममा बोल्दै परराष्ट्रविद हिरण्यलाल श्रेष्ठले जनसांख्यिक अतिक्रमण, पानी अतिक्रमणलगायतबाट नेपालमाथि सुरक्षाको खतरा उत्पन्न भएको बताए ।

एक अर्को प्रसंगमा उनले भारतले सीमा क्षेत्रमा प्राकृतिक बहाबलाई रोकेर नदी थुन्दा तराईमा बाढी पहिरोले ठूलो बिनास निम्त्याएको भन्दै मधेस डुब्दा नबोल्ने नेता मधेसको नभएर लैनचौरको भएको आरोप पनि लगाए ।

जलस्रोतविद दिपक ज्ञवालीले २१ वर्षअघि भएको महाकाली सन्धी मृत अवस्थामा रहेको भन्दै प्रधानमन्त्रीले त्यसलाई अघि बढाउने सहमति गरेपनि नयाँ संसदले पारित नगरेसम्म त्यो मान्य नहुने बताए ।

यस्तै अर्का जलस्रोतविद् डा.गोपाल सिवाकोटी 'चिन्तन' ले चुनाव पैसा र गुण्डाले मात्रै जित्ने अवस्था आएको भन्दै यही राजनीतिक प्रणाली र अहिलेका पार्टीबाट देश नचल्ने ठोकुवा गरे ।

प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा कोशी उच्चबाँधजस्तो राष्ट्रघाती सम्झौता भएको भन्दै यसको खारेज गर्नुको विकल्प नभएको बताए । उनले अब सडक अन्तर्क्रिया गरेर समस्या समाधान नहुने भन्दै गैरकानुनी रुपमा बनेका बाँधहरु भत्काउन आफैं लाग्नुपर्नेमा जोड दिए ।

सीमाविद् बुद्धिनारायण श्रेष्ठले भारतले सुस्ता, कालापानी, लिपुलेक र लिम्पियाधुर ासम्म सयौं वर्गकिलोमिटर नेपाली भूमि अतिक्रमण गर्दापनि नेपाली पक्षले जोडदार रुपमा त्यसप्रति खबरदारी गर्न नसक्नु दुःखद भएको बताए ।

## पदाधिकारी चयन गर्दै सम्पन्न भयो अखिल (क्रान्तिकारी)को बैठक

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)को केन्द्रीय समितिको बैठक पदाधिकारी चयनसहित महत्वपूर्ण निर्णय गर्दै सम्पन्न भएको छ ।

०७३ माघ २३-२५ मा सम्पन्न राष्ट्रिय भेलाबाट सेवन्त राज भण्डारीलाई अध्यक्षमा चयन गरेको संगठनले लामो समयसम्म पदाधिकारी चयन गरेको थिएन । पार्टी कार्यालय बुद्धनगरमा मंगलबार सम्पन्न बैठकले उपाध्यक्षमा विष्णु नेम्वाङ र उपेन्द्र शाही, महासचिवमा राम नेपाली, सचिवहरुमा क्रमशः पेशल दाहाल, ज्ञानु खतिवडा, किरण अधिकारी थारु, ललित थापा र सुनिता बुढाथोकी, कोषाध्यक्षमा शिलु न्यौपानेलाई सर्वसम्मत चयन गरेको छ ।

त्यसैगरी बैठकले संगठनको सचिवालय सदस्यमा क्रमशः राम बहादुर महरा, अमृत चापागाईं, फडिन्द्र कार्की, रोमस श्रेष्ठ, मनकुमार न्यौपाने, महेश श्रेष्ठ, सुर्य कार्की, दिपेन्द्र लामछिाने, केपी भट्ट, ईश्वरी गुरागाईं, तिर्थ राई, किसन राई, रञ्जित शाह, भुवन सिहं धामी, प्रदिप थापा मगरलाई चयन गरेको छ ।

संगठनको नीति र अनुशासन विपरीत कार्य गरेका केन्द्रीय सदस्यहरु सुभाष विक, हरिवोल श्रेष्ठ, परेक नेपाली र वासु देवकोटालाई संगठनको साधारण सदस्य समेत नरहने गरी निस्कासनको कारबाही गरेको छ भने वासु न्यौपाने (नेपाल संस्कृत वि.), खेमराज पोखरेल (भक्तपुर) र डिल्ली वली (सल्यान)लाई केन्द्रीय समितिमा थप गरेको छ ।

आगामी फाल्गनुमा राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको अखिल क्रान्तिकारीको बैठकले प्रादेशिक संरचना अनुसार नेताहरुको कार्याविभाजन पनि गरेको छ । जस अनुसार ७ वटा भौगोलिक संरचना र १ गैरभौगोलिक (विश्वविद्यालय ' ऋत्म्ब्त प्रदेश) गरी गरिएको कार्या वभाजन अनुसार १ नं प्रदेशमा ज्ञानु खतिवडा, २ नं प्रदेशमा किरण थारु, ३ नं प्रदेशमा ललित जंग थापा, ४ नं प्रदेशमा विष्णु नेम्वाङ, ५ नं प्रदेशमा उपेन्द्र शाही, ६ नं प्रदेशमा राम नेपाली, ७ नं प्रदेशमा राम बहादुर महरा, ८ नं प्रदेश (गैरभौगोलिक)मा पेशल दाहाल संयोजक रहने गरी कार्याविभाजन गरिएको छ ।

संगठनका महासचिव राम नेपालीले दिएको जानकारी अनुसार बैठकले सरकारी सामुदायिक मा.वि. मा कक्षा ११ र १२ लाई पूर्ण निशुल्क गराउन संघर्ष गर्ने, विद्यार्थीहरुलाई स्वास्थ्य उपचारमा ५०५ छुटको लागि संघर्ष गर्ने, शुल्क वृद्धि र शैक्षिक माफियाहरु विरुद्ध प्रतिरोध संघर्ष गर्ने, प्रदेश स्तरिय शैक्षिक सुधारको लागि संघर्ष गर्ने र संगठन सुदृढीकरण तथा विस्तार अभियान संचालन गर्ने आदि निर्णय पनि गरेको छ । पछिल्लो समय शैक्षिक माफियाहरुका विरुद्ध आक्रामक बन्दै आएको यो संगठनले विध्यार्थी आन्दोलनभित्र सच्चा क्रान्तिकारी धारको नेतृत्व गर्दै आएको छ ।

सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

'वर्गबोध'

बजारमा उपलब्ध छ, आफ्नो प्रति बेलैमा सुरक्षित गरौं ।

प्रकाशन विभाग

वर्गबोध त्रैमासिक

# "सिण्डिकेटका ...

२ नं. प्रदेशको सर्लाही जिल्लाको हरिवन नगरपालिकामा देजमोको तर्फबाट मेयर पदमा उम्मेदवारी दिएका बलराम न्यौपाने भन्छन्, "मेरो चुनाव चिन्ह 'क्यामेरामा'मा मतदान गरेर मलाई निर्वाचित गरे हरिवन नगरपालिकाको बजेटलाई पारदर्शी रुपमा खर्च गरेर सुन्दर र हरियाली, विकास निर्माणले समृद्ध, एउटा नमूनायोग्य अनुकरणीय नगर बनाउने छु ।" निर्वाचनमा करोडौं खर्च गरेर, भोजभत्तेर लगाएर, धोती कुर्ता बाँडेर, मतदाताले विवेक नै गुमाउने गरी विभिन्न प्रलोभन बाँडेर निर्वाचन जितेका उम्मेदवारहरुले विकास निर्माण होइन भ्रष्टाचार र अनियमिततालाई बढवा दिने दावी गर्दै जुझारु युवा नेताको पहिचान बनाएका न्यौपानेले भने, "ठूला भनिएका राजनीतिक पार्टीहरुले निर्वाचनको प्रचारमा समेत सिण्डिकेट लादेका छन् । र, स्वेच्छाचारिता प्रदर्शन गरेका छन् । निर्वाचन आचारसंहिताको गम्भीर उलंघन गरेर जात्रामा मेला हेर्न गएको जसरी निर्वाचनको प्रचार गरिरहेका छन् । उनीहरुका अगाडि निर्वाचन आयोग निरीह सावित भएको छ ।" न्यौपानेको दावी छ, उनको उम्मेदवारी तीन दलीय सिण्डिकेटका विरुद्ध मात्रै होइन, क्रान्तिकारी शक्ति अहिले पनि जनताको घरदैलोमा नै छ भनेर स्थापित पनि गरिएको छ । उनी भन्छन्, "मुलुकमा नयाँ जनवादी क्रान्ति सम्पन्न नगरेसम्म जनताको सुदिन आउँदैन । त्यसका लागि देजमोका उम्मेदवारलाई जनताले मतदान गर्न जरुरी छ ।"

देजमोका अर्का उम्मेदवार प्रेमबहादुर भुजेल, जसले महोत्तरीको बर्दिवास नगरपालिकामा मेयर पदमा उम्मेवारी दिएका छन्, भन्छन्, "दलीय निर्वाचन चिन्ह पाएको भए हामी भद्रगोलकै बीचबाट गोल हान्ने थियौं ।" क्यामेरा चुनाव चिन्ह पाएका भुजेलले पनि समय अभावका कारण चुनाव चिन्हको मतदातासम्म प्रचार प्रसार गर्न नसकेको गुनासो गरे । संसदवादी पार्टीका उम्मेदवारहरुले सत्ता र शक्तिको दुरुपयोग गर्दै मतदाताहरुलाई प्रभावित तुल्याउन कुनै कसुर बाँकी नराखेको दावी गर्ने भूजेलले उनीहरुको स्वेच्छाचारिताको खुलेर विरोध गरे । उनले भने, "सत्ता र शक्तिमा भएकाहरुले निर्वाचन आचार संहिताको घोर उलंघन गरेका छन् तर उजुरी दिंदा समेत निर्वाचन आयोगले केही गरेन ।" जनताले देजमोका उम्मेदवार हरुलाई इमान्दार र क्रान्तिकारी ठानेको दावी गर्दै भूजेलले भने, "करोडौं खर्च गरेर चुनाव जित्न खोज्नेहरुले जिते भने यहींको स्रोत दुरुपयोग गरेर अरबौं कमाउनतिर लाग्छन् । मलाई विश्वास छ- जनताले आफ्नो खुट्टामा आफैले बन्चरो हान्ने छैनन् ।

विरगञ्ज महानगरपालिकाका मेयर पदका उम्मेदवार छोटेलाल पटेल, जसले देजमोको तर्फबाट उम्मेवारी दिएका छन्, भन्छन्, "अहिलेको प्रतिकूल परिस्थितिमा मैले उम्मेदवारी दिनु नै नैतिक रुपमा मेरो जित हो ।" तराई मधेसको औद्योगिक सहरको रुपमा चिनिने विरगञ्ज महानगरपालिकाका मतदाताहरुको मत आफ्नो पक्षमा पार्न निकै ठूलो चलखेल भइरहेको भन्दै पटेल भन्छन्, "मेरो उम्मेदवारी सिण्डिकेटवाला पार्टीहरुका लागि चुनौती हो ।" पर्सा वा विरगञ्जमा संसदवादी पार्टीहरु मात्रै छैनन्, क्रान्तिकारीहरु पनि छन्, क्रान्तिकारी माओवादी पनि छ, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल पनि छ भनेर आम जनतालाई जानकारी गराउनु र पार्टी तथा मोर्चाका एजेण्डाहरु जनताबीचमा लैजान आफूले उम्मेदवारी दिएको दावी गर्ने पटेल भन्छन्, "जसरी पनि चुनाव जित्ने खेलमा हामी छैनौं, आफ्नो मतको संरक्षण गर्दै पार्टी, मोर्चा र एजेण्डालाई स्थापित गर्नमा जोड दिएका छौं ।"

यता सप्तरीको सुरुङ्गा नगरपालिकाबाट उम्मेदवारी दिएका अछ्मीतलाल चौधरी, महोत्तरीको अरही नगरपालिकाका मेयर पदका उम्मेदवार रमेश यादव, धनुषाका मेयर पदका उम्मेदवार नन्दकुमार झा, महोत्तरीका रामगोपालपुर नगरपालिकाका मेयर पदका उम्मेदवार उपेन्द्र यादव, सिरहाको सुखिपुर नगरपालिकाका मेयर पदका उम्मेदवार चन्द्रकला पण्डित, बाराको सिम्रौनगढ नगरपालिकाका मेयरका उम्मेदवार परमानन्द साह, सर्लाहीको लालबन्दी नगरपालिकाका मेयर पदका उम्मेवार अजय श्रेष्ठलगायतका देजमोका उम्मेदवारहरुले पनि आफूहरुले संसदवादीहरुले जस्तो साम, दाम, दण्ड, भेदको प्रयोग गरेर जसरी पनि चुनाव जित्नेभन्दा पनि आफूसम्बद्ध पार्टी, मोर्चा र मुद्दालाई स्थापित गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखेर उम्मेदवारी दिएको दावी गरेका छन् । उनीहरुले भनेका छन्, "जिते जनताको सेवा, हारे क्रान्तिको तयरी ।"

१) सुरुङ्गा नगरपालिका, सप्तरी
मेयरः अच्छमितलाल चौधरी -क्यामेरा
वडा नं १ अध्यक्षः तिलक बहादुर दर्लामी मगर
वडा नं १ सदस्यः बद्री बहादुर दमाई
वडा नं १ सदस्यः उपेन्द्र निरौला
दलित महिला सदस्यः मनमाया बि.क.
वडा नं २ अध्यक्षः बानेश्वर चौधरी
वडा नं २ सदस्यः मोहन बहादुर तामाङ
वडा नं ४ अध्यक्षः सुस्मा लोहनी
वडा नं ४ महिला सदस्यः भालुनवति चौधरी
वडा नं ४ स दस्यः भगवती चौधरी
वडा नं ८ अध्यक्षः रेवति प्रसाद चौधरी
वडा नं ८ सदस्यः पल्टी देवी
२) नगराइन नगरपालिका, धनुषा
मेयरः नन्दकुमार झा -शंख
वडा नं ५ अध्यक्षः तिरपिट महरा
वडा नं ५ सदस्यः बिक्रु साह
वडा नं ५ महिला सदस्यः नैन कुमारी
वडा नं ७ अध्यक्षः रामबरण ठाकुर
वडा नं ८ अध्यक्षः सौदागर मण्डल

१) जनकपुर उपमहानगरपालिका, धनुषा
वडा नं ६ अध्यक्षः दिनेश मल्लिक डोम
३) औरही नगरपालिका, महोत्तरी
मेयरः रमेश यादव -केटाकेटी
वडा नं ५ अध्यक्षः रामचन्द्र मुखिया
वडा नं ६ अध्यक्षः इन्द्रदेव यादव
२) बर्दिवास नगरपालिका, महोत्तरी
मेयरः प्रेम ब. भुजेल -क्यामेरा
उपमेयरः नन्दलाल बि.क. -सेलरोटी
वडा नं ४ अध्यक्षः लाल बहादुर पाखिन
३) रामगोपालपुर नगरपालिका, महोत्तरी
मेयरः उपेन्द्र यादव -पङ्खा
उपमेयरः रामसोगारथ यादव -कोदालो बाकेको किसान
वडा नं ४ अध्यक्षः फेकन यादव
४) सुखिपुर नगरपालिका, सिरहा
मेयरः चन्द्रकला पण्डित -क्यामेरा
वडा नं ८ अध्यक्षः जयनारायण साह
महिला सदस्यः निर्मला चौधरी
सदस्यः त्रिलोक मुखिया
सदस्यः लुटन साह
सदस्यः बिरेन्द्र चौधरी
२) धनगढीमाई नगरपालिका, सिरहा
मेयरः शुमलाल राम -स्टकोट
३) गोलबजार नगरपालिका, सिरहा
उपमेयरः शम्भू साह -भित्ते घडी
वडा नं ३ अध्यक्षः रञ्जित लामा

५) सिम्रौनगढ नगरपालिका, बारा
मेयरः परमानन्द साह -क्यामेरा
वडा नं ६ अध्यक्षः रामजनम महतो
वडा नं ७ अध्यक्षः सिताराम चमार
५) आदर्श कोतवल गाउँपालिका, बारा
अध्यक्षः बिजय पटेल
६) हरिवन नगरपालिका, सर्लाही
मेयरः बलराम न्यौपाने -क्यामेरा
उपमेयरः दुबवाङ लामा -सेलरोटी
वडा नं १ अध्यक्षः भीम बहादुर लुङ्गेली
वडा नं १ महिला सदस्यः निर्मला विश्वकर्मा
वडा नं १ दलित महिला सदस्यः माइलीमाया लुहार
वडा नं १ सदस्यः पदम बहादुर श्रेष्ठ
वडा नं १ सदस्यः कर्मलाल घलान
वडा नं २ अध्यक्षः पुष्पकुमार डिम्डोङ
वडा नं २ महिला सदस्यः बिमलामाया लामा
वडा नं २ दलित महिला सदस्यः बिन्दाकुमारी बि.क.
वडा नं २ सदस्यः मिन बहादुर गोले
वडा नं २ सदस्यः सोम बहादुर लामा

वडा नं ४ अध्यक्षः जीत बहादुर स्याङतान
वडा नं ४ महिला सदस्यः आइतीमाया मोक्तान
वडा नं ४ सदस्यः मित्र ब. सार्की
वडा नं ४ सदस्यः इन्द्र बहादुर स्याङतान

वडा नं ५ अध्यक्षः कैलास कुमार स्याङतान
वडा नं ५ सदस्यः अजोदी महतो
वडा नं ५ सदस्यः शेख सहिद मुसलमान
वडा नं ६ अध्यक्षः अक्कल बहादुर गोले
वडा नं ६ महिला सदस्यः भुवनेश्वरी खरेल
वडा नं ६ दलित महिला सदस्यः सविता विश्वकर्मा
वडा नं ६ सदस्यः मुकुन्द प्रसाद उप्रेती
वडा नं ६ सदस्यः कृष्ण बहादुर विश्वकर्मा

वडा नं ८ अध्यक्षः मेख बहादुर विश्वकर्मा

वडा नं ९ अध्यक्षः वंशीकुमार दनुवार
वडा नं ९ महिला सदस्यः ललिता चौधरी
वडा नं ९ दलित महिला सदस्यः बिष्णुमाया विश्वकर्मा
वडा नं ९ सदस्यः भुनेश्वर दनुवार
वडा नं ९ सदस्यः बासु बलम्पाकी



वडा नं १० अध्यक्षः चित्र बहादुर बि.क.
वडा नं ११ अध्यक्षः शिब प्रसाद धिमाल

२) लालबन्दी नगरपालिका, सर्लाही
मेयरः अजय श्रेष्ठ -बेलना र चकला
३) इश्वरपुर नगरपालिका, सर्लाही
वडा नं १२ अध्यक्षः अच्युतम प्रसाद पोखरेल
४) बरहथवा नगरपालिका, सर्लाही
वडा नं ३ अध्यक्षः ठकन महतो
७) माधबनारायण नगरपालिका, रौतहट
मेयरः खड्ग साह
वडा नं ५ अध्यक्षः देव नारायण भगत
वडा नं ५ सदस्यः विनोद यादव
वडा नं ५ सदस्यः जितेन्द्र चौधरी
२) सोनमा गाउँपालिका, महोत्तरी
अध्यक्षः नागेश्वर यादव
३) पिपरा गाउँपालिका, महोत्तरी
अध्यक्षः राजेश झा
८) बीरगंज महानगरपालिका, पर्सा
मेयरः छोटेलाल पटेल -केटाकेटी
वडा नं ७ अध्यक्षः अमरेन्द्र आनन्द
२) सखुवापरसौनी गाउँपालिका, पर्सा
वडा नं ४ अध्यक्षः जुगुल प्रसाद थारु
वडा नं ६ अध्यक्षः सुधाकर सिंह

# सत्ता–राजनीतिका.....

त्यसको ज्वलन्त उदाहरणका रुपमा सुशील कोइराला नेतृत्वको सरकारमा अर्थमन्त्री रहेका डा.रामशरण महतले पञ्चायतकालीन कानुनका आधारमा कथित राजस्व फर्स्यौट गर्नु रहेको छ । त्यो आयोगका सदस्य सचिव रहेको आन्तरिक राजस्व विभागका निलम्बित महानिर्देशक चुडामणि शर्मालाई सर्वोच्च अदालतबाट बिना धरौती तारिखमा छोड्न आदेश दिनु हाँस्यास्पद मात्र होइन उदेकलाग्दो नै छ ।

देशको सत्ता राजनीतिको नेतृत्वमा पटक पटक आलोपालो गरी पुग्ने तत्वहरुले राष्ट्रघात, जनघात र भ्रष्टाचार गर्नमा कुनै कसर बाँकी राखेका छैनन् । राष्ट्रिय गौरवका भनिएका आयोजनाहरु नै कमिशन खाएर कामै गर्न नसक्ने र बदनाम भएका वैदेशिक कम्पनीहरुलाई जिम्मा लगाउने काम भएको छ । त्यसको ज्वलन्त उदाहरण स्वरुप माथिल्लो कर्णाली र बुढीगण्डकी जलविद्युत आयोजनालाई लिन सकिन्छ । चार हजार मेगावाट भन्दा बढी क्षमता भएको उपल्लो कर्णाली जलविद्युत आयोजना जम्मा ९ सय मेगावाट क्षमतामा भारतीय जीएमआर कम्पनीलाई दिइएको छ । त्यो पनि सिधै भारतीय विद्युत प्रशारण प्रणालीमा जोड्ने अनुमतिसहित । उक्त कम्पनीले अहिलेसम्म पनि आवश्यक लगानी जुटाउन सकेको छैन । त्यसैगरी १२ सय मेगावाट क्षमताको बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना पूर्व उर्जामन्त्री जनार्दन शर्माले नेपालमा नै असफल (डिफल्टर) भइसकेको चिनियाँ कम्पनी गेजुवालाई दिएर त्यो आयोजना नै नबने अवस्था सिर्जना हुन गएको छ । अहिले देशमा घटिरहेका राष्ट्रघात, जनघात र भ्रष्टाचारका जघन्य अपराधका घटनाहरुमा आम सर्वसाधारण र सचेत नागरिकहरुबाट व्यापक विरोध र भण्डाफोर हुँदा समेत नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को नेतृत्व पार्टी र भातृ संगठनहरु समेत मौनधारण गरेर बसेका छन् । यसको कारण के हो भने यस्ता गतिविधिहरुमा तिनीहरुको नीतिगत, निर्णयगत र व्यक्तिगत समेत संरक्षण, संलग्नता र अग्रसरता रहेको प्रष्टै छ । पछिल्लो समयमा नेपाली काँग्रेसले त भ्रष्टाचारमा सजाय पाइसकेका तत्वहरुलाई समेत जनप्रतिनिधि छनौट हुन पाउने खुलेआम छुट दिनुपर्छ भन्ने कानुन बनाउन जोड दिएर जग हँसाउन पुगेको छ ।


दैनिकी दुर्वाच्य... रामचन्द्र हुमागाई


# न्युरी मुन्टी 'न' गर्नैपर्ने ?

भदौ १९ गते । नेपालका लागि जे पनि आवश्यक सहयोग गर्न तयार भैरहेको देश चीनले नेपालको अवस्था प्रति मध्येनजर गर्दै भनेछ, 'विश्वास नै गर्न सकिएन कि नेपालले चीनको सिल्क रोडमा सहयोग गर्छ वा गर्दैन ।' पक्कै पनि एउटा छिमेकीले अर्को छिमेकीप्रति देखाउँनु पर्ने व्यवहार देखाउँन सकेन भने देशले त के सामान्य छिमेकीले पनि विश्वास गर्दैन । चीन नेपाल प्रति निकै न्यौछावर थियो र छ तर नेपालका शासकहरू चीन प्रति भन्दा बढी न्यौछावर भारत तर्फ देखिन्छन् । हो, नेपाल र भारतको भाषा संस्कृति, विद्या र बुद्धिमा समानता देखिन्छ, यसो भन्दैमा 'निउरिमुन्टी न' नै भएर न्यौछावर हुनु जरूरी छ ? नेपालको अवस्था भनेको दुई छिमेकी देशलाई कजाएर होइन सजाएर मान्यतामा लिनु जरुरी छ तर पदका लागि पनि दिल्ली धाउँने, थमौतीका लागि पनि दिल्ली धाउँने परम्पराको अन्त्य गर्न सकिएन भने कुनैबेला यस्तो दिन आउँने छ जुन दिनले नेपालीलाई उठ्नै नसक्ने अवस्थामा पुऱ्याउँने छ, शासकहरूले ध्यान दिंदा वेसै होला ।

भदौ २० गते । आज घोडे जात्रा । यो जात्रा रामशाहले शूरु गरेका'रे । हामीले किन मनाइरहेका छौं, कसैलाई थाहा छैन । भै गो छाडिदिउँ । तर, यही घोडेजात्राको मुखैमा आएर संसदीय व्यवस्थाले एउटा नयाँ निर्णय गऱ्यो त्यो हो 'भ्रष्टाचारीहरूले निर्वाचनमा भाग लिन नपाउँने ।' यो निर्णयले सबै भन्दा नोक्सान नेपाली काँग्रेसलाई पुगेको अनुमान लगाउँन सकिन्छ । अरु दलका नेताले भ्रष्टाचार गरे पनि कानुनी दायरामा आएका छैनन् । त्यसैले एमाले र माओवादी केन्द्रका नेताहरू घिरौंला जत्रो नाक वनाएर संसद भवनबाट बाहिरिएका थिए । सबैभन्दा राम्रो त भ्रष्टाचारीलाई कडाभन्दा कडा कार्वाही गर्ने कानुन बनायो यो संसदले भने दीर्घकालिन समस्याको समाधान हुन्थ्यो कि !

भदौ २१ गते । 'भन्नेलाई भन्दा सुन्नेलाई लाज' त्यस्तै भयो हिजो । एकाएक बिहान दशैबजे समाचार आयो, 'नेपाल प्रहरीले राजधानीको क्षेत्रपाटी वरपर पार्किङ गरिरहेको गाडिबाट ८८ किलो सुन बरामद गरेर अहिलेसम्मको नेपालको सुन तस्करीको रेकर्ड तोडेको छ' । यो ८८ किलो भनेको एक मन हो । एक मनको भारी वोक्नका लागि दुईजना वलिया मानिसको आवश्यकता पर्छ तर नेपालको सीमाना खुला भए पनि अहिलेसम्म नेपाली वा बिदेशी तस्करहरूले एक वा दुई किलो भन्दा बढी सामान लुकाएर ल्याउँने आँट गरेका छैनन् । त्यो भन्दा बढी सामान आउँनु भनेको मिलिमत्तोमा मात्रै हो । यहाँ कुरा आएको छ, 'यो सुन तस्करीमा चिनियाँ नागरिक सँलग्न भएको पाईयो' । चीनसँगको सीमानाको अवस्था कस्तो छ सबैलाई थाहा छ । यस्तो अवस्थामा पनि सरकारका सम्वन्धित निकायका कर्मचारी.जनताको आँखामा छारो हाल्न लागिपरेका छन् भने जनताले के गरे यस्ता कृयाकलापबाट डराउँछन्, त्यही गर्न जनता तम्सिनु पर्ने हो ? होइनभने समयमै नाटक मञ्चन गर्न रोक्नुपऱ्यो ।

भदौ २२ गते । काठमाडौं उपत्याकामा पश्चिम र उत्तर मोहोडा गरी बग्ने साना ठूला नदीहरूको सँख्या एक दर्जन जति छ । यस्तो प्राकृतिक सौन्दर्य र सँयोग मिलेको सहर अन्त कतै छैन । कैयन देशहरूले सहरको सौन्दर्य बढाउँन समुद्रबाट नक्कली नदी निर्माण गरेर सरहको विचोबिच बगाएका छन् । यो दृष्य देख्ने महासयहरू पनि बिमनस्थलमा आएपछि सबै विर्सन्छन् । कतिपय अधिकार नपाउँनेहरू भित्रभित्रै मुर्मुरिएर बसेको पाइन्छ । यिनै काठमाडौंका नदीहरूमा फोहोर हालिदिएर काठमाडौंका वासिन्दाले आफ्नो खुट्टामा आफैं बञ्चरो हानिरहेका छन् । व्यवस्थापनको कमजोरीका अगाडि गरुन पनि के ? यिनै नदीहरूको सफाइ अभियानमा केही वर्ष देखि केही मानिसहरूको पहलमा सकृयता जागिरहेको थियो । तैपनि यहाँका सभ्य भनिने केही मानिसहरूले लुकिछिपी नदीहरूमा फोहोर फाल्न छाडेका छैनन् । यस्ता व्यक्तिमाथि काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिकाले जरिवाना गर्न थालेको समाचार आएको छ । यो कार्य आंशिक रुपमै भए पनि प्रशंसनीय कार्य हो, यसलाई निरन्तरता दिने हो र फोहोरलाई सजिलो तरिकाले विस्थापन गर्ने प्रविधिलाई स्थायित्व दिनसक्यो भने र यो सिसडोलको दीर्घकालीन समस्या समाधान गर्न सके भने मात्रै पनि काठमाडौं, ललितपुर र भक्तपुरका नयाँ र पुराना महानगर उपमहानगर र नयाँ नगरपालिका मेयरहरूले सफलता पाउँने थिए । होइन, निर्वाचन जितेर पार्टीलाई चन्दा संकलनमा मात्रै व्यस्त रहे भने यी मेयरहरू पनि पुरानै बोतलका नयाँ रक्सी मात्रै साबित हुने छन् ।

भदौ २३ गते । पहिलो स्थानीय तहको निर्वाचन सकिएको र निर्वाचित पदाधिकारीहरुले कार्यभार सम्हालेको पनि तीन महिना नाघ्यो । यी तीन महिनामा के के काम भए भनेर औंला भाँच्ने कामसम्म पनि नभएको मतदाताहरू वताउँछन् । नयाँ निर्वाचित कार्यकर्ताले नियमावली विना कसरी काम गरुन् । अहिलेसम्म स्थानीय निकायले नियमावली पाएको छैन । संसद्मा प्रतिनिधित्व गरेका केही ठूला भनिने पार्टीलाई यत्तिवेला लागेको छ, संविधानमा हामीले गल्ती गऱ्यौं, त्यसैले त संविधान अनुसार स्यानीय तहको विध्येयक पास गर्न सक्तैनौं । यो त भयो राजनीतिक समस्या । कर्मचारीको समस्या आफ्नै ठाउँमा छ । कुनैपनि हालतमा निजामति कर्मचारी स्थानीय तहलाई अधिकार दिने पक्षमा छैनन् । उनीहरू स्थानीय तहमा हालिमुहाली गर्न चाहन्छन् । तलवभत्ता बाहेक अतिरिक्त आम्दानी हुने ठाउँ मध्येको एक हो स्थानीय निकाय । मौरीले धेरै रस आउँने तोरीको फूलको बगैंचा कहाँ छोड्न चाहन्छ र ?

भदौ २४ गते । हिजो संसदमा कोरम पुगेन भन्ने निकै ठूलो समाचार बन्यो र मलाई लाग्यो, राम्रै भयो । संसदीय संसदमा यस्तै हुन्छ । जनतासँग भोट माग्ने वेलामा अनेक सपना बाँड्नु र निर्वाचन जितेपछि जनताको आँगनसम्म पनि नजानु संसदीय व्यवस्थाको विशेषता नै हो । हिजो सदनमा निकै महत्वपूर्ण विधयेकहरु थिए । ती विधयेक पास हुँदा एकखाले जनताको जीवनस्तर उक्सने तगाराहरु खुल्ने थिए तर त्यो हुन सकेन । किन सकेन यसको उत्तर अर्कैखालको छ । अहिले ती जनतालाई झुक्याएर, फकाएर भोज र भतेर ख्वाएर सांसद बनेकाहरुको दिन गन्ती शुरु भैसकेको छ । आजका मितिले तीन महिना पनि समयावधी नभएकाले खइपाइ आएको ठाउँबाट उठ्तीपुठ्थी गर्नैपऱ्यो । सकिन्छ भने आगामी निर्वाचनका लागि टिकट हात पार्नैपऱ्यो । भूपू भैसकेपछि कसरी सरकारी तलवभत्ता खाने हो त्यसको पनि सोच बनाउँनैपऱ्यो । यस्ता अनेक प्रश्नले सांसदहरुलाई पिरोल्नसम्म पिरोल्छ । त्यसैले त्यता भौंतारिनु कि सदनमा आएर हाइहाइ गर्नु, परेन फसाद । सबैभन्दा महत्वपूर्ण विध्येयक इच्छापत्रको थियो । यो इच्छापत्रको विधयेक पास भैदिएको भए आधाउँधि समस्या आफैं समाधान हुने थिए । अब त्यो दिन आउँछ वा आउँदैन । मुस्किल नै छ ।

भदौ २५ गते । नेपालमा डलरका किसानले गर्नु गरे । अलिकति जनताका लागि केही गर्न खोज्यो कि डलरको छेस्किन तेर्सिहाल्छ । गणतन्त्र आएपछि त झन् सजिलो भएको छ । यतिवेला तीन पार्टीका तीन महिलाको निकै वर्चश्व चलेको छ । शेरनी जस्ती आरजु देउवा, कुटनीतिक पाराकी राष्ट्रपति विद्यादेवी भण्डारी र रोल्पाली गरीव समुदायकी ओनसरी घर्ती । यी तीन महिलाले इच्छापत्र विधयेक रोक्न निकै ठूलो लविङ गरेछन् । कारण के रे भने बल्लबल्ल छोरीले अंश पाउँने अवस्था बनेका वेला आमाबाबुले मृत्युपरान्त आफूले इच्छाएको सन्तानलाई सम्पत्ति दिन पाउँने अधिकार हुनै सक्तैन । हेरौं कति स्वार्थी रहेछ त समाज । आफ्ना आमाबाबुको काज किरिया उनीहरुको इच्छा अनुसार हुनुपर्ने र जुन छोरा वा छोरीले ध्यान दिएर सेवा गर्यो उसैले सम्पत्ति पाउँने कति राम्रो कानुन बन्न लागेको थियो । आरजु त सामन्ती संस्कार कै भइन, उनले यसको विरोध गर्नु अस्वाभाविक होइन तर विद्या र ओनसरीलाई किन समाज सुधारको विपक्षमा उत्रनु परेको हो ? बुझ्नै सकिएन । यो विधेयक कानुनका रुपमा आयो भने भ्रष्टाचार घट्छ, राजनीतिमा वा सरकारी सेवामा कार्यरत महानुभावहरु पैत्रिक सम्पत्ति जुटाउँन लाग्दैनन् यो भन्दा पनि महत्वपूर्ण भनेको छोरा वा छोरी सबैले आमाबाबुको सेवा राम्रोसँग गर्छन् । त्यसैले समाजमा आमूल परिवर्तन आउन्छ । किन यत्ति स्पष्ट कुरामा चियोचर्चो ?

.........र अन्त्यमा........ हुचरा

शुभकामना
विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण सेवाग्राही वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. सुरेन्द्र लिम्बु (९८५२०४७१८८)
श्री कृष्ण काष्ठ खरिद तथा विक्री
धरान-१

शुभकामना
विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश-विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण चालक, यात्रुवर्ग तथा सेवाग्राही वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : जि. बि. खड्का (९८४२५२४००५)
संयुक्त परिवहन व्यवसायी समिति
धरान-१६, नेपाल विद्युत प्राधिकरण लाइन

# आलोपालो

## मधेशमा चुनाव : 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात्'



● कृष्ण देव सिंह दनुवार ●

बाढी, कटान र डुवानका कारण हजारौं मधेसी जनता आफ्नो थातथलोबाट विस्थापित हुन पुगेका बेला कांग्रेस-माके गठबन्धन सरकारले आयोजना गरेको तेस्रो चरणको स्थानीयत तहको चुनाव सिंगो मधेस र मधेसी जनताको लागि 'बेल पाक्यो, कागलाई हर्ष न विस्मात' जस्तै भएको छ । सत्ता पक्ष र प्रतिपक्षका नेताहरुले चुनावको नाममा चुनावमा करोडौं खर्च गरिरहेका छन् । तर घरबारविहीन जनताहरु भोक भोकै बस्न बाध्य भएका छन् । राष्ट्रिय र क्षेत्रीय पार्टी र तिनका नेताहरुबाट पटक पटक धोका खान पुगेका मधेसका जनताहरुलाई तिनीहरु 'जुन जोगी आए पनि कानै चिरेका' सावित भएका छन् । २० वर्षपछि गर्न लागिएको यो चुनावमा संसदवादीहरुले जतिसुकै हल्ला गरेपनि जनतामा कुनै उत्साह देखिएको छैन । वर्षेनी बाढी, कडान र डुवानको मारमा पर्दै आएका मधेसी जनतालाई संसदवादी पार्टीहरुलाई जिताएर आफूले भोग्नुपरेका समस्याबाट मुक्ति मिल्ने सम्भावना देखेका छैनन् ।

चुनावको मुखमा विकास निर्माण र जनताका समस्या समाधानमा अनगिन्ती आश्वासन बाँड्ने नेताहरुले यसपटक डुवानका कारण हुने वर्षेनी हजारौं परिवारको विस्थापनको पीडाको दीर्घकालीन समाधान निकाल्ने खालका कुनै एजेण्डा उनीहरुले अगाडि सारेको देखिएन । किन कि, डुवानको समस्याको मुख्य दोषी भारतीय विस्तारवाद हो । उसले सिमानामा एकतर्फी रुपमा बाँध बाँधेको र सिमासम्बन्धी अन्तर्राष्ट्रिय कानुनको गम्भीर उलंघन गर्दै सिमामा पक्कि सडक निर्माण गरेको छ । त्यसैका कारण नदीको प्राकृतिक बहाव अबरुद्ध हुँदा मधेस डुवानमा पर्दै आएको छ । यो समस्यालाई अहिलेका सत्तापक्ष, प्रतिपक्ष वा राजपा, राप्रपा कसैले पनि आफ्नो चुनावी एजेण्डा बनाउँदैनन् । किन कि उनीहरु भारतीय विस्तारवादका दलाल हुन्, उसैको दलालीमा यिनीहरुको राजनीतिक तथा सत्ता स्वार्थको भविष्य निर्भर रहँदै आएको छ । उनीहरु अहिले पनि भारतको चाकडीमै व्यस्त छन् । उनीहरुबाट डुवानको समस्याको समाधान हुन्छ र गर्छन् भन्ने कल्पना सम्म पनि गर्न सकिन्न ।

राजनीतिक रुपमा सचेत जनतालाई थाहा छ- सत्ता वर्गीय हुन्छ र छ । वर्तमान सत्ता वा व्यवस्था नोकरशाही दलाल पुँजीवादमा आधारित संसदीय व्यवस्था हो । यही व्यवस्था अन्तर्गत गरिने कुनै पनि निर्वाचनले जनताको समस्या समाधान गर्न सक्तैन । बहुसंख्यक शोषित-पीडित, गरीब, किसान, जनजाति, महिला, दलित र मधेसीहरुको समस्या समाधान यस्तो निर्वाचनबाट सम्भव छैन, हुँदैन । किनकि यो व्यवस्था खटेर खाने वर्गको विपक्षमा र शोषण र कमिसन खानेहरुको पक्षमा भएको हुनाले यो व्यवस्था अन्तर्गत हुने कुनै पनि चुनावले जनताहरुको समस्या समाधान गर्न सक्दैन । यो निर्वाचनले गर्ने भनेको सिंहदरबारमा हुने तथा गरिने भ्रष्टाचार गाउँ तहसम्म विस्तारित हुने मात्र हो ।

मधेशमा होस वा पहाडमा वा संसारको कुनै ठाउँमा यो संसदीय व्यवस्थाबाट गरीब, किसान, मजदुर, महिला, मधेशी, आदिवासी, जनजाति वा उत्पीडित जातिहरुको समस्या समाधान हुनै सक्दैन । किन कि यो संसदीय व्यवस्थाले माथि उल्लेखित जात जाति वा वर्ग समुदायलाई ठग्ने, लुट्ने र केही सीमित नोकरशाह दलाल, पुँजीपतिलाई मात्र अझ बढी धनी बनाउने नीति लिएको हुन्छ । यो संसदीय व्यवस्थाबाट उत्पीडित वर्गको समस्या हल हुने सोच्नु भनेको 'गोरुले दुध दिन्छ' भने जस्तै हो । तसर्थ, माथि उल्लेखित जनसमुदायहरुले पनि त्यो संसदीय चुनावबाट होइन सर्वहारा वर्गको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद हुँदै साम्यवादमा पुग्ने नीति लिने पार्टीको पहिचान गर्न जरुरी छ । त्यो पार्टी भनेको नेकपा (क्रान्तिकारी माओवादी) र उसको राजनीतिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नै हो ।

हामीलाई थाहा छ- मधेशी जनताहरु पहाडीया अहंकारवाद, भारतीय विस्तारवाद र स्थानीय शोसक, सामन्तवादबाट पीडित छन् । यसबाट मुक्ति पाउनको लागि 'उत्पीडितहरु' सही मालेमावादी संगठनमा संगठित हुनु पर्दछ । आफूलाई शोषण उत्पीडन गर्नेहरुको विरुद्ध नयाँ जनवादी क्रान्तिको महान अभियानमा लामबद्ध हुनु पर्दछ । वर्ग शत्रु र वर्ग मित्र को हो भन्ने छुट्याउन सक्नु पर्दछ । आफ्नो वर्गको सुरक्षाको लागि तीन जादुगरी हतियारमाथि भर परेर अगाडि बढियो भने मात्र उत्पीडितहरुको वास्तविक मुक्ति सम्भव हुन्छ ।

आम उत्पीडित जनसमुदायलाई यही यथार्थको बोध गराउने र संगठन र संघर्षको आधार तयार पार्ने उद्देश्य राखेर नै नेकपा (क्रान्तिकारी माओवादी)को राजनीतिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले संसदीय व्यवस्था अन्तर्गतको यो निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएको छ । र, पहिलो र दोस्रो जस्तै तेस्रो चरण अन्तर्गत हुन गइरहेको मधेसका ८ जिल्लामा पनि देजमोका नेता कार्यकर्ताहरुले पनि उम्मेदवारी दिएका छन् ।

सत्ता पक्ष र विपक्ष अर्थात् मुलुकका ठूला भनाउदा तीन दलहरुले अहिले निरंकुशता लादेका छन् र अरु दललाई एक हिसाबले प्रतिबन्ध लगाउने निर्वाचन कानुन बनाएका छन् । क्रान्तिकारी माओवादी र देजमोले यसको कडा शब्दमा विरोध गरिसकेको छ र गरिरहेको छ । हामी अहिले उनीहरुले देशप्रति गरेको गद्दारी र भ्रष्टाचारको भण्डाफोर गरिरहेका छौं । साम, दाम दण्ड र भेद गरी चुनाव जित्ने उनीहरुको शैलीको हामीले विरोध गरिरहेका छौं । हामीले जनतालाई भनिरहेका छौं कि अन्य राजनीतिक पार्टीहरु र देजमोले चुनावमा भाग लिनुमा आकाश जमिनको फरक छ । अरु पार्टीहरुले यो प्रतिक्रियावादी व्यवस्थालाई मजबुत पार्नको लागि भाग लिएका छन् भने देजमोले यो व्यवस्था ठिक छैन भनेर भण्डाफोर गर्न भाग लिइरहेको छ । अरु पार्टीहरुले मेहनतकश जनताहरुलाई शोषण गर्न, दलाल र नोकरशाही पुँजीपतिलाई संरक्षण गर्न चुनावमा भाग लिएका छन् भने त्यसको उल्टो दलाल पुँजीपति वर्गको विरुद्धमा र मेहनतकश जनतालाई कसरी अधिकार सम्पन्न बनाउन सकिन्छ भने बारेमा देजमो अगाडि बढ्न चुनावको उपयोग गरेको हो । तसर्थ, अन्य संसदवादी पार्टी जस्तै देजमोले चुनावमा भाग लिँदा क्रान्तिकारी माओवादी पार्टी पनि संसदीय भासमा गएको भन्नुको कुनै तुक छैन । किनकी अरु पार्टीहरुले यही संसदीय व्यवस्था ठिक हो, यस व्यवस्थालाई मलजल हालेर समृद्ध बनाउने पक्षमा छन् भने क्रान्तिकारी माओवादी यो व्यवस्थलाई आमूल नष्ट गरी नयाँ जनवादी व्यवस्था स्थापित गर्न चाहन्छ ।

अहिले हामी संसदीय व्यवस्थाका दलालहरुले यही व्यवस्थाबाटै सबै जनताको वास्तविकता मुक्ति हुन्छ भन्ने झुठो भ्रमलाई चिर्न केही हदसम्म सफल भएका छौं । संसदीय व्यवस्था भनेको उत्पीडित जाति, उत्पीडित वर्ग र समुदायलाई ठग्ने व्यवस्था हो, जनताको वास्तविक मुक्ति यो संसदीय व्यवस्थाबाट हुँदैन । किनकी यो व्यवस्थाले देश बेच्ने, अर्बौं भ्रष्टाचार गर्ने, करोडौं कमिशन खाने भ्रष्टहरुको पक्षपोषण गर्ने भएको हुनाले उत्पीडित जातिहरुको वास्तविक मुक्ति यो संसदीय व्यवस्थालाई ध्वस्त गरेर त्यसको ठाउँमा मजदुर, किसानलगायत उत्पीडित जातिहरुको पहिचानमा आधारित नयाँ जनवादी व्यवस्थाबाट मात्र सम्भव छ । यो विषयमा बहुसंख्यक मधेशी, जनजाति, महिला, मुस्लिम लगायतका उत्पीडित समुदायहरु स्पष्ट हुँदै गएका छन् र उनीहरु विस्तारै हाम्रो पार्टी र मोर्चामा गोलबन्द हुँदै जानेछन् ।

*(लेखक : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय सचिवालय सदस्य तथा २ नं. प्रदेश संयोजक हुनुहुन्छ ।)*

## सत्ता-राजनीतिका.....

भूमिका र जिम्मेवारी अन्य आयोगहरुको भन्दा फरक र विशेष प्रकारको छ । त्यसको मुख्य कार्य भनेको राज्य र सार्वजनिक जिम्मेवारी र पदमा बसेका व्यक्तिहरुद्वारा संविधान र कानुनप्रदत्त अधिकारहरुको दुरुपयोग गरि कामकारबाही गरेमा त्यस्ता व्यक्तिहरुलाई कानुनी कारवाहीको दायरामा लिएर देशमा भ्रष्टचारजन्य क्रियाकलापको नियन्त्रण र न्युनिकरण गरि सुशासनको प्रत्याभूतिमा महत्वपूर्ण योगदान पुऱ्याउनु हो । तर देशमा राजतन्त्रको अन्त्य भएर गणतन्त्रको स्थापना भएपछि लोकसेवाको परीक्षा नै पास नगरी तत्कालीन राजा ज्ञानेन्द्रको निरंकुश हुकुमी शासनका समयमा सरकारको मुख्य सचिव भई प्रतिगामी भूमिका खेलेको लोकमानसिंह कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा नियुक्त गरियो । उनको नियुक्ति माकेका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) को सक्रिय प्रस्ताव र तत्कालीन नेका सभापति सशील कोइराला र एमाले अध्यक्ष झलनाथ खनालको सक्रिय समर्थनमा भएको थियो । उनीहरुको त्यसप्रकारको कार्य निर्लज्जाताको हद थियो । तर लोकमानको नियुक्तिमा प्रस्तावक र समर्थकहरुको निहित स्वार्थ रहेकाले त्यो कार्यका विरुद्धमा व्यापक विरोध र आलोचनाका वाबजुद पनि उनीहरु त्यसबाट पछि हट्न चाहेनन् र हटेनन् । कालान्तरमा लोकमान र उनलाई नियुक्त गर्नेहरुका बिचमा स्वार्थ बाझन गएकाले उनका विरुद्धमा कथित महाभियोग लगाउने नौटङ्की गरिएता पनि त्यसलाई टुङ्गोमा पुऱ्याउने आट र साहस गर्ने काम भएन । सर्वोच्च अदालतको निर्णयका कारण लोकमानको पदको अवसान भयो ।

सत्ता-राजनीतिको नेतृत्वमा रहेका तत्वहरुले आफ्नो कुत्सित स्वार्थपूर्तिका लागि जुनसुकैहरु पनि नाघ्न र उल्लंघन गर्न पनि पछि नपर्ने प्रवृत्ति जबरजस्त हुँदै गएको छ र भएको छ । त्यसको ज्वलन्त उदाहरणका रुपमा नेपाल प्रहरीको आईजीपी नियुक्तिको प्रकरण हुँदै अगाडि बढेर पूर्व प्रधानन्यायाधीश सुशीला कार्की विरुद्धको महाभियोगलाई लिन सकिन्छ । आइजीपी हुने दौडमा आफूलाई वरिष्ठ दावी गरेका डीआईजी नवराज सिलवालको मुद्धामा कार्की सकारात्मक भएको भन्ने अनुमानमा नेका र माके खासगरेर शेरबहादुर देउवा र प्रचण्डको निर्णय र पहलकदमीमा हठात एवं हाँस्यास्पद ढंगले महाभियोग ल्याइएको थियो । पछि गएर महाभियोगको सर्वत्र विरोध भएको र देउवा प्रचण्डका लागि 'सर्प पनि मर्ने लाठी पनि नभाचिने' अवस्था सृजना हुन गएपछि त्यसलाई फिर्ता गरियो । त्यसबाट के प्रमाणित भएको छ भने आफूलाई देश र राज्यको सत्ता-राजनीतिको बागडोर नियन्त्रणमा राखेको सम्झने तत्वहरुले कति हदसम्मको उट्पटयाङ र उरण्ठेउलो ढंगले नौटङ्की मञ्चन गर्न रुचाउँछन भन्ने प्रष्टयाउँछ । नेपाली कांग्रेसले आफूलाई 'प्रजातान्त्रिक समाजवादी' भन्ने गरेको छ भने नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले आफूलाई 'साम्यवादी' दाबी गर्ने गरेका छन् । यिनीहरु कै मिलेमतोमा जारी गरिएको संविधानमा 'समाजवाद प्रति प्रतिवद्ध' रहने समेत बताइएको छ । तर शिक्षा र स्वास्थ्य जस्तो नितान्त जनसरोकारको विषय हो र ती विषयलाई राज्यको दायित्वमा पारेर कार्यान्वयन गर्नु पर्नेमा त्यस क्षेत्रमा दलाल र माफियाहरुसँग मिलेर व्यापकरुपमा निजीकरणमा लागि परेका छन् । त्यस कार्यमा उनीहरुले लगानीकर्ताको भूमिका निभाएर कानुन समेत आफ्नो स्वार्थ अनुसार निर्माण गर्न कम्मर कसेर लागेका छन् । देशमा सार्वजनिक संस्थानहरुलाई कौडीको मूल्यमा बेच्ने कामको नेतृत्व नेकाले गरेको थियो भने पछि एमाले त्यही नेकाको नीतिलाई अगाडि बढायो । यसरी एकातिर कमिशन खाएर सार्वजनिक संस्थानहरुलाई सखाप पार्ने काम भयो भने अर्कोतिर त्यसैगरि कथित शिक्षण संस्था र अस्पतालहरु संचालन गर्न दिईएको छ । त्यसको ज्वलन्त उदाहरणको रुपमा नेशनल मेडिकल कलेजलाई लिन सकिन्छ । त्यसको उद्घाटन पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरेका थिए भने अनुमति पत्र प्रधानमन्त्री शेरबहादुर देउवा र त्रिविका उपकुलपति तीर्थ खनियाँको विशेष पहलमा दिइएको थियो जसलाई वौद्धिक चोरीको गम्भीर आरोप लागिरहेको छ । त्यो कार्यको व्यापक भण्डाफोर र विरोध भएपछि ती तत्वहरु उक्त कलेजको अनुमति पत्र खारेज गर्न बाध्य भएका छन् ।

अहिले सम्पूर्ण नेपाली जनतालाई इन्धन (पेट्रोलियम पदार्थ) आपूर्तिको जिम्मा लिएर एकाधिकार चलाउन पाइरहेका सरकारी संस्थान, नेपाल आयल निगमले देशका विभिन्न स्थानहरुमा इन्धन भण्डारण गर्नका लागि भनेर चलन चल्तीको भन्दा धेरै गुणा बढी मूल्य तिरेको देखाएर राज्यकोषको दोहन गरेको विषय प्रमाण सहित सार्वजनिक भएको छ । त्यसको प्रत्यक्ष योजनाकार निगमका कार्यकारी निर्देशक गोपालबहादुर खड्का देखिएका छन भने त्यसमा तत्कालीन आपूर्तिमन्त्री दिपक बोहरा प्रत्यक्ष निर्देशन रहेको सार्वजनिक भएको छ । उनले ति स्थानहरुमा स्थलगत भ्रमण समेत गरेको समाचार आएको छ । व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिले समेत आयल निगमको जग्गा खरिद मामलामा भ्रष्टचार भएको किटान गरेर त्यसमा संलग्न जिम्मेवार व्यक्तिहरुलाई कारवाही गर्न निर्देशन दिएको छ । तर सम्बन्धित मन्त्रालय र अख्तियार दुरुपयोग निवारण आयोगले त्यसतर्फ कुनै पहलकदमी नलिएर आनन्दपूर्कक बसेका छन् ।

नेपालमा हालसम्म प्रस्तुत हुँदै आएको वार्षिक बजेटहरु नक्कली (फेक बजेट) हुन । ति बजेटहरुमा विकास खर्च भन्दा साधारण (चालु) खर्च मात्रा बढी रहेको हुन्छ । त्यतिमात्र होइन देशको समग्र राजश्व उठ्तीबाट साधारण खर्चसम्म धान्न पुग्दैन । तर सत्ता राजनीतिको नेतृत्वमा बसेकाहरुले राज्यले उठाउनु पर्ने कर समेत उठाउन आवश्यक मात्र ठान्दैनन बरु माफि मिनाहा नै गर्न तर्फ रुची राख्दै अग्रसर हुन्छन् ।

बाँकी ७ पेजमा

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**वडा अध्यक्ष**
**श्रीप्रसाद सुब्बा**
धरान उपमहानगरपालिका वडा नं १०

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष**
रत्न कटुवाल

**सदस्यहरू**
सविना शाक्य
रिचा शंकर
मनोज कुमार राउत
शरद रत्न पार्थिव

तथा
**सम्पूर्ण ९ वडा परिवार**
धरान उपमहानगरपालिका

**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**काठमाण्डौ उपत्यका विकास प्राधिकरण**
तिनकुने, काठमाण्डौ फोन नंः ०१-४११७५५६

"काठमाण्डौ उपत्यका भित्रका नदी/खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायका खोलाको नापीको नक्शाबाट कायम रहेको छेउबाट दाँयाबाँया देहायको दुरी छोडी निर्माण गर्न पाइने व्यहोरा नेपाल सरकार (मं.प.)को मिति २०६५/८/१को निर्णयानुसार सर्वसाधरणमा जानकारी गराइएको छ ।"
- वागमती, विष्णुमती, मनहरा खोलामा २० मीटर
- धोवीखोलाको हकमा धोवीखोला आयोजनामा भएको स्थानमा प्रोजेक्टरको प्लानिङ अनुसारको दुरी र प्लानिङ बाहेकको स्थानमा - ९ मीटर
- नख्खु खोलामा - १२ मीटर
- बल्खु, कर्मनासा, कोइकु, साङ्ले र महादेव खोलामा - १० मीटर
- करखुसी खोलामा - ६ मीटर
- टुकुचा, सामाखुसी र उपत्यकामा बग्ने अन्य खोलामा ४ मीटर र कुनै पनि खोला, खोल्छी र राजकुलो छोप्न पाइने छैन ।
- हनुमन्ते खोला बग्ने क्षेत्रमा नगरोन्मुख गा.वि.सहरूमा समेत खोलाको किनाराबाट - २० मीटर छाडी निर्माण गर्न पाइने ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाई, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।